# अध्याय - पाँच

# चिडिमार जातिको इतिहास, सामाजिक र शैक्षिक अवस्था

## ५.१ चिडिमार जातिको ऐतिहासिक विकास र बसोबास क्षेत्र

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूमध्ये चिडिमार तराईका दलित समुदायमध्येको एक जाति हो । चरा मारेर जीविका चलाउने भएका कारण यस जातिलाई 'चिडिमार' भनिएको हो । यो एउटा व्यवसायिक जाति हो । यस जातिको ऐतिहासिक आधारलाई विभिन्न खण्डमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ५.१.१ चिडिमार जातिको उत्पत्ति

विविधतायुक्त भौगोलिक धरातलीय स्वरूप भएका कारण नेपालमा प्राचीनकालदेखि नै विभिन्न ठाउँबाट मानिसहरू आएर बसोबास गरेका थिए । खास गरी निकटका छिमेकी मुलुकहरूमा विभिन्न युद्धहरू, बिद्रोहहरू तथा कुनै दैवी घटना घटेका बेला मानिसहरूले नेपालमा शरण लिएको प्राचीनकालदेखिकै इतिहास छ (गेज, २००९ ई., पृ. ६१-६२) । प्राचीनकालमा भारतको वैशाली तथा कुशीनगर राज्यहरूमा मगध राज्यका राजा अजातशत्रुले आक्रमण गरेपछि क्रमशः लिच्छवि र मल्लहरूले नेपालमा शरण लिएका थिए । त्यसपछि मध्यकालमा मुस्लिम आक्रमण हुँदा र आधुनिककालमा भारतमा अङ्ग्रेज साम्राज्यका बिरूद्ध भएका आन्दोलनका बेला धेरै मानिसहरू नेपाल पसेका थिए । भारतमा खासगरी वि.सं.१९१४ को सिपाही विद्रोह, सन्थाल विद्रोह (१९१२-१३ वि.सं.), नील विद्रोह (१९१६-१७ वि.सं.), पूर्वीबंगालको किसान विद्रोह (१९२९-३३ वि.सं.), चम्पारनको सत्याग्रह (१९१४ वि.सं.) आदि भारतीय स्वतन्त्रता सङ्ग्रामका क्रममा भएका विद्रोहरू थिए (महाजन, १९९३ ई., पृ. ७७८-८३) । त्यो समयमा अङ्ग्रेज सरकारको दमन सहन नसकेर धेरै भारतीयहरू सुरक्षित ठाउँको खोजीगर्दै नेपाल पसेका थिए । त्यतिवेला नेपालको तराईमा पातलो बस्ती र घना जङ्गलले ढाकिएका कारण त्यो ठाउँ निकै सुरक्षित रहेको मानिन्थ्यो ।

वर्तमान नेपालको तराई क्षेत्र र राज्यका अन्य विभिन्न क्षेत्रहरूमा समेत बसोबास गर्दैआएका धेरै जातजातिका मानिसहरू यस्तै घटनाहरूका कारण भारतबाट बसाइँ सरेर आएका थिए । त्यसरी

बसाइँ सरेका जातिहरूमध्ये चिडिमार जातिका मानिसहरू पनि एक थिए । नेपालको तराई क्षेत्र खास गरी बाँके जिल्लामा चिडिमार जातिका मानिसरू आजभन्दा १५० देखि २०० वर्ष अगडितिर भारतबाट बसाइँ सरेर आएर बसेका थिए (चौलागाई, २०६३ वि.सं., पृ. ६) । अन्य केही लेखकहरूले पनि यो कुरालाई समर्थन गरेका छन् (गौतम र थापा मगर, १९९४ ई., पृ. १२१) । नेपालमा आउनुभन्दा अगाडि चिडिमार जातिका मानिसहरू भारतको बहराइच जिल्ला र त्यस आसपासका क्षेत्रहरूमा फैलिएर रहेका थिए ।

वर्तमान भारतमा बसोबास गर्दैआएका धेरै जातजातिका मानिसहरूको सम्बन्ध इतिहासपूर्वका गण जातिहरूसँग पनि रहेको पाइन्छ । वैदिक ग्रन्थहरूमा पनि यसका सङ्केतहरू पाइन्छन् (नेहरू, १९८८ ई., पृ. ७०-७५) । अहिले नेपालमा रहेका केही जातजातिहरूको सम्बन्ध पनि तिनै प्राचीन गण जातिहरूसँग रहेको देखिन्छ । प्राचीनकालका गणजातिहरूमध्ये 'शिवगण' बहुचर्चित गण जाति थिए । त्यस शिवगणमा भूत, प्रेत, पिशाच, यक्ष, गन्धर्व, किन्नर, किंपुरूष, मयूर, भूषिक, नाग, सिद्ध आदि गणहरू सम्मिलित थिए । तिनीहरूमध्ये अनेकौं गणहरूको वर्तमानका जातिहरूसँग समिकरण रहेको पाइन्छ (प्रश्रित, २०५७ वि.सं., पृ. ११) । पिशाच जातिबाट बनेको 'पैशाची' शब्द प्राकृत छ र नेपाली भाषाको उद्गममा यसको पनि हात रहेको मानिन्छ । वर्तमान नेपालभित्र रहेका कतिपय जातिहरूको ती प्राचीन गणका नामहरूसँग सम्बन्ध रहेको देखिन्छ । त्यसरी समिकरण गरिएका जातिहरूमध्ये यक्ष नामका गणहरू अहिलेका 'किराँतहरू', गन्धर्व नामका गणहरू अहिलेका 'गाइने' जातिहरू, नाग नामका गणहरू अहिलेका 'मगरहरू' र भारतमा रहेका 'नाग' जातिकै मानिसहरू, 'किन्नर' नामका गणहरू अहिले पनि भारतको सतलजको माथिल्लो भागमा बस्दछन् । जसलाई अहिले पनि 'किन्नर भूमि' नै भनिन्छ (प्रश्रित, २०५७ वि.सं., पृ. ११) । त्यस किन्नर भूमिका बासिन्दाहरू 'भूषक' वा 'भूषिकहरू' अहिले भारत र नेपालको तराई क्षेत्रमा समेत बसोबास गर्दै आएका 'मुसहर' हुन् भने वर्तमान नेपालको तराई क्षेत्रमा रहेका कुशवदिया र चिडिमार जातिका मानिसहरू प्राचीन 'पिशाच' गणका सन्तानहरू मानिदै आएकाछन् (प्रश्रित, २०५७ वि.सं., पृ. ११) । यसरी चिडिमार जातिको सम्बन्ध पनि प्राचीन भारतीय गण जातिसँग जोडिएको देखिन्छ ।

भारतमा आर्यहरूको आगमन हुनुभन्दा अगाडि भारतीय उपमहाद्विप भरी आष्ट्रिक मूलका मानिसहरूको बस्ती रहेको थियो (प्रश्रित, २०५७ वि.सं., पृ. १८) । तिनीहरू एसियाका मूल बासिन्दा मंगोल, किराँत समुदायसँग घुलमिल हुँदा त्यसबाट द्रविड प्रजाति अस्तित्वमा आएको मानिन्छ । प्राचीन सिन्धु घाँटिको सभ्यता तिनै आष्ट्रिक र द्रविड प्रजातिका मानिसहरूले विकास गरेका थिए भन्ने विद्वानहरूको मत रहेको छ । क्राइस्टको जन्म हुनुभन्दा ३००० वर्ष अगाडितिरै भारतका सिन्ध,

पञ्जाव आदि ठाउँमा सभ्यताको विकास भइसकेको थियो । त्यो सभ्यता प्राचीन सुमेरियन सभ्यताको समकालीन थियो । त्यतिबेला भारतीय व्यापारीहरू सुमेरिया तथा नाइल उपत्यकासम्म व्यापारका लागि पुग्दथे । ई.पू. १५०० सम्ममा संस्कृतभाषी आर्यहरूले भारतको उत्तरी क्षेत्रका धेरै भागहरूमा आधिपत्य जमाइरहेका थिए । ई.पू.६०० सम्ममा भारतमा १६ वटा स्वतन्त्र राज्यहरू विकसित भइसकेका थिए (डेभिस, १९६८ ई., पृ. ७९) । त्यतिबेलासम्ममा आर्यहरूले भारतमा जाति व्यवस्थाको पनि विकास गरिसकेका थिए । यसको प्रमाण गौतम बुद्धले भारतमा जाति व्यवस्थाका बिरुद्ध चलाएको अभियानबाट प्रस्ट हुन्छ । ईशापूर्व छैटौं शताब्दीसम्ममा भारतमा १८ वटा जातिहरू देखा परिसकेका थिए । तिनीहरूले काठ, धातु, प्रस्तरका काम गर्ने, बुन्ने, रङ्ग लगाउने, माछा मार्ने, टोकरी बुन्ने, फूल बेच्नेजस्ता भिन्नभिन्न प्राविधिक स्वरुपका कामहरू गर्ने गर्दथे (डेभिस, १९६८ ई., पृ. ७९) । यसका आधारमा भारतमा कामका आधारमा जाति व्यवस्थाको विकास भएको भन्ने आधारलाई थप पुष्टि गरेको देखिन्छ ।

ऐतिहासिक युगको सुरूवात हुनुभन्दा अगाडि मानवगण र कविलाहरू घुमन्ते जातिका रूपमा रहेका थिए । तिनीहरू कति साह्रो घुमन्ते स्वभावका थिए भने एक ठाउँबाट घुम्दैघुम्दै दशौं हजार किलोमिटर टाढासम्म पनि पुग्दथे (खत्री, २०५५ वि.सं., पृ. ५३) । अहिलेको अमेरिका महादेशमा जसलाई 'रेड इन्डियन' भनिन्छ, तिनीहरूको मंगोल अनुहार अहिलेसम्म पनि उस्तै रहेको पाइन्छ । तिनीहरू दशौंहजार वर्ष अगाडि पूर्वी एसियाका चीन-मंगोलिया आदि ठाउँहरूहुँदै पूर्व-उत्तर हानिएर रूसको पूर्वी किनारको चुच्चोनेरबाट अलास्काहुँदै अमेरिका महादेशसम्म फैलिएका थिए । हिमाली क्षेत्रका जातिहरू प्रायः गोरो वर्णका हुन्थे तर शिव र शिवगणहरू भने सबै काला वर्णका थिए, किनकी उनीहरू अष्ट्रो-द्रविड समूहकै मानिसहरू थिए । सिन्धु क्षेत्रमा अहिलेसम्म पनि आष्ट्रिक, द्रविडहरूका देवताका रूपमा शिवका प्रतिक मूर्ति र लिङ्गहरू रहेका भेटिन्छन् । त्यही समयदेखि कालो वर्णका मानिसहरू पनि एसियाका विभिन्न ठाउँहरूमा फैलिदै गएका थिए (प्रश्रित, २०५७ वि.सं., पृ. ११) । वर्तमान समयमा पनि उत्तरी भारत, नेपालको तराई क्षेत्र र केही मात्रामा पहाडी भागमा समेत त्यस्ता स्याम वर्णका मनिसहरू बसोबास गर्दै आएको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा बस्ने चिडिमार जातिका मानिसहरूको स्वरूप पनि स्याम वर्णकै रहेको पाइन्छ । चिडिमार जातिका मानिसहरू झट्ट हेर्दा निग्रो प्रजातिका मानिस जस्तै देखिन्छन् । तर टाउको, रौं, नाक, आँखा, गाला, दाह्री, जुंगा आदि सबै लक्षणले आर्य भनेर प्रस्ट चिनिने हुन्छन् । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने केही मानिसहरू हेर्दा द्रविड, आष्ट्रिक जस्ता भए पनि उनीहरूसमेत धेरै पुराना आर्यहरूकै सन्तानहरू भएका प्रमाणहरू पाइए जस्तै चिडिमार जातिका

मानिसहरूको स्वरूप भिन्नजस्तो देखिए पनि उनीहरू आर्य मूलकै मानिसहरू भएको पाइन्छ (चौलागाई, २०६४ वि.सं., पृ. ६) । यी चिडिमार जातिले जस्तै जर्मनीको डुसल्डर्फ नजिकको नियन्डरथल क्षेत्रमा बस्ने गुफा मानवले पनि चराको मासु खाने गर्दथे (डेभिस, १९६८ ई., पृ. ७९) । तथापि त्यसलाई उनीहरूले व्यवसायका रुपमा भने अपनाएको पाइदैन ।

चरा समात्नु, चराको मासु खानु मानिसको पुस्तौं पुस्तादेखिको पेसा हो । नवपाषणकाल (ई.पू.२०,०००-१०,०००) तिरदेखि मानिसले ढुङ्गे हतियारको प्रयोग गरी शिकार गर्दादेखि नै चराको पनि शिकार गर्ने गर्दथे । नवपाषाणकालको उत्तरार्द्धतिर भारतबाट अमेरिकासम्म पुगेका अमेरिकन-इन्डियनहरू पनि सिकारी नै थिए । उनीहरूले त्यहाँ चराको शिकार गर्ने गर्दथे । तर पछि विस्तारै उनीहरू सभ्य हुँदै गएर सहरको विकास गरेका र अन्य खाद्यबस्तुको उत्पादन गर्न थालेका थिए (वेल्स, मिति अनु., पृ. १४२) । यसका आधारमा पनि चरा मार्ने मानिसको धेरै पुरानो पेसा भएको देखिन्छ ।

नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत भेरी अञ्चलको बाँके जिल्लामा प्रमुख रूपमा बसोबास गर्दै आएका लोपोन्मुख अवस्थामा रहेका जातिहरूमध्ये चिडिमार पनि एक हो । व्यवसायका आधारमा चराचुरूङ्गी समातेर/मारेर बिक्रीवितरण गरी जीविका चलाउने हुनाले यस जतिलाई चिडिमार भनिएको हो (चौलागाई, २०६४ वि.सं., पृ. ५) । भारतमा यस जातिको सोलिडोली चल्ने समान स्तरको जातिलाई 'बहेलिया' भन्ने गरिएको पाइन्छ । यसका आधारमा चिडिमारहरू बहेलियाहरूकै एक शाखा भएको देखिन्छ ।

चिडिमारहरू नेपालका आदिवासी जाति होइनन् । यिनीहरू भारतबाट आधुनिककालमा नेपालको तराई क्षेत्रमा आएर बसेका हुन् । नेपालको तराई क्षेत्र, खासगरी बाँके जिल्लामा बसाइँ सरेर आइसकेपछि वा त्यही समयको आसपासतिर यस जातिका मानिसहरूको प्रमुख व्यवसाय चरा समात्ने र मार्ने भइसकेको मानिन्छ । चराचुरूङ्गी समात्ने र मार्ने व्यवसाय अंगाल्न थालेपछि मात्र यिनीहरूलाई 'चिडिमार' भन्न थालिएको हो । त्यसभन्दा अगाडि यिनीहरूका पूर्खालाई 'बहेलिया' नै भन्ने गरिन्थ्यो ( गौतम र थापा मगर, १९९४ ई., पृ. १२३) । अति गरिवीका कारण अन्य व्यवसायबाट जीवन धान्न धौधौ भएपछि नेपाल आउनुभन्दा अगाडिदेखि नै यस जातिका मानिसहरूले जङ्गलमा चराचुरङ्गी समात्ने/मार्ने र त्यसको बिक्रीवितरण गर्ने व्यवसाय अंगाल्न थालेका थिए (चिडिमार(गयादिन) २२ फाल्गुण २०६९) । यो भनाई पनि पूर्णसत्य मान्न सकिंदैन किनकी चरा मार्ने पेसा मानिसले धेरै पहिलेदेखि नै अँगाल्दै आएको र पृथ्वीमा अझै पनि कतिपय ठाउँमा त्यस्ता जङ्गली र घुमन्ते अवस्थामा रहेका राउटे जस्ता आदिवासी जातिहरूले आफ्नो जीविकाको आधार शिकारलाई नै बनाउँदै

आएका आधारमा चिडिमार जातिका मानिसहरूले पनि घुमन्ते अवस्थादेखि नै यो पेसा अंगाल्दै आएको हुनुपर्ने देखिन्छ ।

वि.सं.१९१७ सालमा भारतस्थित इस्टइन्डिया कम्पनी सरकारले पश्चिम नेपालको तराई क्षेत्रका चारवटा जिल्लाहरू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई हस्तान्तरण गरेको समयदेखि नै ती जिल्लाहरूमा नेपालका राणा प्रधानमन्त्री जङ्गबहादुर र उनका उत्तराधिकारीहरूले समेत विभिन्न ठाउँका मानिसहरूलाई त्यस क्षेत्रमा बसाइँ सरेर आउन, आवादी बनाउँन प्रोत्साहन गर्ने नीति अवलम्बन गरेका थिए । सोही नीतिअनुरूप नेपालको पहाडी क्षेत्र, तराई क्षेत्रकै अन्य जिल्लाहरू र भारतबाट समेत यस क्षेत्रमा बसाइँ सरेर आउने मानिसहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको थियो । यस्तो बसाइँ सराईका लागि प्रोत्साहन गर्ने क्रममा अहिलेका चिडिमार जातिका मानिसहरूका पुर्खा अझै बढी सङ्ख्यमा भारतको उत्तरी सीमा क्षेत्रमा पर्ने बहराइच, बाबागन्ज, नवावगन्ज जस्ता ठाउँहरूबाट बाँके जिल्लाका विभिन्न ठाउँमा आएर बस्न थालेका थिए । त्यतिबेला नेपालको तराई क्षेत्रका धेरै ठाउँहरू जङ्गलले ढाकिएका थिए । ती जङ्गलहरूमा चराहरू पनि प्रसस्त पाइन्थे । खेतीकिसान तथा ज्याला मजदुरी जस्ता कामहरू गर्दा त्यतिबेला अत्यन्त कम आम्दानी हुन्थ्यो । आफ्नो जमिन नहुने मानिसहरूका लागि जीवन निर्वाह गर्न पनि मुस्किल पर्ने गर्दथ्यो । त्यस्तो अवस्थामा भारतमा रहेका बहेलिया जातिका मानिसहरू चरा मार्ने पेसामा आवद्ध हुँदै गएका थिए । पछि त्यही समूह आफ्नो व्यवसायको नामबाट जातिको रूपमा चिनिन थालेको थियो (सिग्देल, २०६८ वि.सं., पृ. ७६) । भारतमा रहँदा यस जातिका मानिसहरू अन्य कुनै जातिको नामले चिनिएको भएपनि नेपालमा आएपछि भने ‘चिडिमार’को नामले परिचित हुन थालेको पाइन्छ ।

‘चिडिमार’ शब्दको शाब्दिक अर्थ ‘चरा मार्ने’ भन्ने हुन्छ । चरा मारेर जीविका चलाउने हुनाले अवधी भाषामा यस जातिलाई ‘चिडिमार’ भन्ने गरिएको हो (रेग्मी, २००१ ई., पृ. २०) । पछि गएर नेपाली भाषामा समेत यस जातिलाई चिडिमार नै भन्ने गरिएको पाइन्छ । जनगणनाका प्रतिनिधि तथा सरकारी तथ्याङ्क सङ्कलनकर्ताहरूले उनीहरूको जातका सम्बन्धमा प्रश्न गर्दा आफ्नो जात र थरसमेत बताउन सकेनन् र के व्यवसाय गर्छौ भनी सोद्धा अवधी भाषामा ‘चिडि मारत है’ अथवा चरा मार्ने काम गर्छौं भनी जवाफ दिएका कारण सरकारी कागजपत्र र तथ्याङ्कहरूमा समेत यस जातिको नाम ‘चिडिमार’ नै लेखिदिएका थिए (सिग्देल, २०६८ वि.सं., पृ. ७६) । यसरी चरा शिकारीको त्यो पेसा निकै पुरानो भए पनि ‘चिडिमार’ नाम भने वि.सं.१९६८ सालको पहिलो जनगणनादेखि मात्र सरकारी तथ्याङ्कमा कायम भएको कुरा उपयुक्त स्रोतले पुष्टी गरेको छ ।

केही हिन्दू धार्मिक ग्रन्थहरूमा चरा मार्ने व्यवसाय अंगालेको, शिकार गरी जीविका चलाउने व्याधा तथा शिकारीहरूको चर्चा विभिन्न प्रसङ्गहरूमा गरिएको पाइन्छ । त्यस्ता जातिहरू चरा मार्न, समात्न, शिकार गर्न तथा धनुषवाँण चलाउन निकै सिपालु भएका प्रसङ्गहरू पनि पाइन्छन् । प्राचीनकालका त्यस्ता व्याधा, शिकारी र वर्तमान चिडिमार जातिका बीचमा कस्तो सम्बन्ध रहेको छ भन्ने सम्बन्धमा यकिनसाथ उल्लेख गर्न सकिने अवस्था छैन । तर पेशाकै आधारमा जातीय चिनारी अगाडि बढ्दै आएका आधारमा चिडिमार शब्दलाई नै हाल जातिगत शब्दका रूपमा प्रयोग गरिदै आएको छ (सिग्देल, २०६८ वि.सं., पृ. ७६) । तथापि चरा मार्ने वा शिकार गर्ने मानिसको धेरै पुरानो र परम्परागत पेसा भएको देखिन्छ ।

नेपालमा रहेका १२५ भन्दा बढी जातजातिका मानिसहरूमध्ये कतिपय जातजातिहरूको उत्पत्तिका सम्बन्धमा तथ्यगत विवरणहरू प्राप्त हुन निकै कठिन छ । त्यस्ता जातिहरूको उत्पत्तिको इतिहासले हजारौंहजार वर्ष पार गरिसकेको छ । जातिको उत्पत्ति भएको हजारौं वर्षपछि आएर उनीहरूको उत्पत्तिको तथ्यगत आधार खोज्दा केही परम्परागत भनाइहरू, किम्बदन्तीहरू, धार्मिक ग्रन्थहरूमा उल्लेखित कथनहरू तथा मौखिक इतिहासहरूलाई समेत साङ्केतिक रूपमा प्रयोग गर्नुपर्ने हुन्छ, त्यसलाई आधार बनाउनुपर्ने हुन्छ । नेपालमा रहेका विभिन्न जातजातिहरूको उत्पत्तिका सम्बन्धमा पाइने विभिन्न खालका मौखिक कथनहरू जस्तै चिडिमार जातिको उत्पत्तिका सम्बन्धमा पनि एउटा परम्परागत कथन रहँदै आएको पाइन्छ ।

चिडिमार जातिमा प्रचलित कथनअनुसार पौराणिककालमा भगवान शिवले देवी पार्वतीलाई एउटा अमरत्व सम्बन्धी कथा कुनै निर्जन स्थानमा बसेर सुनाइरहेका थिए । त्यसरी एकान्तमा बसेर त्यो कथा पार्वतीलाई सुनाउनुको कारण अन्य कुनै पनि ऋषि, यक्ष, गन्धर्व, मानिस वा प्राणीले सुनेमा त्यसले पनि अमरत्व प्राप्त गर्दछ, प्राकृतिक नियम विपरित हुन्छ वा अनिष्ट हुन्छ भन्ने मान्यता रहँदै आएको थियो । त्यस्ता कुनै पनि प्राणी त्यस ठाउँमा छैनन् भन्ने यकिन भएपछि मात्र भगवान शिवले देवी पार्वतीलाई उक्त कथा सुनाएका थिए ।

कथा भन्दै जाँदा बीचबीचमा पार्वतीले समर्थन जनाउदै गएकी थिइन् । त्यही क्रममा देवी पार्वतीलाई बीचैमा निद्रा लागेर उनी निदाइछन् । त्यो समयमा त्यस एकान्त ठाउँको नजिकै रहेको रूखको हाँगामा नदेखिने गरी एउटा चरा बसिरहेको रहेछ । सुकदेव ऋषिले त्यहाँ चराको रूप धारण गरेर बसिरहेका रहेछन् । भगवान शिवले कथा भनिरहेको समयमा देवी पार्वती निदाएपछि त्यही चराले कथाको समर्थन जनाएको रहेछ । त्यतिवेला शिवलाई त्यस ठाउँमा कुनै पनि प्राणी छैन भन्ने यकिन भएको थियो । त्यसैले उनले निश्चिन्त भएर एकसुरले कथा भन्दै गइरहेका थिए । जव कथा समाप्त

भयो तव शिवले देवी पार्वतीलाई कुहिनाले धक्का दिँदै कथा कस्तो लाग्यो भनेर सोध्दा पार्वती झसङ्ग भएर बिउँझिछन् र आफूलाई निद्रा लागेका कारण पुरै कथा सुन्न नपाएको जानकारी दिइछन् । पार्वतीको त्यस्तो कुरा सुनेर भगवान शिव आश्चर्य चकित भएछन् । आफूले कथाभन्दा समर्थन जनाउने को थियो ? भनी चारैतिर आँखा घुमाएर हेर्दा नजिकै रहेको रूखको हाँगामा बसिरहेको एउटा सुगा चरालाई देखेछन् । त्यसपछि उनलाई निश्चित भयो कि त्यही सुगाले कथाको बीचबीचमा समर्थन जनाएको रहेछ । त्यसपछि भगवान शिव रिसले चुर हुँदै तत्काल त्यस सुगालाई समात्न दौडिएछन् । त्यहाँबाट उनले त्यस सुगाचरालाई लखेट्दै धेरै टाढासम्म पुगेछन् तर पनि त्यसलाई समात्न वा मार्न सकेनछन् । त्यही समयमा उनको एकजना मानिससँग भेट भएछ । त्यो मानिसले भगवान शिवसँग किन त्यस चरालाई लखेटेको भनी सोध्दा शिवले त्यसको सम्पूर्ण घटना बताएछन् । त्यसपछि त्यस मानिसले आफूमा चरा समात्ने अनौठो कला भएको जानकारी दिएछ र यदि भगवानले त्यस चरालाई समात्ने आदेश दिएमा आफूले तुरून्तै समात्न सक्ने जानकारी पनि दिएछ । भगवान शिवले पनि त्यस मानिसलाई चरा समात्न तत्काल स्वीकृति दिएछन् । नभन्दै त्यस मानिसले तुरून्तै उक्त चरालाई समातेछ । भगवान शिव त्यस मानिसको चरा समात्ने कला देखेर आश्चर्य हुँदै त्यसलाई 'चिडिमार' भनी सम्बोधन गरेछन् । त्यही भगवान शिवलाई चरा समात्न सहयोग गर्ने मानिसका सन्तान नै पछि गएर 'चिडिमार' जातिका मानिसहरू भएका हुन् भन्ने भनाई रहेको छ (सुनम, २०५९ वि.सं., पृ. ३५) ।

उपयुक्त भनाई चिडिमार जातिमा प्रचलित एउटा किम्बदन्तिका रुपमा मात्र रहेको छ । हिन्दू समाजमा यस्ता विभिन्न खालका किम्बदन्तिहरू अन्य जातिहरूमा पनि पाइन्छ । यस जातिका मनिसहरूले चरा मार्ने व्यवसाय अपनाउन थालेपछि मात्र 'चिडिमार' नामले परिचित हुन थालेको देखिन्छ ।

मध्य-पश्चिम नेपालको तराई क्षेत्रमा चिडिमार जातिका मानिसहरू नेपाल-अङ्ग्रेज युद्ध हुनुभन्दा अगाडिदेखि नै चराचुरुङ्गीको शिकार गर्न आउनेजाने गर्दथे । सुगौली सन्धिपछि ती पश्चिम तराईका भागहरू भारतमा गाभिएपछि भने उनीहरूलाई त्यस क्षेत्रको जङ्गलमा शिकारका लागि प्रवेशमा निषेध गरिएको थियो । वि.सं.१९१७ मा त्यो क्षेत्र नेपालले फिर्ता पाएपछि ती चरा शिकारीहरू पुनः त्यस क्षेत्रमा आउन थालेका थिए । त्यही क्रममा नेपालगन्ज क्षेत्रमा मानव बस्ती विस्तार हुँदै गएकाले चिडिमार जातिको व्यवसाय त्यस क्षेत्रमा विस्तार हुँदै गएपछि उनीहरू त्यतैतिर घुमफिर गर्दै बसेका थिए (गौतम र थापा मगर, १९९४ ई., पृ. १२१-१२२) । यसका आधारमा नेपाल आगमन पूर्वकालदेखि नै वर्तमान चिडिमार जातिका मानिसहरूले चराचुररूङ्गी समातेर/मारेर जीविका चलाउँने

गरेको प्रस्ट हुन्छ । उनीहरूले कहिलेदेखि यो पेसा अपनाए भन्ने निश्चित तिथिमिति नभेटिए पनि अहिलेका चिडिमार जातिका मानिसहरूका पूर्खा आजभन्दा पाँच/छ पुस्ता अगाडि तिरै नेपाल पसेको कुरामा भने धेरैको मत समान रहेको छ (चिडिमार(रामु) २२ फाल्गुण २०६९) । १९ औं शताब्दीतिर नेपालको पश्चिमी तराई क्षेत्र बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका धेरैजसो ठाउँहरू जङ्गलले ढाकिएका थिए । त्यतिबेलादेखि नै यी चिडिमार जातिका मानिसहरूले चराचुरूङ्गी समात्न, मार्नका लागि त्यस क्षेत्रका जङ्गलहरूमा घुमफिर गर्ने गर्दथे । राणा प्रधानमन्त्री जङ्गबहादुरको समयमा नेपालगन्ज सहर बसाउन खटाइएका सुब्बा पद्मनाव जोशीले नै ती चरा शिकारीहरूलाई समेत त्यस क्षेत्रमा बस्ती बसाल्न प्रोत्साहन गरेका थिए । सुब्वा पद्मनाव जोशीले ती चरा शिकारीहरूसँग चरा किनेर जङ्गबहादुरलाई चराको शिकार काठमाडौंमा पठाउने गर्दथे । राणा प्रधानमन्त्री जङ्गबहादुर चराको मासु खान निकै सौखिन थिए (गौतम र थापामगर, १९९४ ई., पृ. १२२) । यसरी राणाकालमा चिडिमार जातिको व्यवसाय राणा प्रधानमन्त्रीसँग पनि जोडिन पुगेको देखिन्छ ।

सुब्वा पद्मनाव जोशीले सरकारी अधिकारीका हैसियतले ती चिडिमार जातिका मानिसहरूलाई जग्गाजमिन उपलब्ध गराएर स्थाई रूपले बस्ने बन्दोवस्त मिलाएका पनि थिए । तर त्यतिबेला चिडिमार जातिका मानिसहरू घुमन्ते अवस्थामा रहेका कारण उनीहरू स्थाई रूपले बसोबास गर्न मानेका थिएनन् । चराचुरुङ्गी समात्ने र मार्ने क्रममा उनीहरू जहाँ पुग्दथे, त्यहीँ अस्थायी बसोबास गर्ने गर्दथे । केही मात्रामा चराचुरूङ्गी समातेपछि उनीहरूले त्यतिबेलाका सरकारी कार्यालयमा लगेर बिक्रीवितरण गर्ने गर्दथे र ती सरकारी कर्मचारीहरूले जीउँदै चरा वा त्यसको मासु राणा प्रधानमन्त्रीहरूका लागि काठमाडौं पठाउने गर्दथे । यो क्रम अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेरको शासनकालसम्म पनि कायमै रहेको थियो (गौतम र थापामगर, १९९४ ई., पृ. १२२) । यसरी त्यतिबेलाको चरा व्यापार फस्टाउनु पनि वर्तमानकालमा चिडिमार जातिका मानिसहरू सुकुम्बासी अवस्थामा रहनुको एउटा कारण बनेको देखिन्छ ।

नेपालको तराई क्षेत्र र खासगरी बाँके जिल्लामा फैलिएर रहेका चिडिमार जातिका मानिसहरूको शारीरिक स्वरूप भारतको उत्तर प्रदेशका बहराइच जिल्लातिर बस्दै आएका बहेलिया जातिसँग मिल्दछ (चौलागाई, २०६४ वि.सं., पृ. ५) । तर भारतका बहेलियाहरूले भने आफूहरू र नेपालका चिडिमार जातिका मानिसहरूका बीचमा भिन्नता रहेको मान्दछन् । तथापि उनीहरूले नेपालका चिडिमारहरूसँग पनि विहावारी गर्दै आएका छन् (चिडिमार(रामु), २२ फाल्गुण २०६९ वि.सं.) । भारतीय बहेलियाहरूको पनि पुर्ख्यौली पेसा चरा मार्ने नै थियो । ती बहेलियाहरू नेपालका चिडिमार जातिका मानिसहरूभन्दा केही विकसित र धनीसमेत भएका कारण उनीहरू आफूलाई

ठाकुर परिवार समानको भएको धारणा व्यक्त गर्दछन् । चिडिमारहरूका पूर्खालाई उनीहरू प्राचीन भारतका व्याधा भएको धारणा व्यक्त गर्ने गर्दछन् (चिडिमार(बहकाउ), १६ फाल्गुण २०६९) । व्याधाका सन्तान भएका कारण चिडिमारहरूले अहिलेसम्म पनि शिकार गर्न छोडेका छैनन् भन्ने उनीहरूको धारणा रहेको छ (सुनम, २०५९ वि.सं., पृ. ३६) । अहिले नेपालका चिडिमार जातिका मानिसहरूले पनि क्रमशः आफ्नो थर 'बहेलिया' नै लेख्ने गरेको पाइन्छ । नागरिकताको प्रमाणपत्रलगायतका सरकारी कागजपत्रहरूमा, शैक्षिक प्रमाणपत्रहरूमा वा अन्य त्यस्तै दस्तावेजहरूमा बहेलिया व चिडिमार जुनसुकै पनि लेख्ने गरिएको पाइन्छ ।

उन्नाइशौं शताब्दीमा भारतको उत्तर प्रदेशबाट नेपालको तराई क्षेत्रमा प्रवेश गरेको मानिएका चिडिमार जातिका मानिसहरूको नेपाली भूमिमा भएको बसोबासको इतिहास त्यहीँबाट सुरू भएको मान्नुपर्ने हुन्छ । केही समय अगाडिसम्म यिनीहरू घुमन्ते अवस्थामा रहेका थिए । मधुसुदन पाण्डेयले नेपालका चिडिमार जातिका मानिसहरूलाई जनजातिमा पर्ने राउटे जस्तै केही समय अगाडिसम्म घुमन्ते अवस्थामा थिए भन्ने धारणा व्यक्त गरेका छन् (२०६४ वि.सं., पृ. १८) । राणाकालको अन्तसम्म पनि चिडिमार जातिका मानिसहरू जङ्गल-जङ्गल घुम्दै चरा मारेर बिक्रीवितरण गरी जीविका चलाउने गर्दथे । राणा प्रधानमन्त्री चन्द्रशमशेरले राणाहरूलाई 'क', 'ख' र 'ग' वर्गमा विभाजन गरेपछि कतिपय ग वर्गमा परेका राणाहरू काठमाडौंबाट निस्कासित भएका थिए भने कतिपयले आफूलाई असुरक्षित भएको महसुस गरी पश्चिम नेपालको तराई क्षेत्र नेपालगन्जलगायतका ठाउँहरूमा गएर बसोबास गरेका थिए ।

तत्कालीन नेपालगन्ज क्षेत्रमा सहर विस्तार हुँदै गएका बेला राणाहरूसँगै अन्य केही उच्च घरानाका मानिसहरू पनि आएर बसोबास गर्न थालेका थिए । त्यसरी बस्ती बसाल्नेहरूमा पश्चिम नेपालका सिजापति, शाही, बम, रावत जस्ता रजौटा परिवारका मानिसहरू पनि थिए । त्यसरी बसाई सरेर सुरक्षित ठाउँको खोजि गर्दै नेपालगन्ज पुगेका केही राणा परिवार र अन्य उच्च परिवारका मानिसहरू विलासी तथा सौखिन हुनु स्वभाविकै थियो । उनीहरूले आफै जङ्गलमा शिकार गरेर वा अर्काले गरेको शिकार खरिद गरेर भए पनि माछामासु खुवै खाने गर्दथे । त्यस्तो अवस्था चिडिमारहरूका लागि आफूले समातेका चराचुरुङ्गी बिक्रीवितरण गर्ने यो एउटा थप अवसर बन्न पुगेको थियो (सुनम, २०५९ वि.सं., पृ. ३६) । नेपालगन्ज सहर जङ्गबहादुर राणाको शासनकालदेखि स्थापित भए पनि चन्द्रशमशेरको शासनकालदेखि अझै विस्तारित र व्यवस्थित हुन पुगेको थियो । त्यसरी बजार बिस्तार हुनु चिडिमार जातिका लागि थप खुसीको विषय बन्न पुगेको थियो । चराचुरूङ्गी समात्न जङ्गल नजिकै भएको र बिक्रीवितरण गर्न बजार पनि त्यही क्षेत्रमा भएका कारण

नेपालगन्ज सहरको आसपासका क्षेत्रमा नै चिडिमार जातिका मानिसहरूको बस्ती अन्य क्षेत्रका तुलनामा बढी केन्द्रीत हुन पुगेको पाइएको छ ।

### ५.१.२ चिडिमार जातिको बसोबास क्षेत्र र जनसङ्ख्या

नेपालको पश्चिम तराई क्षेत्र चिडिमार जातिको बसोबास क्षेत्र हो । नेपालको पश्चिमी तराईका जिल्लाहरूमध्ये बाँके जिल्ला चिडिमार जातिको प्रमुख बसोबास क्षेत्र रहँदै आएको पाइन्छ । भारतबाट नेपालमा बसाइँ सरेर आउने क्रममा सबैभन्दा पहिले चिडिमार जातिका मानिसहरू बाँके जिल्लामा नै आएका थिए (चिडिमार(इतवारि), २२ फाल्गुण २०६९) । राष्ट्रिय तथ्याङ्क विभागले सार्वजनिक गरेको राष्ट्रिय जनगणना वि.सं.२०६८ को नतिजानुसार नेपालका चिडिमार जातिका मानिसहरूको कुल जनसङ्ख्या १२५४ रहेको छ । भारतमा यस जातिका मानिसहरूको सङ्ख्या मात्र ५०० रहेको छ (वेव पेज, १४ जनवरी २०१५ ई.) । नेपालमा बसोबास गर्ने कुल चिडिमारहरूमध्ये ९६५ जना सहरी क्षेत्रमा र २८९ जना मात्र ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६९ वि.सं., पृ. २६) । त्यो तथ्याङ्कका आधारमा बाँके जिल्लामा मात्र चिडिमार जातिको सङ्ख्या ९७ प्रतिशतभन्दा बढी रहेको देखिन्छ ।

नेपालका जातजातिको जनसङ्ख्यागत विवरणअनुसार हिमाली क्षेत्रमा एकजना, पहाडी क्षेत्रमा सातजना र तराई क्षेत्रमा १२४६ जना चिडिमार जातिका मनिसहरू बसोबास गर्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी पूर्वाञ्चल विकास क्षेत्रमा १० जना, मध्यमाञ्चल विकास क्षेत्रमा २६ जना, पश्चिमाञ्चल विकास क्षेत्रमा ६ जना, मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा १२११ जना र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा १ जना चिडिमार जातिका मानिसहरू बसोबास गर्दै अएका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६९ वि.सं., पृ. २६) । राष्ट्रिय जनगणना वि.सं.२०६८ अनुसार चिडिमार जातिका मानिसहरूको बस्ती नेपालको तराई क्षेत्रमा नै रहेको पाइन्छ । त्यसमा पनि बाँके जिल्ला चिडिमार जातिको प्रमुख बस्ती स्थल देखिन्छ । बाँके जिल्लामा पनि खास गरी नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर चिडिमार जातिका मानिसहरूको प्रमुख बस्ती रहेको स्थल हो । यसका अतिरिक्त शमशेरगन्ज गाउँविकास समितिको वार्ड नं. ७ हवल्दारपुर, प्रेमपुर, शंकरपुर र चौधरीया गाउँमा गरी कुल ३६ घरपरिवार चिडिमार जातिका मानिसहरूको बस्ती रहेको छ । उपर्युक्त स्थानहरूभन्दा बाहेक बाँके जिल्लाका पुरैनी, कर्मौना जस्ता ठाउँहरूमा पनि यस जातिका मानिसहरूको केही पातला बस्तीहरू रहेका छन् ।

बाँके जिल्लाका चिडिमार जातिका मानिसहरूको विहेवारी, लेनदेन, सोलिडोलि, नातागोता, संस्कारगत व्यवहार तथा सामाजिक सम्बन्ध भारतका विभिन्न ठाउँमा बस्ने बहेलिया जातिका मानिसहरूसँग हुँदै आएको छ । भारतीय बहेलियाहरूले नेपालका चिडिमार जातिका कन्याहरू विवाह गर्न बढी मनपराउने गर्दछन् (चिडिमार(इतवारि) २२ फाल्गुण २०६९) । त्यसो हुनुको कारण नेपाली चिडिमारका चेलीहरू बढी मिहिनेती र लगनशील हुन्छन् भन्ने मान्यता रहनु भएको बुझिन्छ । भारतको बहराइच जिल्लाका बाबागन्ज, मखनपुर, अगैया, चनैनी, घरदौरिया, नानपारा, रजवापुर, रामपट्टी, अग्नीपुरवा, दौलतपुर, राजपुर, रामपुर, हर्कपुर, गादरी, मोहल्ला, टेग्नाहा, सम्मनपुरवा, प्रयागपुरलगायतका उत्तर प्रदेशका विभिन्न ठाउँहरूमा बहेलिया जातिका मानिसहरू बसोबास गर्दै आएका छन् (ऐर, २०६७ वि.सं., पृ. ६१-६१) । यो कुरालाई डिल्लीराम दाहाल र गंगा गुरुङले (२०१४ ई.) मा प्रस्तुत गरेको चिडिमार अफ नेपाल नामक पुस्तकमा पनि उल्लेख गरेका छन् (पृ. १७), यस विषयमा स्थलगत अध्ययनका क्रममा भेटिएका भारत बाबागन्जका गजाधर बहेलियाले पनि ती ठाउँमा वर्तमान समयमा पनि बहेलिया जातिको बस्ती रहेको उल्लेख गरेको पाइएको छ (२५ फाल्गुण २०७०) । चार वर्षको अन्तरालमा रहेका यी तीनवटै स्रोतहरूमा समान कुरा उल्लेख भएका आधारमा भारतका ती ठाउँहरूमा अहिले पनि बहेलिया जातिका मानिसहरूको बस्ती रहेको पुष्टि हुन्छ ।

### ५.१.३ चिडिमार जातिको नेपाली समाजमा समिश्रण

वि.सं.१८७१-७२ को नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धिपछि प्राचीनकालदेखि नै नेपाल अधीनस्थ रहँदै आएका पश्चिम तराईका क्षेत्रहरू बाँके, बर्दिया, कैलाली र कन्चनपुर वि.सं.१९१४ मा भारतमा भएको सिपाही विद्रोहमा अङ्ग्रेज सरकारलाई सहयोग गरेवापत पुरस्कार स्वरूप अङ्ग्रेज सरकारले नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणामार्फत नेपाल सरकारलाई प्रदान गरेको थियो । केही समय भारतको अधिनस्थ भएको त्यो पश्चिमी तराई क्षेत्रमा त्यतिबेला केही भारतीयहरूको बस्ती बिस्तार भइसकेको थियो । त्यसरी आफ्नै राज्यभित्र बस्ती बिस्तार हुने क्रममा चिडिमार जातिका मानिसहरू पनि यस क्षेत्रमा घुमन्ते जातिका रुपमा बिस्तारित भएका थिए । पछि वि.सं.१९१७ मा अङ्ग्रेज सरकारद्वारा पश्चिमी तराईका चार जिल्लाहरू नेपाललाई प्राप्त भएपछि त्यसक्षेत्रमा बस्ती बिस्तार गर्दै आएका केही भारतीय नागरिकहरू पनि स्वतः नेपाली नागरिक बन्न पुगेका थिए (शर्मा, २५ भाद्र २०६८) । त्यस्तै घटना भारत र पाकिस्तानको विभाजन हुँदा पनि भएको थियो । पाकिस्तान नामको छुट्टै राज्य स्थापना भएपछि त्यस क्षेत्रमा बस्दै आएका भारतीयहरू

पाकिस्तानी भएजस्तै बाँके क्षेत्रमा बस्दै आएका भारतीयहरू पनि वि.सं.१९१७ पछि नेपाली नागरिक भएका थिए । त्यसरी नेपालीकरण हुने जातिहरूमध्ये चिडिमार जातिका मानिसहरू पनि एक भएको मानिन्छ ।

नेपालमा राणा प्रधानमन्त्री तथा राणा परिवारका अन्य विशिष्ट व्यक्तिहरू, राजपरिवार र राजपरिवारका सदस्यहरू एवम् कथित कुलिनवर्गले शिकारलाई मनोरन्जनको साधनका रूपमा लिएका दृष्टान्त पाइन्छन् (मिश्र, २०१२ ई., पृ. ३३) । राणा परिवार र राजपरिवारलगायत अन्य विशिष्ट परिवारका व्यक्तिहरूसमेत १९औं शताब्दीदेखि नै बाँके, बर्दिया क्षेत्रका जङ्गलहरूमा शिकार खेल्न जाने गर्दथे । राणा र राजपरिवारका मानिसहरू शिकारमा सौखिन तथा माछामासुमा बढी रूची राख्ने स्वभावका भएका कारण बाँके क्षेत्रमा चरा मार्ने व्यवसाय अँगालेर बसेका चरा शिकारीहरू वा चिडिमार जातिका मानिसहरूलाई पनि त्यस शिकारी समूहमा सहभागी गराउने गरेको पाइन्छ ।

वि.सं.१९४२ सालमा नेपालमा ४२ साल पर्व (रणोद्दीप सिंहको हत्याकाण्ड) भएपछि जङ्गबहादुरका सन्तानहरू काठमाडौंबाट लखेटिएर भारतको इलाहावाद क्षेत्रमा गएर बसेका थिए । पछि वीरशमशेरको शाशनकालमा जङ्गबहादुरका सन्तानलाई नेपाल सरहदमा आएर बस्न पाउने इजाजत प्रदान गरिएपछि पद्मजङ्गका सन्तानहरू इलाहाबादबाट नेपालगन्जमा आएर बस्न थालेका थिए । त्यसै गरी वि.सं.१९९१ सालपछि रूद्रशमशेरका सन्तान पनि त्यहीँ आएर बसेका थिए (रेग्मी, २०६४ वि.सं., पृ. ५) । यसरी नेपालगन्ज क्षेत्रमा राणा परिवारका मानिसहरू मात्र होइन पश्चिम नेपालको पहाडी क्षेत्र तथा बाइसे राज्यका केही कुलीन मानिएका परिवारका मानिसहरूसमेतको बस्ती बिस्तार हुँदै गएपछि चरा व्यापारी चिडिमार जातिको व्यवसाय निकै फस्टाएको र उनीहरूको नेपालका खानदानी परिवारसँग र नेपाली समाजसँगको सम्बन्ध प्रगाढ बन्दै गएको थियो (चौलागाई, २०६३ वि.सं., पृ. ७) । त्यतिबेला चिडिमार जातिका मानिसहरूको सामाजिक अस्तित्वसमेत बढ्न गएको थियो ।

जङ्गबहादुर राणाले नेपालगन्ज सहर बसाउँन पठाएका सरकारी कर्मचारी सुब्बा पद्मनाव जोशीको आदेशअनुसार चिडिमारहरूले दिनहुँ जीउँदै र मारिएका चराहरू सरकारी कार्यालयमा नै लगेर बिक्रीवितरण गर्दथे । यसबाट खुसी भएर पद्मनाव जोशीले चरा शिकारीहरूलाई सरकारको तर्फबाट जग्गाजमिन प्रदान गर्ने घोषणा गरेका थिए । तर ती चरा शिकारीहरू त्यतिबेलासम्म पनि घुमन्ते अवस्थामा नै भएका कारण उनीहरूले जग्गा लिन मानेका थिएनन् (सुनम, २०५९ वि.सं., पृ. ३६) । सुब्बा पद्मनावले चरा शिकारीहरूलाई त्यसै क्षेत्रमा स्थायी रूपले बसोबास गराई चराको शिकार निरन्तर गर्न लगाउँने र त्यसको मासु काठमाडौंमा बस्ने राणाहरूलाई पनि पठाइरहने योजना

बनाएका थिए (गौतम र थापा मगर, १९९४ ई., पृ. १२२) । सरकारी कर्मचारीको त्यस्तो व्यवस्थाले गर्दा चिडिमार जातिका मानिसहरूको पेसा त्यतिबेला अन्य पेसाभन्दा बढी आयआर्जन हुने खालको भएको देखिन्छ ।

वि.सं.२००७ सालमा नेपालमा राणाशासनको अन्त्य भएपछि शाही परिवारको पनि राजनीतिमा व्यस्तता बढ्दै गएको थियो । त्यसै गरी जङ्गलको पनि दिनानुदिन विनाश हुँदै गएको थियो । बाँके जिल्लामा बसाइँ सरेर आउने मानिसहरूको सङ्ख्या पनि बढ्दै जान थालेको थियो । खाद्यान्न उत्पादनका नयाँनयाँ प्रविधिहरू भित्रिदै गएका थिए । समय बित्दै जाँदा वनजङ्गलको सङ्रक्षण तथा पर्यावरणसम्बन्धी विभिन्न नियम, विनियमहरू बन्दै जान थालेका थिए । राणाशासनको अन्तिम समय र पतनपछि वि.सं.२००४, २००७, २०१५, २०१९ सालहरूमा संविधानहरू बन्दै गएपछि चिडिमार जातिका मानिसहरू जङ्गलमा शिकार गर्नबाट बञ्चित हुँदै गएका थिए । लुकिछिपी समातेर ल्याएका चराचुरूङ्गी बजारमा बिक्रीवितरण गर्न पनि उनीहरूलाई निकै कठिन हुँदै गएको थियो । वास्तवमा प्रजातन्त्रको उदय चिडिमार जातिका मानिसहरूका लागि व्यवसायिक दृष्टिले प्रतिकुल हुन गएको मानिएको छ ।

राणाकालभन्दा पछाडिको समयमा सरकारी प्रतिनिधिहरूले चराको शिकार अवैध हो भन्ने कुरा चरा शिकारी चिडिमारहरूलाई जानकारी दिंदै गएका थिए । त्यस्तो जानकारी पाउँदै गएपछि चिडिमार जातिका मानिसहरू विस्तारै त्यो पेसाबाट बिमुख हुँदै गएका थिए । त्यसपछि उनीहरूले क्रमशः वैकल्पिक पेसा पनि अँगाल्दै जान थालेका थिए । चिडिमार जातिका मानिसहरूले चराचुरुङ्गीको शिकार व्यावसायिक दृष्टिले भन्दा पनि आफ्नै पेट भर्नका लागि मात्र गर्दै जानथालेका थिए । वर्तमान समयसम्ममा त्यसमा पनि सहरी क्षेत्रमा बसोबास गर्ने यस जातिका मानिसहरूले आफ्नो पुर्ख्यौली पेसा छोडिसकेका छन् भने ग्रामीण क्षेत्रमा बसोबास गर्ने चिडिमारहरूले भने नहरको छेउछाउमा, रहर बारीमा, गाउँकै साना जङ्गलमा, धान खेतमा, मकै बारीमा अन्न खान आउने चराचुरूङ्गीको मात्र शिकार गर्ने गर्दछन् । यस्तो सिकार पनि अवैधानिक हुन्छ भन्ने जानकारी चिडिमार जातिका मानिसहरूलाई हुँदैगएको छ (चिडिमार(दिलिप), १६ भाद्र २०६८) । यसरी चराचुरूङ्गीको शिकार गर्ने व्यवसाय हुनु पनि चिडिमार जातिका मानिसहरूको नेपाली समाजसँगको सम्बन्धमा वृद्धि हुँदै जाने एउटा महत्वपूर्ण आधार बन्न पुगेको देखिन्छ ।

### ५.१.४ नेपाली समाजमा चिडिमार जातिको पहिचान

नेपालमा प्राचीनकालदेखि नै फरकफरक जातजातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन् । भौगोलिक धरातलीय स्वरूपमा विविधता भएका कारण अहिले नेपालमा बसोबास गर्ने जातजातिहरूका बारेमा अध्ययन अनुसन्धान गर्दा यही भौगोलिक क्षेत्रलाई पनि एउटा महत्वपूर्ण आधार मान्ने गरिदै आएको छ । नेपालको भौगोलिक अवस्थालाई आधार मानेर जातजातिहरूको अध्ययन अनुसन्धान गर्ने क्रममा हिमाली क्षेत्रमा बस्ने जातजातिहरू, पहाडी क्षेत्रमा बस्ने जातजातिहरू तथा तराई क्षेत्रमा बस्ने जातजातिहरू गरी प्रमुख रूपमा ३ भागमा वर्गीकरण गर्ने प्रचलन रहँदै आएको पाइन्छ । यस अध्ययनको केन्द्र नेपालको तराई क्षेत्र हो । त्यहाँका दलित समुदाय र दलित समुदायहरूमध्येको चिडिमार नेपालको तराई क्षेत्रमा बसोबस गर्ने एउटा जाति हो (गौतम र थापा मगर, १९९४ ई., पृ. १२१) । व्यावसायिक रूपले चरा समात्ने/मार्ने भएका कारण यो जातिलाई चिडिमार भन्ने गरिदै आएको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा धेरै जातजातिका मानिसहरूको बस्ती रहेको छ । राष्ट्रिय जनगणना वि.स.२०६८ अनुसार नेपालको तराई क्षेत्रमा कुल जनसङ्ख्याको ५०.२७ प्रतिशत अर्थात् १,३३,१८,७०५ जना मानिसहरू बसोबास गर्दै आएका छन् (राष्ट्रिय तथ्याङ्क विभाग, २०६९ वि.सं., पृ. ८) । उक्त जनगणनामा मधेशी मूलका जातजातिहरूको सङ्ख्या मात्र ६८ वटा देखाइएको छ । चिडिमार पनि त्यही मधेशी समुदायमा पर्ने जाति हो (मधेशी दलित विकास महासंघ, २०६५ वि.सं., पृ. ५) । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने जातिहरूमा पनि चिडिमार तराईका दलित समुदायअन्तर्गत पर्दछन् (पाण्डेय, २०६४ वि.सं., पृ. १९) । चिडिमारहरू हिन्दू धर्मावलम्बी जाति हुन् । अवधी भाषामा चरालाई 'चिडी' भनिन्छ । त्यही चिडी मार्ने व्यवसाय गर्दै आएका कारण यस जातिलाई चिडिमार भन्ने गरिएको हो । भारतबाट बसाइँ सरेर आएका कारण यस जातिमा भारतीय संस्कृतिको गहिरो प्रभाव परेको पाइन्छ । प्रत्येक जनजातिहरूका आ-आफ्नै समूह, समुदाय र त्यसभित्र पर्ने मानिसहरूका आ-आफ्नै संस्कार-संस्कृति हुने गर्दछन् । सोहीअनुरूप चिडिमार जातिमा पनि आफ्नै मौलिक सांस्कृतिक अस्तित्व कायम रहेको पाइन्छ ।

नेपालको भारतसँगको सिमाना धेरै अगाडिदेखि नै खुला रहँदै आएको छ । खुला सीमानाका कारण नेपालको तराई क्षेत्रबाट उत्तरी भारत क्षेत्रमा आवतजावत गर्न निकै सजिलो पर्दछ । त्यसका लागि राहदानीको आवश्यकता पनि पर्दैन । त्यही सहजताका कारण नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको विहावारीलगायतका लेनदेनका कार्यहरू उत्तरी भारतका

बासिन्दाहरूसँग भइनै रहन्छ । भारत हिन्दू संस्कृतिको उद्‌गम स्थल भएका कारण त्यहाँ परम्परागत सांस्कृतिक कट्टरता केही बढी छ । त्यसको प्रभाव नेपालको तराई क्षेत्रमा पनि पर्दै आएको पाइन्छ । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मानिसहरू अथवा मधेशी मूलका जातजातिहरूमा पनि धार्मिक-सांस्कृतिक दृष्टिले पहाडी मूलका जातजातिहरूमा भन्दा जातीयताको भावना र परम्परागत जातीय अनुशासन केही बढी रहने गरेको छ (चौलागाई, २०६३ वि.सं., पृ. ९) । नेपाली समाजमा तुलनात्मक रुपले केही बढी जातीय आचरण कायम भएका तराईका जातिहरूमध्ये चिडिमार जातिका मानिसहरू पनि एक हुन् ।

## ५.२ नेपाली समाजको पृष्ठभूमिका रुपमा हिन्दू सामाजिक सङ्गठनको स्वरुप र चिडिमार जातिको सामाजिक अवस्था

विश्वका जुनसुकै स्थानमा बसोबास गरे पनि हरेक जातजातिका आ-आफ्नै जातीय सङ्गठनहरू कायम रहेका हुन्छन् । त्यस्ता सामाजिक सङ्गठनका भिन्नभिन्न स्वरूपहरू प्रारम्भिककालदेखि नै क्रमबद्ध रूपमा विकसित हुँदै आएका पाइन्छन् । त्यस्ता सामाजिक सङ्गठनहरूमा प्रत्येक जातजाति र समुदायका आ-आफ्नै विशेषता झल्किने गुणहरू विद्यमान रहेका हुन्छन् । समाजका प्रत्येक सदस्यले आफ्नो परिवारमार्फत् स्थानीय समाजका मूल्य, मान्यता, चालचलन तथा व्यवहारहरू सिकेर सोहीअनुरूप नै आफूले पनि व्यवहारिक क्रियाकलापहरूलाई अंगाल्दै आएका हुन्छन् । त्यस्ता समाजले आफ्ना सदस्यहरूले सामाजिक नियम र मान्यताअनुरूपको व्यवहार तथा आचरण कायम राखुन् भन्ने अपेक्षा गरेका हुन्छन् । त्यसै गरी ती समाजहरूमा आवद्ध व्यक्तिहरू पनि त्यही आचरणका कारणले गर्दा आफ्नो सामाजिक समुदाय वा सङ्गठनबाट अलग हुन सक्दैनन् र चाहँदैनन् पनि । त्यस्ता समाजहरूमध्ये हिन्दू समाज खासगरी जाति व्यवस्थाका आधारमा विकसित हुँदै आएको परम्परागत समाज हो (विस्ट, १९९१ ई., पृ. ६१) । चिडिमार जातिको समाज पनि त्यसैका आधारमा सञ्चालित हुँदै आएको पाइन्छ ।

जाति व्यवस्थाका आधारमा विकसित भएको समाजमा फरकफरक जातिका फरकफरक सामाजिक स्वरूपहरू निर्धारण गरिएका हुन्छन् । इसापूर्व ३०० तिर ग्रीकबाट भारत आएका मेगास्थनिजले 'भारतीय समाज जाति व्यवस्थाका आधारमा विकसित भएको र एउटा जातले निर्माण गरेको सामाजिक स्वरूपमा आबद्ध भएको मानिस अर्को जात समूहमा प्रवेश नगरी आफ्नै जात समूहको अस्तित्व विकासमा लागिरहन्छन्' भन्ने धारणा व्यक्त गरेका थिए (मण्डेलवाउम, १९७० ई.,

पृ. ३) । त्यस्तो समाजमा अधिक मात्रामा बाबुको व्यवसायलाई उसका सन्तानले पनि अनुसरण गरेका हुन्छन् । वर्तमान नेपाली समाज पनि हिन्दू धार्मिक आदिम भारतीय समाजमा आधारित भएर विकसित भएका कारण नेपालको तराई क्षेत्र र त्यहाँका हिन्दू धर्म मान्ने जातजातिहरूले यस नियमको पालना गर्दै आएका छन् । त्यसैका आधारमा चिडिमार जातिमा पनि यसको प्रभाव गहिरो रूपमा पर्दै आएको पाइन्छ ।

मानिस प्राणीमा श्रेष्ठ भएका कारण आदिमकालदेखि नै उसले एकापसमा मिलेर बस्ने प्रचलनको विकास गरेको थियो । सभ्यताको प्रारम्भिककालदेखि नै मानवीय आवश्यकता अन्य प्राणीको भन्दा भिन्न र अधिक भएका कारण एउटा मानिसले आफ्ना आवश्यकता स्वयम् आफैले पूरा गर्न सक्दैनथ्यो । त्यसका लागि एउटा मानिसले अर्को मानिसको सहयोग लिनु पर्दथ्यो । आफ्नो आवश्यकता पूरा गर्न अर्को मानिसको सहयोग लिनुपर्ने भएपछि एउटा मानिसले अर्को मानिसलाई मित्रताको व्यवहार गर्नुपर्ने आवश्यकता सिर्जना भएको थियो । मानिसको त्यस्तो मित्रताको व्यवहारले गर्दा अर्को मानिसले पनि आफूलाई प्राकृतिक तथा दैवीप्रकोप, जीवजन्तु आदिको डरत्रासबाट मुक्त र सुरक्षितसमेत भएको महसुस गर्न थालेको थियो । एवम् रीतले आपसमा सहयोग लिनेदिने मानिसको स्वभाव बन्दै जाँदा र त्यस्ता मानिसको सङ्ख्या पनि बढ्दै जाँदा एउटा निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरूको एउटा साझा भावना विकसित भई समाजको निर्माण हुन पुगेको थियो (दाहाल, २००८ ई., पृ. १०-११) । त्यस्तो समाजमा आवद्ध भएका मानिसहरूले आफूमा अनुशासन कायम राख्न केही सामाजिक नियम, आचरण तथा विधिविधानहरूसमेत निर्माण गरी त्यसको पालना गराउनका लागि केही निश्चित संघ, सङ्गठनहरू, गोष्ठी तथा पञ्चायतहरू निर्माण गरेका थिए । तिनै सङ्गठनहरूले बिस्तारै समाजको रूप धारण गर्दै गएका थिए । लामो समयसम्म त्यस्ता सामाजिक व्यवहारमा आवद्ध हुँदै गएपछि मानिसको स्वभाव पनि सामाजिक बन्दै गएको थियो (आचार्य, २०६८ वि.सं., पृ. १) । वर्तमान अवस्थामा पनि मानिसका लागि समाज र उसको सामाजिक भावना एउटा अपरिहार्य आवश्यकता जस्तै बन्दै आएको पाइन्छ ।

नेपाली समाज विभिन्न जाति, प्रजाति तथा उपजातिहरू मिलेर बनेको समाज हो । भौगोलिक आधारमा पनि नेपाली समाजमा विविधता रहेको पाइन्छ । हिमाली, पहाडी र तराईको सामाजिक स्वरूपमा पनि विभिन्नताहरू रहेका छन् । त्यहाँ बस्ने धेरै जातजातिका मानिसहरूका आ-आफ्नै सामाजिक संस्कार र चालचलनहरू रहेका पाइन्छन् । नेपालको तराई क्षेत्रको समाज खासगरी हिन्दू धर्मअन्तर्गतको वर्ण व्यवस्थामा आधारित रहेर विकसित हुँदै आएको समाज हो (चौधरी, २०६५ वि.सं., पृ. क) । नेपालको तराई क्षेत्रमा बस्ने मधेशी मूलका मानिसहरूका सामाजिक क्रियाकलापहरूमा

भारतीय समाजको गहिरो प्रभाव परेको पाइन्छ । ऐतिहासिककालदेखि नै नेपालको तराई क्षेत्रको बस्ती विस्तारमा भारतबाट स्थानान्तरण भई आएका मानिसहरूको प्रमुख बाहुल्यता रहँदै आएको थियो । त्यस अर्थमा तराईमा रहेको नेपाली समाजको मूलप्रवाहको आधार भारतीय समाज नै भएको देखिन्छ । त्यसो भएपनि तराईको समाज एउटै जाति वा समुदायबाट मात्र बनेको छैन । त्यहाँ फरकफरक जातजाति र समुदायका मानिसहरू बसोबास गर्दैआएका छन् । त्यस्ता सामाजिक समुदायहरूमध्ये चिडिमारको समुदाय पनि एक हो ।

### ५.२.१ चिडिमार जातिको पारिवारिक स्वरूप

परिवार मानिसको सामाजिक सङ्गठनको सबैभन्दा सानो इकई वा स्वरूप हो । परिवार व्यक्तिहरूको त्यो समूह हो जो वैवाहिक, रक्तसम्बन्ध, पालनपोषण आदिका आधारमा निर्माण भएको हुन्छ । सामान्यतः परिवारमा आफू, पत्नी, आमाबाबु, छोराछोरी, दाजुभाई, दिदीबहिनी आदि रहेका हुन्छन् । परिवारका सदस्यहरू सामान्यतः एउटै घरमा बस्दछन् र एउटै भान्सामा पकाएको खाना खाने गर्दछन् । जुन परिवारमा आफू, पत्नी, बाबुआमा, दाजुभाई, भाउजु, बुहारी, दाजुभाइका छोराछोरी वा भतिजाभतिजी, नातिनातिनी आदि धेरैजना तीन-चार पुस्तासम्मका मानिसहरू एकै ठाउँमा बस्दछन् भने त्यस्तो परिवारलाई वृहत् वा संयुक्त परिवार भनिन्छ । अर्को त्यस्तो परिवार जसमा आफू, पत्नी, अविवाहित, छोराछोरी रहेका हुन्छन् भने त्यस्तो परिवारलाई एकल परिवार भनिन्छ (मदन, १९६५ ई., पृ. १८१) । चिडिमार जातिको परिवारमा पनि त्यही विश्वव्यापी मान्यताअनुरूपको सामाजिक नियम लागु भएको पाइन्छ ।

स्थलगत अध्ययनका क्रममा चिडिमार जातिका केही मानिसहरू संयुक्त वा वृहत् परिवारमा र केही एकल परिवारमा बस्दै आएको पाइएको छ । यस जातिका मानिसहरूको स्वभाव व्यक्तिवादी नभएका कारण उनीहरू एउटै परिवारमा मिलेर बस्ने र परिवारका सदस्यहरूबीच एकले अर्कालाई सहयोग गर्ने गर्दछन् । यस जातिको पारिवारिक सङ्गठनलाई अध्ययन गर्दा एउटै परिवारमा चार पुस्तासम्मका मानिसहरू पनि बस्दै गरेका भेटिएका छन् । त्यस्ता परिवारमा हजुरबुबाहजुरआमादेखि नातिनातिनी र पनातिपनातिनीहरूसम्म एउटै घरमा बस्ने र एउटै भान्सामा पकाएको खाना खाने गर्दछन् । ती परिवारमा दश-पन्ध्र जनासम्मको सङ्ख्यामा मानिसहरू सहजतापूर्वक बस्ने गर्दछन् ।

चिडिमार जातिमा विवाह गरेर परिवारमा भित्र्याइएकी बुहारीलाई आफ्नै परिवारको एक अभिन्न सदस्यका रूपमा हेरिने हुँदा यस जातिको पारिवारिक मेल त्यहीँबाट अगाडि बढेको देखिन्छ ।

नयाँ बुहारीलाई घरको बुहार्तन व्यहोर्नु पर्ने झन्झट यस जातिमा निकै कम रहेको पाइन्छ । सासु र बुहारीका बीचमा पनि राम्रो सम्बन्ध कायम रहने हुनाले चिडिमार जातिको परिवार आपसमा धेरै दिनसम्म मिलेर बस्न सक्ने गरेको पाइन्छ । यद्यपि नेपालको तराईको सामाजिक जीवन वा पारिवारिक अवस्था नै आंशिक रूपमा भएपनि बन्द किसिमको हुने हुँदा उनीहरूमा सामाजिक नियम र पारिवारिक नियमको पालना अनिवार्य रूपले गर्नुपर्ने व्यवस्था भने रहिआएको छ (चौधरी, २०६५ वि.सं., पृ. २-३) । त्यस्तो हुँदाहुँदै पनि भारतीय समाजको तुलनामा भने नेपाली समाज केही खुकुलो भएको मानिन्छ । बन्द किसिमको समाजमा पुरूषहरूको तुलनामा महिलाहरू बढी नियन्त्रित र अनुशासित बन्नु पर्ने परम्परागत नियम  रहेको पाइन्छ । चिडिमार जातिको समाजमा पनि नेपालको तराई क्षेत्रमा बसोबास गर्ने अन्य जातिहरूको सामाजिक स्वरूपमा धेरै मेल खाने गरेको देखिन्छ । चिडिमार जातिको समाज पनि पुरूष प्रधान समाज हो । पुरूष प्रधान समाज भएका कारण यस जातिको परिवारमा पुरूष नै परिवारका मूली हुने गर्दछन् ।

चिडिमार जातिको पारिवारिक सङ्गठनमा घरको जेठो, उमेरले पाको वा बुढो मानिस त्यस परिवारको मूली हुने गर्दछन् । त्यही घरमूलीबाट नै चिडिमार जातिको परिवार निर्देशित र सञ्चालित हुने गर्दछ । घरमूलीको उमेर धेरै बढ्दै गएमा वा असक्त हुँदै गएमा उसको जेठो छोराले त्यस परिवारको नेतृत्व लिने गर्दछन् । चिडिमार जातिका मानिसहरूको परिवारमा छोरा नभएमा छोरीलाई सबै सम्पत्ति प्रदान गर्ने प्रचलन छ । केही चिडिमार परिवारमा छोरीज्वाइँ पनि आफ्नै परिवारमा बस्ने गरेको पाइन्छ । खासगरी छोरा नभएको परिवारमा ज्वाइँ ससुराली घरमा बस्दछन् । त्यसरी ज्वाइँ ससुरालीमा बसेको परिवारलाई ‘घरज्वाइँ’ बसेको परिवार भन्ने प्रचलन रहेको पाइन्छ । चिडिमार जातिको परिवारमा बाबुआमा, छोराछोरी, नातिनातिनी, ज्वाइँचेला, सासुससुरा सबैजनाले एकले अर्कालाई आदरभाव र सम्मान प्रकट गर्ने गर्दछन् । यस जातिमा दाजुको मृत्यु भएमा मृतककी विधवा पत्नीले देवरसँग विवाह गर्ने प्रचलन पहिलेपहिले थियो तर आजभोलि यो प्रचलनमा निकै कमी आएको पाइन्छ । त्यसो हुनुको कारण नेपालको कानुनमा भाउजुसँग विवाह गर्न नपाउने व्यवस्था हुनु र चिडिमार जातिको समाज पनि आधुनिक बन्दै जानु हो (चिडिमार(दुर्गा), ८ आश्विन २०७०) । यस्तो हुँदाहुँदै पनि चिडिमार जातिको समाजमा केही नगन्य रूपमा त्यस्ता घटनाहरूले निरन्तरता भने पाइरहेकै देखिन्छ ।

चिडिमार जातिका संयुक्त परिवारमा सबै दाजुभाईहरूको विवाह भई परिवार विस्तारै ठूलो हुँदै गएमा पारिवारिक विवादलगायतका समस्याहरू देखा पर्दछन् । त्यस्तो पारिवारिक समस्या निकै बढेमा यस जातिमा परिवार फुट्ने गर्दछ । संयुक्त परिवारमा विवादहरू बड्दा दाजुभाइका बीचमा,

देवरानीजेठानीका बीचमा, सासुबुहारीका बीचमा आपसी बेमेल र मनमुटाव हुँदै गएमा चिडिमार परिवारमा घरमूलीले विवाद सुल्झाउने तथा झगडा मिलाउने गर्दछन् । यस जातिमा घरको झगडा सकेसम्म घरमा नै मिलाउनु पर्दछ र त्यसलाई सार्वजनिक गर्नु हुँदैन भन्ने मान्यता रहँदै आएको पाइन्छ । तर घर झगडा निकै बढ्दै गएमा र घरमा मिलाउन नसक्ने अवस्था देखिएमा चिडिमार जातिको आन्तरिक अदालतका रूपमा रहेको 'पञ्चायत' नामको संस्थामा उजुरी गर्दछन् र पञ्चायतले नै अन्तिम रूपमा त्यस्ता समस्या समाधान गर्ने गर्दछ । त्यस्ता सानातिना घरायसी झैझगडाहरूलाई लिएर यस जातिका मानिसहरू सरकारी कानुनी निकाय तथा अड्डाअदालत, गाउँ विकास समिति, नगरपालिका आदिमा उजुरवाजुर गर्न जाने गर्दैनन् । बरु आफ्नै परिवारका मानिसहरू पञ्चायतको रोहवरमा लामो समयसम्म रहेर छलफल गर्दछन् र समाधान निकाल्ने प्रयास गर्दछन् । त्यसो गर्दा पनि समाधान ननिस्केमा दाजुभाइ छुट्टिएर अलग्गै भान्सा बनाएर खान बस्न थाल्दछन् । यस जातिमा अर्को घरबासको व्यवस्था नहुँदासम्म छुट्टिभिन्न भएपछि पनि खाना अलग्गै भान्सा बनाएर, पकाएर खाने तर सुत्ने बस्ने भने पहिलेकै ठाउँमा गर्ने प्रचलन छ । यस जातिका मानिसहरूमा छुट्टिभिन्न हुँदा माना चामल, भाँडावर्तन छुट्ट्याए पनि तत्काल जग्गाजमिन भने अंशवण्डा पास गरेर लिने दिने प्रचलन रहेको पाईंदैन । आफ्नो अंशमा पर्ने जमिन वा घरघडेरी मौखिक सहमतिका आधारमा पुस्तौंसम्म प्रयोग गर्दै जाने प्रचलन छ (चिडिमार(रामु), प्रश्नोत्तर, ८ फाल्गुण २०६९) । बाबुआमाको मृत्युपछि मात्र चिडिमार जातिका मानिसहरूले जग्गाजमिन नामसारी वा अंशवण्डा पास गरी लिने गरेको पाइन्छ । परिवार फूटेर अलग भएपनि एउटै घरमा बस्ने तर अलग्गै खाना पकाएर खाने चिडिमार जातिको एउटा छुट्टै विशेषता रहँदै आएको पाइन्छ ।

अहिलेको आधुनिकता र पश्चिमी सभ्यताको प्रभाव बढ्दै गएको नेपाली समाजमा मानिसहरू संयुक्त परिवारमा भन्दा एकल परिवारतर्फ बढी आकर्षित हुँदै गएको पाइन्छ । यसले गर्दा परिवार टुक्रने क्रम पनि निकै बढ्दो अवस्थामा अगाडि बढीरहेको छ । त्यसमा पनि ग्रामीण समाजको तुलनामा सहरी क्षेत्रका मानिसहरूमा एकल परिवारको आकर्षणले तिव्रता पाएको छ । त्यहीअनुरूप चिडिमार जातिको परिवारमा पनि यस्तो बाह्य समाजको प्रभाव दिनानुदिन बढ्दै गइरहेको पाइन्छ । उनीहरू बिस्तारै एकल परिवारमा बस्न रुचाउँने हुँदै गइरहेका छन् । नेपालको तराईका अन्य दलित समाजमा जस्तै चिडिमार जातिको समाज र परिवारमा समेत महङ्गीका कारण घरमूलीलाई ठूलो परिवार चलाउन कठिन पर्दै गएको छ । यसबाट छुट्कारा पाउनका लागि चिडिमार जातिका संयुक्त परिवारका घरमूलीहरूले नै आफ्ना छोरा, बुहारीहरूलाई बिस्तारै अलग्गिन प्रेरित गर्न थालेका छन् (चिडिमार(दरवारि), ९ आश्विन २०७०) । परिवार टुक्रिदै गएमा घरमूलीको सङ्ख्या बढ्ने र उसले

आफ्नो परिवारको भरणपोषणका लागि बढी मिहिनेतका साथ काम गर्ने हुँदा आम्दानी पनि बढ्ने र घर गृहस्थी चलाउन सजिलो हुने महसुस चिडिमार जातिको परिवारले पनि गर्न थालेको पाइन्छ ।

चिडिमार जातिको एकल परिवारमा भन्दा संयुक्त परिवारमा त्यस्ता केही विकृति र विसङ्गतिहरू कायमै रहेका पाइन्छन् । त्यस्तो व्यवस्थाले परिवारको उन्नति प्रगतिमा अवरोध पुऱ्याइरहेको पाइन्छ । त्यस्ता संयुक्त परिवारमा कुनै सदस्यले बढी मिहिनेत गर्ने र कुनैले काम नगरी घुमफिर गरेर मात्र खाने, बस्ने गर्न थालेपछि पारिवारिक मनमुटाव पनि बढ्ने गरेको पाइन्छ । अधिकांश चिडिमार जातिका मानिसहरू सहरी क्षेत्रका बासिन्दा भएका कारण उनीहरूले अन्य वर्ग र समाजको सिको वा नक्कल पनि बढी नै गर्न थालेका छन् । यस जातिमा केही समय अगाडिसम्म पनि परिवारका सबै दाजुभाइले कमाएर ल्याएको पैसा घरखर्चका लागि घरमूली वा बाबुलाई दिने र बाबुले नै परिवारको खटनपटन गर्ने गर्दै आएका थिए । तर अहिले आएर परिवारका सदस्यहरूमध्ये पनि धेरै पैसा कमाउने सदस्यले कम पैसा कमाउने सदस्यलाई होच्याएर बोल्ने तथा हेपाहा व्यवहार गर्ने प्रचलन बढ्दै गएको छ (चिडिमार(मुनई), १० आश्विन २०७०) । यसले चिडिमार जातिको परम्परागत संयुक्त परिवारप्रथामा नकारात्मक प्रभाव पार्न थालेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूको परिवारमा वर्तमान समयमा घर झगडा र मुद्दामामिलाको सङ्ख्या पनि दिनानुदिन बढ्दै गएको देखिन्छ । तर यस जातिका मानिसहरूले सरकारी न्यायीक अङ्गमा गएर उजुरी नगर्ने हुनाले त्यस्ता झैझगडा तथा मुद्दा मामिलाको मिलान गाउँटोलबाटै वा चिडिमार जातिको न्यायीक संस्था पञ्चायतले नै मिलाउने गरेको पाइन्छ । यस जातिका मानिसहरूले पञ्चायतको फैसलालाई नै अन्तिम फैसला मानेर त्यसैलाई कार्यान्ययन गर्ने गर्दछन् । शिक्षाको कमी र निकै पिछडिएका चिडिमार जातिका मानिसहरूले आफ्नो पारिवारिक व्यवस्था सञ्चालन गर्ने सवालमा भने निकै चतुऱ्याई, अनुशाशित र कुशलतापूर्वक गर्ने गरेको पाइन्छ । त्यही व्यवस्थाका कारण उनीहरूको समाजमा कायम रहँदै आएका वृहत वा संयुक्त परिवारहरू पनि राम्रोसँग चल्न सकेको देखिन्छ । त्यस्तो हुँदाहुँदै पनि वर्तमान अवस्थासम्म आइपुग्दा चिडिमार जातिको पारिवारिक संरचनामा केही फेरवदल आई संयुक्त परिवार एकल परिवारमा रूपान्तरित हुने क्रम अगाडि बढीरहेको छ (चिडिमार(जग्गु), २० फल्गुण २०७०) । यस जातिका मानिसहरूको परिवारमा घरमूली, घरका बूढापाका, हजुरबा, हजुरआमालाई विशेष मानमर्यादा गर्नुपर्ने परम्परागत प्रचलन छ । परिवारका ती जेष्ठ नागरिकहरूले पनि आफ्नो परिवारका अन्य सदस्यहरूलाई अर्तिउपदेश दिने, परिवारका सदस्यहरूलाई सुमार्गमा हिड्न प्रेरणा प्रदान गर्ने गर्दछन् । उनीहरूले आफ्ना विगतका

अनुभवहरू सुनाउने, आफ्नो जातिका परम्परागत संस्कारहरूका बारेमा नयाँ पुस्तालाई जानकारी गराउने, अह्राइसिकाई गर्ने गर्दछन् ।

चिडिमार जातिको परिवारमा खटनपटनको काम घरमूलीले मात्र गर्ने प्रचलन छ । घरमूली हुनका लागि परिवारको उमेरले सबैभन्दा जेठोबाठो हुनु पर्दछ । तर घरमूलीको उमेर निकै बढी हुँदैगएर आफ्ना दैनिक कामकाजहरूमा अवरोध आउन थालेमा वा परिवारका सदस्यहरूलाई नियमित रूपले परिचालन गर्न असमर्थ भएको अनुभव हुँदै गएमा उसले आफ्नो जिम्मेवारी जेठो छोरालाई सुम्पिदै जाने प्रचलन रहेको छ (चिडिमार(केतका), १२ आश्विन २०७०) । आफ्ना वृद्ध हुँदै गएका अभिभावकबाट घरमूलीको जिम्मेवारी पाएपछि उसको जेठो छोराले बाबुसँग सरसल्लाह र सोधपुछ गरी घरपरिवार चलाउने गर्दछन् ।

यस चिडिमार जातिमा उमेरले पाको वा असक्त हुँदै गएपछि पूर्वघरमूलीले घरभित्र र आसपासका कामहरू मात्र गर्ने गर्दछन् । खेतबारीमा काम गर्न, जङ्गलमा चराचुरुङ्गी समात्न/मार्न, ज्याला मजदुरी गर्न जानेजस्ता कामहरू उनीहरूले विस्तारै छोड्दै जाने गर्दछन् । त्यस्तो उमेरका मानिसहरूले परिवारका अन्य सदस्यहरू काममा गएका बेला घरमा बालबच्चाको हेरविचार गर्नेजस्ता सामान्य कामहरू पनि गर्ने गर्दछन् । यसका अतिरिक्त उनीहरूले घरको रखवारी गर्ने, अन्न बिस्कुन सुकाउने, उठाउने, कुटनी पिसनी गर्ने, बिउ राखिएका बियाडहरू कुर्ने, घरगोठमा बाँधिएका पशुहरूलाई घाँसपराल, दानापानी दिने, पिरूका, मोहडा, कुचो, नाङ्लो जस्ता घरायसी प्रयोगका सामानहरू बुन्ने, आवश्यक परेमा खाना पकाउने र घर परिवारका सदस्यहरू बाहिरका कामबाट थाकेर आएका बेला पानी पिउन, नास्ता खान दिनेजस्ता कामहरू पनि गर्ने गर्दछन् (चिडिमार (जगराना), २० फाल्गुण २०७०) । परिवारका सदस्यहरू घरमा आएपछि ती बुढापाकाहरूले उनीहरूका कामका बारेमा रुचीपूर्वक जिज्ञासा राख्ने र युवाहरूले पनि आफ्ना कार्य अनुभव सुनाउने गर्दछन् ।

चिडिमार जातिको परिवारमा सामान्यतः दश वर्षको उमेरभन्दा माथिका परिवारका सबै सदस्यहरूलाई उनीहरूको कार्य क्षमताका आधारमा दैनिक कामकाजहरूको बाँडफाँड गरेर जिम्मा लगाउने परम्परा रहँदै आएको पाइन्छ । आजभन्दा १०-१२ वर्ष अगाडिसम्म पनि चिडिमार जातिको परिवारका २० देखि ५०-५५ वर्षको उमेर समूहका मानिसहरू जङ्गलमा गएर चराचुरुङ्गी मार्ने/समात्ने काममा खटिने गर्दथे तर अहिले भने प्रायःजसो युवावर्गका मानिसहरू दैनिक ज्याला मजदुरी गर्न खटिने गर्दछन् । कतिपय संयुक्त परिवारबाट अलग हुँदै गएका कारण चिरिमार जातिका युवाहरूले आजाभोली आफैँले घरमूलीको जिम्मेवारी पनि बहन गर्दै आएका छन् (चिडिमार

(भागरानी), १४ आश्विन २०७०) । आजभोली चिडिमार जातिका युवाहरू अन्य समाज र जातजातिका मानिसहरूको देखासिखीका कारण काममा बढी नै व्यस्त रहने, केही मात्रामा भएपनि पैसा कमाएर घर राम्रो बनाउने, सजाउने तथा घरमा टेलिभिजन, मोवायल फोन आदि विलासिताका सामानहरू जोरजाम गर्नेजस्ता काममा आकर्षित हुँदै गएको पाइन्छ ।

### ५.२.२ चिडिमार जातिको परिवारको आकार

चिडिमार जातिका मानिसहरू एकल र संयुक्त तथा वृहत दुवै खालका परिवारमा बसोबास गर्ने हुनाले यस जातिमा यति नै जनाको परिवार हुन्छ भनी किटान भएको हुँदैन । तथापि स्थलगत अध्ययनका क्रममा बाँके जिल्लाको नेपालगन्ज नगारपालिका वार्ड नं. १६ बेलासपुरमा बसोबास गर्दै आएका पच्चीस घरपरिवार र शमशेरगन्ज गा.वि.स. वार्ड नं. ७ हवल्दारपुर, वार्ड नं. ६ चौधरिया गाउँ र वार्ड नं. ५ प्रेमपुरमा बसोबास गर्दै आएका कुल १५ घरपरिवार गरी जम्मा ४० वटा घरपरिवारमा गरिएको अध्ययनका आधारमा विगत पाँच वर्षको अवधिमा भएको पारिवारको अवस्था यस्तो रहेको पाइएको छ ।

**तालिका नं. ३ : संयुक्त परिवारबाट एकल परिवारतर्फ केन्द्रीत बन्दैगएको चिडिमार जातिको परिवारको स्वरुप**

| क्र.सं. | परिवारको अवस्था | वि.सं.२०६७ | वि.सं.२०६८ | वि.सं.२०६९ | वि.सं.२०७० | वि.सं.२०७१ |
|---|---|---|---|---|---|---|
| १. | संयुक्त | ३२ | २५ | १९ | १७ | १४ |
| २. | एकल | ८ | १५ | २१ | २३ | २६ |

स्रोत : विभिन्न समयमा गरिएको स्थलगत अध्ययन तथा चिडिमार जातिका मानिसहरूसँगको सोधपुछका आधारमा ।

माथिको तालिकाका आधारमा चिडिमार जातिमा एकल परिवारको सङ्ख्या दिनानुदिन बढ्दै गएको देखिन्छ । चालीसवटा घरपरिवारमा गरिएको अध्ययनमा वि.सं.२०६७ सालमा संयुक्त परिवारको सङ्ख्या ३२ रहेकोमा पाँच वर्षकै अवधिमा त्यो सङ्ख्या घटेर १४ मा आइपुग्नुले पनि यस जातिमा एकल परिवारप्रतिको आकर्षण निकै तिव्र गतिमा बढ्दै गएको देखिन्छ । तथापि यो समाजमा केही वर्ष भित्रमा सबैजसो मानिसहरू एकल परिवारमा रुपान्तरित हुने सम्भावना भने निकै कम देखिन्छ किनकी यस अध्ययनका क्रममा केही युवाहरूले आफूहरू एकल परिवारमा हतारिएर रुपान्तरित भएको र त्यसले गर्दा धेरै समस्याहरू भोल्नु परेको पनि कुरा व्यक्त गरेका थिए । चिडिमार जातिका केही

मानिसहरू एकल परिवारबाट पुनः संयुक्त परिवारमा बदलिएको पनि पाइएको छ । मानिसले कृषि र पशुपालन व्यवसाय अंगाल्दा संयुक्त परिवार उपयुक्त हुने र अन्य मजदुरी सम्बन्धी व्यवसाय गर्न थालेपछि स्वभावैले परिवार एकल बन्दै जाने गर्दछ (वेरेमेन, १९७२ ई., पृ. ३८) । यस्तो प्राकृतिक नियम चिडिमार जातिमा पनि लागु भएको पाइएको छ । वर्तमान समयमा चिडिमार जातिका युवायुवतीहरू विवाह भएपछि छुट्टै बस्न रूचाउने हुँदै गएका छन् (चिडिमार(अन्जनी), प्रश्नोत्तर, १० फाल्गुण २०६९) । यस जातिको परिवार टुक्रने र एकल परिवारको सङ्ख्या पनि वृद्धि हुने क्रम बढ्दै गएको देखिन्छ ।

अध्ययनका क्रममा अवलोकन गरिएका घरपरिवारहरूमध्ये नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरमा रहेका परिवारहरूमा सबैभन्दा बढी १५ जनाको  र सबैभन्दा कम ३ जनाको परिवार रहेको पाइएको थियो । त्यसै गरी शमशेरगन्ज गा.वि.स.का तीनवटै वडाहरूमा गरिएको अध्ययनका आधारमा बढीमा १२ जनाको र कम्तिमा एक जनाको परिवार रहेको पाइएको छ । यसका आधारमा चिडिमार जातिका मानिसहरू एकल र संयुक्त वा वृहत् दुवै खालका परिवारमा बस्ने गरेको देखिन्छ ।

चिडिमार जातिको परिवार फुटेमा आफ्नै जातिका गन्यमान्य मानिसहरू आएर त्यस परिवारका सबै सदस्यहरूलाई एक ठाउँमा भेला गरी अंशवण्डा गरिदिन्छन् । गाउँका भद्रभलाद्मीहरूले लगाइदिएको अंशका आधारमा यति जमिन वा घर घडेरी तिम्रो हो भनेको मौखिक आधारका भरमा उनीहरूले पुस्तौसम्म पनि त्यही जमिनमा खेतिपाती गर्ने तथा घरबास जमाएर बस्ने गरेको पाइन्छ । केही पुस्ता वितिसकेपछि मात्र यस जातिका मानिसहरूले आफूले पाउने जग्गाजमिन खोज्ने गर्दछन् (चिडिमार(पञ्चराम), ११ आश्विन २०७०) । केही वर्ष अगाडिसम्म तीन-चार पुस्तापछि मात्र जग्गाजमिन नामसारी गरेर लिने गर्दै आएका चिडिमार जातिका परिवारमा आजभोलि भने बाबु आमाको मृत्यु भएपछि छोराबुहारीले मालपोत कार्यालयमा गएर जग्गाजमिन नामसारी गर्ने र आफ्नो नाममा लालपूर्जा लिने क्रम बढ्दै जान थालेको पाइन्छ ।

### ५.२.३ **चिडिमार समाजमा महिलाको स्थान**

बर्बर युगमा मानव समाज र परिवार मातृसतात्मक स्वरुपको थियो (एन्गेल्स, २०६५ वि.सं., पृ. ५१) । त्यतिबेला एउटै महिलाका धेरै लोग्ने र एउटा पुरुषका धेरै पत्नी पनि हुन सक्दथे ।  हिन्दू सभ्यताको विकासकालको पूर्वार्द्धमा पनि नारीलाई एउटा अद्भुत शक्तिका रुपमा अर्थ्याउने गरिएको थियो (गेटउड, १९८५ ई., पृ. ३-५) । समय वित्दै जाँदा हिन्दू समाजमा महिलाको पारिवारिक भूमिका

गहन बन्दै गए पनि सामाजिक मर्यादा कम हुँदै गएको थियो । त्यो अवस्था खासगरी वैदिककालभन्दा पछाडि क्रमिक रुपले देखापर्दै गएको थियो । मनुस्मृतिकालसम्म आइपुग्दा हिन्दू समाजमा 'महिला अविवाहित रहँदा बाबु र दाजुभाइको, विवाह भएपछि लोग्नेको र विधवा भएपछि छोराको नियन्त्रणमा रहनु पर्दछ' भन्ने भावनाको विकास भइसकेको थियो (दिक्षित, २०५६ वि.सं., पृ. १४) । बालविवाह, बहुविवाह, अनमेल विवाह, सतीप्रथा, देउकीप्रथा जस्ता कुरीतिहरू विकसित हुँदै जाँदा महिलाहरू समाजमा दलित समानको स्तरमा कायम हुन पुगेका थिए (बराल, २०५० वि.सं., पृ. १५६) । विस्तारै हिन्दू समाजमा महिलाहरू प्रतिष्ठाबाट बन्चित हुँदै गएर सामाजिक रूपले नियन्त्रित हुँदापनि त्यसलाई नियतिमात्र ठान्न थालेका थिए । त्यही क्रमममा हिन्दू समाजमा स्त्रीले गरेको काममा पतिको अनुमति छ भने त्यो प्रमाणित हुन्छ । पति नभएमा छोराको त्यसमा अनुमति छ भने त्यो प्रमाणित हुन्छ । पति वा पुत्र दुबै नभएमा त्यसमा राजाले अनुमति दिनु पर्छ, त्यसपछि मात्र स्त्रीले गरेको काम प्रमाणित ठहरिन्छ भन्ने स्वरुपका सामाजिक नियमहरू हिन्दू समाजमा बन्दै गएका थिए (पन्त, २०६५ वि.सं., पृ. ११) । भारतमा विकसित भएको हिन्दू सामाजिक अधिनियमको प्रतिविम्बका रूपमा नै नेपाली हिन्दू समाजको पनि विकास भएका कारण नेपालमा बसोबास गर्ने हिन्दू धर्मावलम्बीहरू पनि आदिमकालदेखि नै त्यसका भागिदार बन्दै आएका थिए (उपाध्याय, २०५२ वि.सं., पृ. ९१-९२) । नेपालको तराईको समाज धेरैजसो हिन्दू जातिबादका आधारमा अगाडि बढ्दै आएको हुनाले यसको प्रभाव चिडिमार समाजमा पनि परेको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका हिन्दू धर्मावलम्बी जातजातिहरूका महिलाहरू, त्यसमा पनि दलित समुदायका महिलाहरूको सामाजिक अस्तित्व पुरूषहरूको तुलनामा अझै बढी पिछडिएको अवस्थामा रहेको पाइन्छ । चिडिमार नेपालको तराईमा बसोबास गर्ने निकै पिछडिएको दलित समुदायमा पर्ने जाति भएका कारण यस जातिका महिलाहरूमा चेतनाको कमी रहेको पाइन्छ । आर्थिक, शैक्षिक, स्वास्थ्य जस्ता विविध कारणहरूले पछाडि परेका यस जातिका महिलाहरू सामान्यतः रिसाहा र झगडालु स्वभावका जस्ता देखिए पनि यथार्थमा त्यस्ता भने हुँदैनन् । वास्तवमा चिडिमार समाजमा पुरूषहरूको तुलनामा महिलाहरू धेरै अनुशाशित र मर्यादित तथा जिम्मेवारी र होसियारीपूर्ण तवरबाट अगाडि बढीरहेका हुन्छन् । सामान्यतः हिन्दू महिलाहरू घरबाहिरका कामकाजमा भन्दा घरभित्रका कामकाजमा बढी व्यस्त रहने परम्परा जस्तै बन्दै आएअनुरूप अधिकाङ्श चिडिमार जातिका महिलाहरू पनि खाना पकाउने, घरआँगन सफा सुग्घर राख्ने, पानी बोक्ने, लिपपोत गर्ने, बालबच्चाको स्याहारसुसार गर्नेजस्ता घरायसी कामकाजहरूमा नै बढी व्यस्त रहने गर्दछन् (चिडिमार(रिता), १७ आश्विन २०७०) । यस जातिमा प्रायःजसो १०-११ वर्ष उमेरभन्दा

माथिका छोरीहरूले वा छोरी नभएमा नवविवाहिता बुहारीहरूले र बुहारी पनि नभएमा मात्र परिवारका पाका महिलाहरूले खाना पकाउने गर्दछन् । यस जातिमा एउटा छुट्टै विशेषता के छ भने परिवारमा जसले खाना पकाउँदछ उसैले मात्र खाना पस्किनु पर्दछ भन्ने मान्यता छ (चिडिमार(जगरानी), २ आश्विन २०७०) । पुरूषप्रधान समाज भएका कारण चिडिमार जातिको परिवारमा महिलाहरू निकै कम मात्र घरमूली हुने गर्दछन् । उनीहरूले सामान्यतः परिवारको घरमूली वा जेठो छोराको निर्देशनमा काम गर्नुपर्ने परम्परा रहँदै आएको पाइन्छ ।

तराईका दलित समुदायहरूमध्येमा चिडिमार जातिका माहिलाहरूको अवस्था अन्य समुदायको तुलनामा केही राम्रो भएको पाइन्छ । घरायसी विशेष कामहरूमा चिडिमार जातिका महिलाहरूले आफूखुसी निर्णयहरू पनि लिन सक्दछन् । कहिलेकाँही चिडिमार जातिका महिलाहरूले पुरूषहरूलाई राम्रा काम गर्न प्रेरित गर्ने वा बाध्य पार्ने पनि गर्दछन् । यस जातिको परम्परागत पेसा चरा मार्ने भएका कारण पहिलेदेखि नै पुरूषहरू जङ्गलमा शिकारका लागि गएका बेला महिलाहरूले नै आफ्नो घरव्यवहार चलाउदै आएका कारण अहिले पनि यस जातिका महिलाहरू घरव्यवहार चलाउन निकै सिपालु हुन्छन् भन्ने मान्यता रहँदै आएको पाइन्छ (चिडिमार(डिठे), १३ भाद्र २०६८) । वर्तमान समयमा पनि चिडिमार जातिका पुरूषहरू ज्याला मजदुरी गर्न वा कामका सिलसिलामा घरवाहिर नै व्यस्त रहने हुँदा घरव्यवहारका धेरैजसो कामहरू चिडिमार महिलाहरूले नै गर्ने गर्दछन् (चिडिमार( अनिता), प्रश्नोत्तर, १२ फाल्गुण २०६९ । घरव्यवहारका अतिरिक्त चिडिमार जातिका महिलाहरूले खेतबारीको काम पनि गर्दछन् । हुनत यस जातिका अधिकांश मानिसहरूको आफ्नो खेतीयोग्य जमिन हुँदैन तापनि उनीहरूले अर्काको खेतबारी बटैया वा अधियाँमा लगाउने गर्दछन् । त्यस्ता खेतबारीमा धेरैजसो महिलाहरूले नै काम गर्ने गर्दछन् । यस जातिका केही महिलाहरूले आफ्ना करेसाबारीमा तरकारीहरू पनि उत्पादन गर्ने गरेको पाइन्छ । साथै कतिपय महिलाहरू अर्काको घरमा ढिकी जाँतो वा कुटनीपिसनी जस्ता कामहरू गरेर आफ्नो घर परिवार पाल्ने वा जीविका चलाउने गरेको पाइन्छ । नेपालगन्जको बेलासपुर क्षेत्रका चिडिमार जातिका केही महिलाहरूले स्थानीय धान कुट्ने मेसिनहरूमा पनि काम गर्ने गरेका छन् ।

चिडिमार जातिका केही नगन्य आर्थिक अवस्था राम्रो भएका परिवारभन्दा बाहेकका अन्य सबैजसो परिवारका महिलाहरूले पुरूषहरूका तुलनामा धेरैजसो हल्का र सानातिना कामहरू मात्र गर्ने गर्दछन् । यस जातिका महिलाहरू आफ्नै जाति समूहबाट निकै कम दवित र शोषित भएको पाइन्छ । यस जातिका पुरुषहरूले महिलाका काममा त्यति हस्तक्षेप गर्न मन पराउँदैनन् । सामान्यतः घर बाहिरका सामाजिक कामकाजहरू गर्दा, आर्थिक बोझ पर्ने तथा केही खर्चिला कामकाज गर्दा

चिडिमार जातिका पुरूषहरूले घरका महिलाहरूसँग सरसल्लाह गरेर मात्र निर्णय लिने गर्दछन् । चिडिमार जातिका सबैजसो घरपरिवारमा पुरूषहरू नै घरमूली हुनुपर्दछ भन्ने मान्यता रहे पनि ती घरमूलीहरूले समेत परिवारमा विशेष कामहरूको निर्णय लिनुपर्दा महिलाहरूसँग सरसल्लाह नगरी गर्न सक्दैनन् । चिडिमार जातिको परिवारमा बुहरीलाई पनि छोरी समानकै व्यवहर गर्ने हुनाले तराईका अन्य जातजातिहरूका तुलनामा चिडिमार जातिका महिलाहरूले धेरै स्वतन्त्रता पाएको देखिन्छ । तथापि केही परिवारमा दहेज वा दाइजो प्रथाको प्रभावका कारण एउटै परिवारमा पनि धेरै दाइजो ल्याएका बुहरीलाई र कम दाइजो ल्याएका बुहरीलाई भेदभावको व्यवहार गर्ने गरेको पाइन्छ । त्यस्ता विभेधकारी व्यवहारका कारण यस चिडिमार जातिका केही परिवारका बुहारीहरू माइतमा नै गएर बस्ने गरेको पनि पाइन्छ । बाँके जिल्लाका केही चिडिमार परिवारका युवाहरूको विवाह भारतका उत्तरी सीमावर्ती गाउँका विभिन्न ठाउँहरूमा हुने गरेका कारण नवविवाहिता युवतीहरू संस्कारगत भिन्नताका कारण पनि घरमा सामान्य विवाद हुँदासमेत घर छाडेर माइती घरमा गएर बस्ने गरेको पाइन्छ ।

चेतनाको कमीका कारण नेपालको तराईका दलित महिलाहरू अन्य क्षेत्रका महिलाहरूको तुलनामा सामाजिक रूपले अझै बढी पीडित भएको पाइन्छ । समग्र नेपाली महिलाहरू वर्गीय, जातीय र लिङ्गीय गरी तीन प्रकारका कारणहरूले विभेदीकरणमा परेका छन् भने तराईका दलित महिलाहरू वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय र भाषिक गरी पाँचवटा कारणहरूले विभेदीकरणमा पर्ने गरेका छन् (आहुति, २०६७ वि.सं., पृ. १६४) । त्यसमा पनि पिछडिएको जाति भएका कारण चिडिमार जातिका मानिसहरूले महिलाहरू गर्भवती भएका बेला समयसमयमा अस्पताल तथा स्वास्थ्य चौकीमा लगेर जाँच नगराउने हुँदा कतिपय महिलाहरूले अकालमा नै ज्यान गुमाउँदछन् भने कतिपयका बीचैमा गर्भपतन हुने गरेको पनि पाइन्छ ।

चिडिमार जातिका मानिसहरूमा जानकारीको अभाव र आर्थिक अवस्थासमेत कमजोर भएका कारण सुत्केरी अवस्थामा महिलाहरू पोषणयुक्त खानाको अभाव भएर निकै दुब्लापातला र ख्याउटे देखिन्छन् । त्यसमा पनि वर्षेनी सुत्केरी हुने महिलाहरूको अवस्था अझै दयनीय हुने गरेको पाइन्छ । सुत्केरी गराउन चिडिमार जातिमा घरमा नै परम्परागत सुढिनीहरूको व्यवस्था गर्ने प्रचलन रहँदै आएको छ । त्यसैले उनीहरू अस्पतालहरूमा उपलब्ध आधुनिक प्रविधिको प्रयोगबाट बन्चित रहँदै आएका छन् । शैक्षिक चेतनाको कमीका कारण यस जातिका मानिसहरूले बढी सन्तान जन्माउने तथा परिवार नियोजनका साधनहरूको उचित प्रयोगको अभावका कारण महिलाहरू नै यसबाट पनि बढी पीडित हुने गर्दछन् (चिडिमार(सन्तोषी), ११ आश्विन २०७०) । नेपालमा मदिरा सेवन

दलितहरूमा भएको एउटा प्रमुख समस्या हो (झा(दिब्या), २०५७ वि.सं., पृ. ५३) । पुरूषहरूले मदिरा सेवन गरी मात्तिएर आएका बेला बखेडा झिकेर महिलाहरूसँग अनावश्यक रूपमा झगडा गर्ने गर्दछन् । कतिपय चिडिमार परिवारमा पुरूषहरूले मदिरा सेवन गरी महिलाहरूलाई कुटपीट गर्ने गरेका कारण उनीहरूको घरिवार नै उजाड हुने गरेका घटनाहरू पनि पाइन्छन् । त्यस्तो बेलामा महिलाहरू यौनजन्य हिंसाका अतिरिक्त अन्य विविध खालका घरेलु हिंसाबाट पीडित हुन पुग्दछन् ।

समयको परिवर्तनसँगै चिडिमार जातिका महिलाहरूमा पनि सामाजिक चेतनाको विकास भने क्रमिक रूपमा अगाडि बढ्न थालेको पाइन्छ । बाँके एउटा सुगम जिल्ला भएका कारण यस क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले सञ्चालन गर्दै आएका सामाजिक चेतनामूलक कार्यक्रमहरूमा चिडिमार जातिका महिलाहरू पनि समावेस हुन थालेका छन् । स्थानीय क्षेत्रमा सञ्चालित 'महिला मिलिजुली संस्था,' 'दिदीवहिनी उपकार संस्था' जस्ता संस्थाहरूबाट चिडिमार जातिका महिलाहरूले घरखर्चमा कटौती गरी केही आर्थिक बचत गर्ने बानीको पनि विकास गर्न सुरू गरेको पाइन्छ । आवश्यक परेका बेला ती महिलाहरूले आफूले बचत गरेको संस्थाबाट ऋण लिएर चाडवाडका बेला तथा विवाह उत्सव आदि समयमा पुरूषहरूलाई आर्थिक सहयोग पनि गर्न थालेका छन् । चिडिमार जातिका कतिपय महिलाहरू आफ्नै जातिका मानिसहरूले स्थापना गरेका 'बहेलिया चिडिमार विकास समाज,' 'सामाजिक विकास केन्द्र,' 'बाल विकास केन्द्र' जस्ता संस्थाहरूमा पनि सहभागी भएका पाइन्छन् । अहिले यस चिडिमार जातिका महिलाहरूले पनि तरकारी खेती गर्ने तालिम, स्वयम्सेविकाको तालिम तथा सिलाई कटाई जस्ता व्यवसायमूलक तालिमहरू लिएर आफ्नै कामहरू गर्न पनि उत्सुक हुँदै गएको पाइन्छ । त्यस्ता सरकारी र गैरसरकारी संघसंस्थाहरूले दिने गरेका चेतनामूलक तालिमहरूले चिडिमार जातिका महिलाहरूमा विस्तारै चेतनाको विकास हुँदै जान थालेको छ (स्थलगत अध्ययन, १ देखि २१ आश्विन २०७०) । त्यसमा पनि ग्रामीण क्षेत्रमा बस्दै आएका चिडिमार जातिका महिलाहरूका तुलनामा सहरी क्षेत्रमा बस्ने महिलाहरूमा यसको छिटो प्रभाव पर्ने गरेको पाइएको छ ।

चिडिमार समाजमा महिला विधवा भएमा पुनर्विवाह गर्ने प्रचलन छैन । तथापि यसका केही अपवादहरू भने पाइन्छन् । हिन्दू परम्परानुसार विधवा महिलाले रातो कपडा, हातमा चुरा, सिउँदोमा सिन्दूर र निधारमा रातो टीका लगाउनु हुँदैन भन्ने मान्यता भएअनुरूप नै चिडिमार जातिका महिलाहरूले पनि त्यस नियमलाई पालना गर्दै आएको पाइन्छ । तर नेपालको तराई क्षेत्रमा विद्यमान हिन्दू सामाजिक कट्टरताको तुलनामा चिडिमार समाजमा केही खुकुलो रहेको पाइन्छ । यस जातिका विधवा महिलाहरूले पूरै रातो कपडा नलगाए पनि सामान्य रातो किनारा भएका मिश्रित कपडाहरू

लगाउनबाट भने बन्चित हुँदैनन् । ती विधवा महिलाहरूले हातमा काँसका चुराभन्दा बाहेक अन्य चाँदी, फलाम आदि धातुका चुरा भने लगाउने गरेको पाइन्छ । यस चिडिमार समाजमा विधवा महिलालाई केही नकारात्मक दृष्टिले हेर्ने, भेदभावको व्यवहार गर्ने, होच्याएर बोल्ने, समाज तथा घर परिवारबाट समेत अपहेलना गर्ने गरेको पाइन्छ । यस समाजमा भाग्य नराम्रो भएमा महिलाहरू विधवा हुन्छन् भन्ने मान्यता रहँदै आएको छ (चिडिमार(नारायणदेई), १८ आश्विन २०७०) । कलिलै उमेरमा नै विधवा भएमा घरपरिवार र समाजबाट निकै पीडित हुने गरेका कारण आजभोलि त्यस्ता महिलाहरू धेरैजसो माइती घरमा नै बस्ने र माइतीहरूले नै उनको पुनः विवाह गरिदिने गरेको पनि पाइन्छ । यस जातिका केही बालविधवाहरू पतिका नाममा 'भगत' भएर बस्ने गरेका पनि पाइन्छन् । माछामासु नखाने एक प्रकारको साधुजस्तै भएर पूजापाठमा बढी व्यस्त रहने मानिसलाई चिडिमार समाजमा भगत भनिन्छ । तर बालबच्चा भइसकेका विधवाहरूको भने निकै कम मात्र पुनः विवाह हुने गरेको पाइन्छ ।

चिडिमार समाजमा विधवा भएपछि महिलाको सामाजिक प्रतिष्ठा निकै घट्दछ । समाजका केही खराव प्रवृत्ति भएका मानिसहरूले उनीहरूलाई विभिन्न खालका लान्छनाहरू लगाउने गर्दछन् । त्यस्ता अनावश्यक लान्छनाहरूलाई पनि उनीहरूले चुपचाप सहन बाध्य हुन्छन् । यस जातिमा विधवाहरूको सार्वजनिक स्थानमा निकै कम उपस्थिति हुने गर्दछ । उनीहरू प्रायःजसो आफैले ओडेको धोतीको सप्कोले टाउको ढाकिरहने गर्दछन् । हुनत चिडिमार जातिका विवाहिता महिलाहरूमा यसरी नै टाउको ढाक्ने प्रचलन रहँदै आएको पाइन्छ । यस जातिका महिलाहरूले जेठाजु र ससुरालाई खाली टाउको देखाउनु हुँदैन भन्ने मान्यता छ । यसरी टाउको ढाक्ने क्रममा प्रायः सधैंजसो ढाक्ने बानी परेका हुन्छन् (चिडिमार(कोइली), १४ आश्विन २०७०) । तथापि सधवाको तुलनामा चिडिमार समाजमा विधवा महिलाहरूले धेरै सतर्क भएर कामकाज गर्नुपर्ने र त्यसो गर्दा पनि अनावश्यक सास्ती खेपिरहनु पर्ने गरेको पाइन्छ ।

### ५.२.४ चिडिमार समाजमा बालबालिकाको अवस्था

चिडिमार जातिको समाजमा बालबालिकाको स्थान छुट्टै रहेको हुन्छ । चिडिमार जातिका बालबालिकाहरूले यस समाजमा स्वतन्त्रतापूर्वक हुर्कने बढ्ने अवसर पाएका हुन्छन् । यस जातिका बालबालिकाहरूका सम्बन्धमा सामान्य रूपबाट हेर्दा उनीहरू आफ्ना अभिभावकहरूबाट निर्देशनविहिन अवस्थामा छाडिएका जस्ता देखिन्छन् । तर यथार्थमा यस जातिका बालबालिकाहरूले उमेरअनुसार

छोराले बाबुलाई र छोरीले आमालाई कामधन्दामा सघाउने पनि गर्दछन् । छोरा हुन् वा छोरी चिडिमार परिवारमा बालबालिकाहरूलाई आफूभन्दा साना भाइबहिनीहरूको हेरचाह गर्न विशेष रूपमा खटाउने प्रचलन छ (शर्मा, २६ भाद्र २०६८ र २७ फाल्गुण २०७०) । यस जातिका बालिकाहरू उमेरले सात-आठ वर्ष पुगेपछि लिपपोत गर्ने, घर आँगन बडार्ने, पानी ओसार्ने, भाँडा माझ्ने, खाना पकाउने, लुगा धुनेजस्ता कामहरू गर्न थाल्दछन् । त्यसै गरी चिडिमार जातिका छोराहरू पनि आठ-दश वर्षको उमेर पुगेपछि बाबुको कामधन्दामा सघाउन थाल्दछन् । यस उमेरका बालकहरूलाई चिडिमार जातिका मानिसहरूले पसलमा सामान किन्न पठाउने, खेतबारीमा खाजा, नास्ता पुऱ्याउन लगाउने, माछा मार्दा आफूसँगै लैजाने जस्ता सानातिना कामहरू गर्न लगाउँदछन् । यस जातिका बस्तीहरूमा करिव सात-आठ वर्षभन्दा माथिका बालबालिकाहरूले आफूभन्दा साना भाइबहिनीहरूलाई पीठ्युँमा बोकेर सडकका छेउछाउमा हिड्दै गरेका देखिन्छन् । यसका आधारमा पनि चिडिमार जातिका बालबालिकाहरू सानै उमेरदेखि आफ्नो परिवार र समाजप्रति सम्वेदनशील र लगनशील हुने गरेको पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिमा पनि बालबालिकालाई विद्यालयमा पठाउनु पर्दछ भन्ने भावनाको विकास क्रमिक रूपमा हुँदै गएको पाइन्छ । केही धनीमानी परिवारका मानिसहरूले आफ्ना बालबालिकाहरूलाई अङ्ग्रेजी माध्यमका बोडिङ्ग स्कुलहरूमा भर्ना गरेर पनि पढाउन थालेका छन् भने अन्य सर्बसाधारण चिडिमारहरूले आफ्ना बालबालिकाहरूलाई सरकारी विद्यालयमा पठाउँदछन् । प्लान नेपाल, सेतो गुराँस आदि गैरसरकारी संस्थाहरूले चिडिमार बालबालिकाहरूलाई साक्षर तुल्याउनका लागि पूर्वप्राथमिक विद्यालयहरू खोलिदिएका कारण दुई-तीन वर्ष उमेरका यस जातिका बालबालिकाहरू त्यस्ता विद्यालयहरूमा गएर सामान्यतः अक्षर चिन्ने र नेपाली भाषासमेत सिक्ने गर्दछन् । बाँके जिल्लाका धेरैजसो चिडिमार बस्तीका नजिकमा सरकारी प्राथमिक विद्यालयहरू रहेका कारण उनीहरूका बालबालिकाहरूले त्यस्ता विद्यालयहरूमा कक्षा पाँचसम्म अध्ययन गर्ने र त्यसपछि छ कक्षाभन्दा माथिको शिक्षा लिन घरदेखि केही टाढा जानुपर्ने भएका कारण अधिकांशले त्यहीँबाट पढाई छोड्ने र टाढाको विद्यालयमा नजाने गरेको पाइन्छ । यस जातिका बालबालिकाहरूमा पढ्नु नैसर्गिक अधिकार हो र विद्यालय अनिवार्य रूपमा जानै पर्दछ भन्ने चेतनाको विकास भइसकेको पाइँदैन ।

यस चिडिमार जातिमा बालअधिकार र शिक्षाको महत्वका बारेमा कुनै जानकारी नै भएको पाइदैन । बालबालिकाको शिक्षामा सामान्य कुराहरू जस्तै घरबाट विद्यालय टाढा भएमा, घरमा उनीहरूभन्दा स-साना नानीहरूको हेरचाह गर्नुपर्ने अवस्था आएमा, परिवारका कुनै सदस्यको मृत्यु

भएमा वा अन्य त्यस्तै केही सामान्य प्रतिकुल अवस्था आउनासाथ उनीहरूलाई स्कुल छुटाइदिने गर्दछन् । बालबालिकाले पढेर के हुन्छ ? अन्य जातिका मानिसहरूले जस्तै गरी चिडिमार जातिका बालबालिकाहरूले कहाँ पढ्न सक्छन् ? हाम्रा बालबालिकालाई पढाएर के गर्नु आखिरमा उनीहरूले ज्यालामजदुरी नगरी खान पाउँदैनन् । सरकारले उनीहरू पढे पनि जागिर दिने होइन, त्यसैले किन पढाउनु पर्‍यो ? भन्ने जस्ता कुराहरूले चिडिमार समाजलाई राम्रैसँग प्रभाव पारेको पाइन्छ । यस जातिको समाजमा पढाउँदा बालबालिकालाई स्कुल पोसाक किनिदिनु पर्ने, खाजा, नास्ताका लागि खर्च दिनुपर्ने, कापी, किताव किनिदिनु पर्ने जस्ता कार्यगर्दा खर्च निकै बढ्ने र दश-बाह्र वर्षको उमेर समूहका बालबलिकाहरूलाई उनीहरूका अभिभावकहरूले आफूसँगै काममा लगेमा कमाईसमेत हुने भएका कारण स्कुल छुटाएर ज्याला मजदुरी गर्न बढी प्रेरित गर्ने प्रचलन बढ्दै गएको छ (चिडिमार (गोकरण), १२ आश्विन २०७०) । यस चिडिमार जातिका बालबालिकाहरू बाह्र-तेह्र वर्षको उमेर भएपछि रिक्सा चलाउने, मिस्त्री काम गर्ने, घरमा रङ्रोगन गर्ने जस्ता प्राविधिक कामहरू सिक्दै जाने गरेको पाइन्छ ।

सामाजिक चेतनाको अभाव भएका चिडिमार जातिका मानिसहरूले उनीहरूका बालबालिकाहरूको अधिकारका बारेमा समेत कुनै जानकारी राख्दैनन् । बाबुआमा नै आफ्ना बालबच्चाको अधिकारका विषयमा अनभिज्ञ भएका कारण स्वतः उनीहरूबाट अन्जानमा नै बालअधिकारको हनन् भइरहेको हुन्छ । यस जातिका बालबलिकाहरू स्वयम् पनि आफ्ना अधिकारका विषयमा सुसूचित छैनन् । उनीहरूमा पढ्नु, लेख्नु हाम्रो अधिकार हो, बालश्रमको शोषण गर्न पाइँदैन भन्नेजस्ता चेतनाको विकास भइसकेको पाइदैन । उनीहरूले पढाइको महत्व पनि बुझ्न सकिरहेका छैनन् (चिडिमार(ओमप्रकाश), प्रश्नोत्तर, १० फाल्गुण २०६९) । चेतनशील अभिभावकको अभावका कारण पनि चिडिमार बालबालिकाहरू निम्नस्तरको जीवन जीउँन बाध्य छन् । उनीहरूका लागि आवश्यक पोषणयुक्त खाना र सफासुग्घर लुगाफाटाको सधैं अभाव रहँदै आएको पाइन्छ । तथापि त्यसैमा पनि चिडिमार बालबालिकाहरू रमाएरै बसेका देखिन्छन् । उनीहरूले अन्य समाजको देखासिकी गर्न नपाएका कारण पनि आफ्ना बाबुआमालाई कम सताउने र आवश्यकता व्यक्त नगर्ने गरेको पाइन्छ ।

चिडिमार जातिका बालबालिकाहरूका सम्बन्धमा विभिन्न खालका अल्पज्ञान हुँदाहुँदै पनि बाहिरी समाजको प्रभावका कारण यस जातिका मानिसहरूमा आफ्ना बालबालिकाहरूलाई पढाउनु पर्दछ भन्ने मान्यता क्रमशः विकसित हुँदै गएको पाइन्छ । चिडिमार बस्तीमा गरिएको स्थलगत अध्ययनका क्रममा करिव ८० प्रतिसत बालबालिकाहरू विद्यालय जाने गरेको पाइएको छ । तर यस

जातिका बालबालिकाहरूले १५ वर्षको उमेरभित्रै करिव साठी प्रतिशतले विद्यालय बीचैमा छोड्ने गरेको पाइन्छ । अन्तमा दश कक्षासम्म पढ्नेको प्रतिशत मात्र १० हुने र त्यसमा पनि दश कक्षामा फेल भएर धेरैले स्कुल छाड्ने हुनाले उच्च शिक्षामा भर्ना हुनेको सङ्ख्या मात्र १ प्रतिशतको हाराहारीमा मात्र हुने गरेको पाइएको छ । यस चिडिमार जातिको समाजमा बालविवाह गर्ने प्रचलनले अझै पनि निरन्तरता पाइरहेको छ (खड्का, २७ फाल्गुण २०७०) । चिडिमार समाजमा सामान्यतः छोराको भन्दा छोरीको सानै उमेरमा विवाह गरिदिने प्रचलन रहँदै आएको छ । प्रायःजसो दशदेखि पन्ध्र वर्षको उमेरका बालिकाहरू धेरैजसो विवाहित भइसकेका हुन्छन् । यस जातिमा विवाहको प्रकृया निकै लामो हुने हुनाले बालबालिकाको सानै उमेरमा विवाह गरिदिनु पर्दछ भन्ने मान्यता कायमै छ ( चिडिमार(विष्णु), २२ फाल्गुण २०७०) । मगनी, विवाह, गौना, थौनाजस्ता चरणहरू पार गर्दा झण्डै पाँच-सात वर्ष लाग्ने हुनाले पनि चिडिमार जातिका मानिसहरूले आफ्ना छोराछोरीको दशदेखि पन्ध्र वर्षको उमेरभित्रै विवाह गरिदिने गर्दै आएको पाइन्छ । वर्तमान समयमा भने विवाहको अवधि छोट्याएर ३-४ वर्षभित्रमा नै सक्ने प्रचलन बढ्दै गएको छ ।

चिडिमार समाजमा रहेका बालबालिकाका उपर्युक्त क्रियाकालपले गर्दा उनीहरूको भविष्य अन्धकारमय भएको, शिक्षा, स्वास्थ्य, जनचेतना, प्राविधिक ज्ञान, सीपजस्ता विषयमा दक्ष बन्न सक्ने अवस्था रहेको छ । यसले उनीहरूको भावी जीवनामा नै नकारात्मक असर पार्ने देखिन्छ ।

### ५.२.५ चिडिमार जातिको परिवारमा घरमूली

चिडिमार जातिको परिवार एउटा साङ्गठनिक र व्यवस्थित नियमको आधारमा अगाडि बढेको हुन्छ । त्यस पारिवारिक सङ्गठनलाई राम्रोसँग सञ्चालन गर्ने जिम्मा घरमूलीले लिएका हुन्छन् । सामान्यतः चिडिमार जातिमा उमेरले जेठो घरको लोग्ने मानिसलाई घरमूली मान्ने प्रचलन रहँदै आएको पाइन्छ । यस जातिका धेरैजसो मानिसहरूको आर्थिक अवस्था कमजोर भएका कारण यथाशक्य मितव्यायिताका आधारमा घरपरिवार चलाउन सक्ने जिम्मेवार व्यक्ति नै घरमूली भएका हुन्छन् । विशेष गरी चाडवाडका बेला, विहावारीलगायत पर्व, उत्सव र सांस्कृतिक कार्यहरू सम्पन्न गर्दा घरमूलीले आवश्यक खर्च जुटाउने गर्दछन् । आवश्यक परे ऋण लिने र पछि ऋण चुक्ता गर्ने जिम्मेवारी पनि उनैले बहन गर्नुपर्ने प्रचलन पनि रहँदै आएको पाइन्छ ।

यस चिडिमार जातिको परिवारमा घरमूलीले परिवारको आम्दानी बढाउने, परिवारका सदस्यहरूलाई प्रत्येक दिन काममा खटाउने, अराइपराई गर्नेजस्ता परिवारको खटनपटनसम्बन्धी सबैजसो कामहरूको बोझ तथा जिम्मेवारी बहन गर्ने गरेको पाइन्छ । घरमूलीले आफ्ना परिवारका सदस्यहरूलाई मिलाएर राख्ने, उनीहरूको लुगाफाटो तथा खानपानको व्यवस्था मिलाउने, केटाकेटी तथा बुढाबुढीलाई उचीत स्याहार सम्भार गर्ने, बिरामी परेका बेला औषधी उपचार गर्नेजस्ता कामहरूको पनि जिम्मेवारी लिने गर्दछन् । परम्परागत रूपमा नै चिडिमार जातिका मानिसहरूको जीवनयापन गर्ने तरिका सरल र सामान्य खालको हुने हुनाले घरमूलीले आफ्नो जिम्मेवारी बहन गर्न त्यति कठिन महसुस गर्दैनन् । घरमूलीलाई चिडिमार समाजमा निकै राम्रो प्रथाका रुपमा लिइन्छ (चिडिमार(गयादिन), प्रश्नोत्तर, २० फाल्गुण २०६९) । यस जातिका मानिसहरूमा सरल तथा कम महत्वाकाङ्क्षी स्वभाव, एकसरो लगाउने र सादा खाना खाने जीवनशैली भएका कारण पनि यस जातिका घरमूलीहरूलाई आफ्नो जिम्मेवारी बहन गर्न सजिलो हुने गरेको पाइन्छ ।

चिडिमार जातिको परिवारमा घरमूली अत्यन्त जिम्मेवार हुनुपर्दछ तर केही घरमूलीहरूले लापरवाही गरी आफ्नो जिम्मेवारीलाई विर्सने गरेका कारण परिवारमा विभिन्न खालका समस्याहरू पनि देखिने गरेको पाइन्छ । नेपालगन्ज नगरपालिका वार्ड नं.१६ बेलासपुर क्षेत्रका केही रिक्सा चालक घरमूलीले दिनभर रिक्सा चलाउने र साँझ मदिरा खाएर घरमा आउने गरेका कारण घरमा समस्या उत्पन्न भई उनीहरूका पत्नीहरूले घर छाडेर माइतीमा गएर बसेका घटनाहरू पनि छन् । केही परिवारमा बालबालिका बिरामी पर्दा उपचारका लागि पैसा नभएर अस्पताल नलाने हुनाले यस जातिमा बालमृत्युदर पनि बढी हुने गरेको पाइन्छ । यस समाजमा जुन परिवारमा घरमूली जिम्मेवार र अनुशासित हुन्छन् । यस्तो परिवार निकै राम्रोसँग चलेको र जुन परिवारका घरमूलीले आफ्नो जिम्मेवारी ठीक ढंगले बहन गर्न सकेका छैनन्, उनीहरूको घर भाँडिदै गएको पाइन्छ (चिडिमार(गयादिन), प्रश्नोत्तर, २० फाल्गुण २०६९) । यस सन्दर्भमा चिडिमार जातिको परिवार बढी नै घरमूलीमुखी हुने गरेको देखिन्छ ।

### ५.२.६ चिडिमार जातिमा घरबासको अवस्था

घरको बनोट तथा घरबास निर्माण विधिले हरेक जातजाति वर्ग र समुदायको सामाजिक-सांस्कृतिक पक्षलाई झल्काउने गर्दछ । त्यहीअनुरूप चिडिमार जातिका मानिसहरूको घरको प्रकृतिको अध्ययन गर्दा उनीहरूका घरहरू प्रायःजसो आफ्नै दाजुभाई तथा अंशियारहरूका घरहरूसँग

एकापसमा जोडेर, बाक्लो गुजुमुज्ज पारेर बनाउने गरेको पाइन्छ । उनीहरूले प्रायजसो सरकारी तथा ऐलानी जग्गामा घरहरू निर्माण गर्ने हुनाले घडेरी पनि पाँच-छ धुरका मात्र हुने गरेको पाइन्छ । जग्गाजमिन पनि कम र अर्थाभावका कारण यस जातिका मानिसहरूले प्राय गोठ जस्तो आकारका साना घरहरू निर्माण गर्ने गर्दछन् । गर्मी मौसममा पनि घरभित्र हावा छिर्न मुस्किल हुने, होंचा, साँघुरा घरहरू निर्माण गरेका देखिन्छन् । यिनीहरूका घरहरू प्रायःजसो गल्लीविहिन र ढोकाबाट भित्र पस्नासाथ सिधै अगेनामा पुगिने हुन्छन् । यसो हुनाको कारण उनीहरूको निकै कम मात्र जग्गाजमिन हुनु हो (चिडिमार(गोपाल), प्रश्नोत्तर, २० फाल्गुण २०६९) । ती घरहरू पनि अधिकाङ्श फूसको छानो भएका र केही मात्र झिँगटीको छानो भएका हुन्छन् । अहिले आएर केही घरहरू ढलान गरेर पनि निर्माण गर्न थालेको पाइन्छ ।

चिडिमार जातिका घरहरू हेर्दा साना कटेरा जस्ता देखिन्छन् । ती खर-पराल र झिँगटीले छाएका घरका भित्तामा स-साना सिंठाहरू गाडेर त्यसलाई दुवैतिरबाट केही मोटा काठका किलाको सहायताले अड्याउने र त्यसभन्दा बाहिरबाट गोवरमाटो मिसाएर लिप्ने गर्दछन् । सामान्यतः चिडिमारका घरहरू पुराना, भित्ताहरू भत्किएका र कुनै घरका त झिँगटीले ठाउँ छोडेर केही तल खस्केका कारण वर्षाको समयमा पानी चुहिने तथा केही घरहरू खरका छानाहरू हावाले उडाएर लथालिङ्ग पारेका समेत भेटिन्छन् । अर्थाभावका कारण प्रायःजसो चिडिमार जातिका घरहरू यस्ता हुने गरेको पाइन्छ । उनीहरूको घरको अवस्था तालिकामा यसरी प्रस्तुत गर्दा अझै प्रस्ट हुने देखिन्छ ।

**तालिका नं. ४ : चिडिमार जातिको घरबासको अवस्था**

| क्र.सं. | स्थान | फुसको घर | टायलको घर | ढलान घर |
|---|---|---|---|---|
| १. | वेलासपुर | १८ | ६ | ४ |
| २. | धम्बोझी | ५ | ३ | १ |
| ३. | हवल्दारपुर | ९ | २ | - |
| ४. | चौधरीया गाउँ | ३ | २ | - |
| ५. | प्रेमपुर | ४ | २ | १ |

स्रोत : स्थलगत अध्ययन अवलोकनका आधारमा ।

स्थलगत अवलोकनका क्रममा चिडिमार जातिका केही बाक्ला बस्ती रहेका नेपालगन्ज नगरपालिका वार्ड नं.१६ बेलासपुर, वार्ड नं. १ धम्बोझी तथा शमशेरगन्ज गा.वि.स.को वार्ड नं. ७ हवल्दारपुर, वार्ड नं. ६ चौधरिया गाउँ र वार्ड नं. ५ प्रेमपुरका ६० वटा घरहरू अवलोकन गरिएकोमा ३९ वटा घरहरू फूसको छानो भएका, १५ वटा घरहरू झिँगटीको छानो भएका र बाँकी ५ वटा

घरहरू माटो र इँटाको जडान गरी माथि ढलान गरेका भएको पाइएको छ । यसका आधारमा चिडिमार जातिमा धेरैजसो फुसको छानो भएका घरहरू बनाएर बस्ने परम्परा रहेकोमा अहिले अन्य समुदायमा मानिसहरूको देखासिकी गरी ढलान घरसमेत बनाउने प्रयास गरिरहेका छन् । यो चिडिमार जातिको घर निर्माण पद्धतिमा आएको परिवर्तन हो (चिडिमार(गोपाल), २० फाल्गुण २०६९) । तर आर्थिक अवस्था कमजोर भएका कारण त्यसले तिव्रता पाउन भने सकिरहेको देखिदैन ।

यस जातिका मानिसहरूले घर निर्माण गर्दा प्रायः कोठाकोठा बनाएर छुट्ट्याएका हुँदैनन् । घर भित्रको पूरै भाग खाली हुने हुनाले सामान्यतः ढोकादेखि देब्रेपट्टिको भागमा अगेनो निर्माण गर्ने गर्दछन् भने बाँकी ठाउँमा राती मात्र खटियाहरू राखेर सुत्ने गर्दछन् । परिवार ठूलो हुँदै गएमा र सुत्ने ठाउँको अभाव भएमा गर्मी मौसममा घरबाहिरै खटिया राखेर पनि सुत्ने गर्दछन् । त्यही अप्ठ्यारो घरबासकै कारण केही चिडिमार जातिका मानिसहरूका पारिवारिक जीवनमा खटपट परेका घटनाहरू पनि पाइन्छन् । त्यसो हुनुको कारण नवविवाहिता पतिपत्नीका लागि आवश्यक गोप्य कोठाको अभाव हुनु हो । केही घरहरूमा भित्र कोठा छुट्ट्याइहाले पनि भित्तामा पातला र स-साना दाउराले बारेर त्यसभन्दा बाहिरबाट लिपपोत गरिने हुँदा एउटा कोठाबाट अर्को कोठाको गोप्यता पनि रहँदैन (चिडिमार (गयादिन), १२ आश्विन २०७०) ।

### ५.२.७ चिडिमार जातिको सामाजिक सङ्गठन

हिन्दू सामाजिक सङ्गठनमा मात्र नभएर विश्वका हरेक धर्म मान्ने मानव समुदायको सामाजिक सङ्गठनमा पनि आ-आफ्नै मौलिकता विकसित भएको पाइन्छ । त्यस्तो सामाजिक सङ्गठनमा प्रत्येक जाति र समुदायको आफ्नै विशेषता झल्किने गुणहरू विद्यमान रहेका हुन्छन् । त्यहीअनुरूप नेपालको तराई क्षेत्र, त्यसमा पनि बाँके जिल्लामा बसोबास गर्दै आएका चिडिमार जातिका मानिसहरूको पनि आफ्नै सामाजिक सङ्गठन कायम रहँदै आएको पाइन्छ ।

चिडिमार जातिको सामाजिक सङ्गठन यस जातिका व्यक्ति, परिवार, समूह र समूहको नेतृत्व, नातेदारी व्यवस्था, सम्पत्तिमा रहेको स्वामित्व वा अधिकार, उनीहरूका संस्कारहरू, चालचलनहरू आदिमा आधारित रहेको पाइन्छ । यस जातिका आफ्नै मौलिक नियमहरू सामाजिक रूपमा विद्यमान रहेका पाइन्छन् । जङ्गलमा चरा समात्न/मार्न जाँदा समूहमा जाने, समाजमा कसैलाई दुःख, समस्या परेका बेला सामूहिक रूपमा त्यस्ता समस्याहरू समाधान गर्न प्रयत्न गर्ने, विकास निर्माणका कार्यहरूमा सामूहिक रूपले सङ्गठित भएर अगाडि बढ्ने, सामाजिक संस्कारहरू

एकत्रित भएर सम्पन्न गर्नेजस्ता गतिविधिहरू गर्ने हुनाले यस जातिमा पनि आफ्नै मौलिक किसिमको सामाजिक सङ्गठन कायम रहँदै आएको हो (चिडिमार(रामु), २२ फाल्गुण २०६९) । प्रत्येक जातिको आर्थिक अवस्थाले त्यसको सामाजिक क्षेत्रमा प्रभाव पार्ने गर्दछ । त्यहीअनुरूप चिडिमार जातिको सामाजिक अवस्थामा पनि कमजोर आर्थिक अवस्थाका कारण उनीहरूलाई एकापसमा मिलेर समुहिक कामगर्ने वातावरण वनाइदिएको पाइन्छ ।

### (क) सामाजिक सङ्गठनको स्वरूप

चिडिमार जातिको सामाजिक सङ्गठनको स्वरूप एउटा परिवार जस्तै रुपमा रहेको पाइन्छ । त्यस्तो सङ्गठन परम्परागत रूपमा पुस्तौंदेखि अगाडि बढ्दै आएको हुन्छ । अन्य समाजमा जस्तै चिडिमार जातिको समाजलाई पनि अनुशासित र मर्यादित बनाइराख्न विभिन्न इकाइहरू निर्माण गरिएका हुन्छन् । त्यस्ता इकाइहरूका कार्यहरू पनि परम्परागत रूपमा नै निश्चित गरिदै आएका हुन्छन् । आफ्नो जिम्माअनुरूपका कार्यहरू गर्न ती इकाइहरू सवल र सक्षम हुन्छन् । यसले गर्दा चिडिमार जातिको समाज अन्य समाजभन्दा भिन्न र मौलिक रूपमा अगाडि बढ्दै आएको पाइन्छ । यस जातिका आफ्नै सामाजिक नियमहरू र अलिखित कानुन जस्तै नैतिक नियमहरू हुन्छन् । त्यस्ता नैतिक नियमहरूकै कारण यस जातिका मानिसहरूलाई सामाजिक संस्थाहरूले नैतिक बन्न प्रेरित गरिरहेका हुन्छन् (ऐर, २०६७ वि.सं., पृ. ८६) । परम्परागत रूपमा अवलम्बन गर्दै आएका सामाजिक चलनहरूको प्रयोगले मात्र समुदायको पहिचान कायम रहने र सामाजिक अनुशासन कायम गरी जातीय मर्यादाको सुरक्षा हुने कुरा यस जातिका मानिसहरूको अन्तरभावनामा निहित रही त्यसलाई राम्रैसँग आत्मसात गर्ने गरेको पाइन्छ ।

चिडिमार जातिको समाजमा प्रचलित परम्परागत नियमहरूको पालना भए नभएको हेर्न, जाँचपड्ताल गर्न त्यस्ता संस्थाहरूमा चिडिमार जातिकै केही व्यक्तिहरूलाई पदाधिकारीहरूका रूपमा नियुक्त गरिएको हुन्छ । ती पदाधिकारीहरूले आवश्यक परेका बेला सामाजिक मर्यादा उल्लङ्घन गर्ने आफ्नो समुदायभित्रका मानिसहरूलाई दण्ड सजायको व्यवस्था गर्दछन् । चिडिमार समाजमा यस्तो दण्डको स्वरूप आर्थिक प्रकृतिको हुने गर्दछ (चिडिमार(बुधइ), २० फाल्गुण २०७०) । मानवसभ्यताको विकासका क्रममा उनीहरूका राज्य सरकार वा अन्य निकायहरूले निर्माण गरेका ऐन, कानुन तथा नियमहरू लागु हुनुभन्दा अगाडिदेखि नै मानिसहरूले एकापसमा मिलेर बस्नका लागि विभिन्न खालका सामाजिक नियमहरू निर्माण गर्ने र त्यही नियमहरूका आधारमा समाजको परिचालन गर्ने काम गर्दै

आइरहेका थिए (ग्रीन, १९६० ई., पृ. ६०) । समाजमा परम्परागत रूपमा प्रचलित नियमहरू सम्बन्धित समुदायका सदस्यहरूले नै निर्माण गर्ने गर्दथे । यसले गर्दा फरकफरक समाजमा फरकफरक मौलिक नियमहरू बन्दै गएका थिए । त्यसरी विकसित भएका सामाजिक नियम र पद्दतिहरूलाई कार्यान्वयन गराउने जिम्मा समाजका अगुवाहरूले गर्दै आएका थिए । यस जातिको समाजमा घट्ने घटनाहरू र बेमेलहरूको समाधान गराउने जिम्मा पनि तिनै समाजको नेतृत्व लिन चाहने मानिसहरूले नै गर्दै आएका छन् ।

समाजलाई सुचारू रूपले सञ्चालन गर्न परीक्षणका रूपमा बनाइएका नियमहरू बिस्तारै सफल हुँदै गएपछि तिनीहरू सामाजिक नियमका रूपमा स्थापित हुँदै गएका थिए । समाज गतिशील र परिवर्तनशील हुने हुनाले त्यस्ता नियमहरूमा पनि समयानुकुल सुधार र परिमार्जन गरिदै लगिएको थियो । कहिलेकाँही समाजमा अप्रत्यासित परिवर्तन र विकास देखिएमा त्यसलाई समाजका अगुवाहरूले नियन्त्रण गर्ने गर्दै आएको पाइन्छ । त्यस्तो समाजमा बस्ने सबै मानिसहरू आ-आफ्नो सामाजिक सङ्गठनमा स्वस्फूर्त रूपमा नै आबद्ध हुने गर्दथे किनकी त्यस्तो समाजका कुनै पनि सदस्यहरूलाई समस्या आई परेमा त्यसको समाधान पनि समाजका अगुवाहरूबाटै हुने हुनाले ती मानिसहरूले सामाजिक सङ्गठनलाई आफ्नो सङ्रक्षकका रूपमा हेर्ने परम्पराको विकास गरेका थिए (ग्रीन, १९६० ई., पृ. ६०) । त्यस्ता सामाजिक संगठनहरूकै कारण कुनैपनि जाति, वर्ग र समुदायका मानिसहरूले आफ्नो जीवन अनुशासित, मर्यादित र सुरक्षितसमेत भएको महसुस गर्दै आएका थिए ।

विश्वका फरकफरक धर्मावलम्बी, जाति, प्रजाति, समूह, समुदाय वा सम्प्रदायका आफ्नै प्रकारका सामाजिक सङ्गठनहरू भएजस्तै हिन्दू धार्मिक समूहअन्तर्गतका विभिन्न जातजातिहरू पनि आ-आफ्नै सामाजिक सङ्गठनहरूका आधारमा चल्दै आएका छन् । तिनीहरूले आफूलाई असुरक्षित र एक्लो महसुस गरेपछि बिस्तारै समाजमा आवद्ध हुन थालेका थिए । त्यसरी समाजमा आवद्ध भएपछि नै हिन्दू धर्मावलम्बीहरूले वर्ण व्यवस्था, जाति व्यवस्था जस्ता सामाजिक सङ्गठनहरू निर्माण र विकास गर्दै गएका थिए । आदिमकालमा राज्य व्यवस्था नभएका बेला पनि मानिसलाई आफ्नै सामाजिक सङ्गठनहरूले सुरक्षा प्रदान गर्ने गर्दथे । त्यसैको वृहत रूपले पछि राज्य सरकारको रुप लिएको थियो । राज्य सरकार समाजको एउटा वृहत रूप भएका कारण त्यसले समाजका सूक्ष्म समस्याहरूमा ध्यान पुऱ्याउन नसक्ने अवस्था हुँदै गएको थियो । त्यसैले परम्परागत रूपमा विकसित भएका त्यस्ता सामाजिक सङ्गठनहरूले कुनै न कुनै रूपमा निरन्तरता पाउँदै आएका थिए (दाहाल, २००८ ई., पृ. १२) । त्यस्ता परम्परागत हिन्दू सामाजिक सङ्गठनमा आवद्ध रहेका जातजातिहरूमध्ये चिडिमार पनि एक हुन् ।

आफ्नो समाजप्रति आश्रित र विश्वस्त हुने परम्परा विकसित भइसकेको समाजभन्दा पिछडिएको, गरिव, सिमान्तकृत अवस्थामा रहेको समाजमा अझै बढी कायम रहेको पाइन्छ । नेपालको मध्य र सुदूरपश्चिमी क्षेत्रका जङ्गलहरूमा बस्दै आएका राउटे समुदायमा कायम रहेको मुखियाली तथा उप-मुखियालीप्रथा र उनीहरूकै इसारामा चल्ने समाज यसको महत्वपूर्ण उदाहरण मान्न सकिन्छ (शाही, २०५७ वि.सं., पृ. ११) । चिडिमार जातिको समाज पनि यसैअनुरूप आन्तरिक सामाजिक सङ्गठनका आधारमा चल्दै आएको समाज हो ।

चिडिमार जातिको समाज परम्परागत सामाजिक नियममा विश्वास गर्ने समाज हो । यो समाज सञ्चालन गर्नका लागि उनीहरूका पूर्खाहरूले आफ्नै खालका नियमहरू निर्माण गरेका थिए । यस जातिको समाजलाई अनुशासित र मर्यादित रूपमा अगाडि बढाउन उनीहरूले चिडिमार जातिका अगुवाहरूलाई विशेषाधिकारले सम्पन्न गराएका थिए । अहिलेसम्म पनि चिडिमार जातिको समाजका अगुवाहरू अधिकारले सम्पन्न त छँदै छन् त्यसमा पनि उनीहरू समाजप्रति उत्तरदायी र कर्तव्यनिष्ट पनि रहँदै आएको पाइन्छ । त्यस्ता समाज प्रमुखहरूले आफ्नो समाजको गोपनियतालाई सधैँ कायम राख्दै आएका पनि छन् (चिडिमार(द्वारका), २० आश्विन २०७०) । यसले चिडिमार जातिको समाजलाई अनुशासित र मार्यादित रूपमा अगाडि बढ्न निकै मद्दत पुऱ्याउदै आएको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा बस्ने चिडिमार जातिको समाजलाई सरसरती अध्ययन गर्दा निकै राम्रो र व्यवस्थित जस्तो देखिने भए तापनि यस समाजमा पनि अन्य समाजमा जस्तै आन्तरिक भेदभाव र उत्पीडनका प्रसस्त घटनाहरू व्याप्त रहने गरेको पाइन्छ । विश्वव्यापीकरण र अन्य समाजको देखासिकी तथा नक्कल गर्ने वर्तमान परिवेशबाट चिडिमार जातिको समाज पनि पूर्णरूपले अछुतो रहन सकेको पाइदैन । यस जातिका कतिपय युवायुवतीहरूले आफ्ना परम्परागत सामाजिक नियमहरू उल्लङ्घन गर्ने, चिडिमार जातिको आन्तरिक सामाजिक संस्थाका पदाधिकारीहरूका आदेशहरूको पालना नगर्ने, उनीहरूमाथि धावा बोल्नेजस्ता गतिविधहरू पनि सञ्चालन गर्ने गरेको पाइन्छ । यसका अतिरिक्त समाजमा लैङ्गिक विभेद, कुटपिट, चोरी, डकैती, हत्या, बलात्कार जस्ता सामाजिक विकृतिहरू पहिलेको तुलनामा क्रमिक रूपले बढ्दै जान थालेका छन् (चिडिमार(चन्दा), १२ आश्विन २०७०) । यस्तो हुनुको प्रमुख कारण एकातिर चिडिमार जातिका युवा पुस्तामा बेरोजगारी समस्या बढ्दै जानु र अर्कातिर बाहिरी समाजको प्रभाव पनि उत्तिकै तीव्र रूपले बढ्दै जानु रहेको पाइन्छ ।

समाजको विकासमा साझा सहमति बनाउनु पर्दा, विद्यालय, स्वास्थ्य चौकी, धारा, ट्वाइलेट, बाटोघाटो आदि विकास निर्माणका कार्यहरू गर्नु पर्दा, सामाजिक व्यवस्थामा खलल् पुग्ने खालका आचरण भएका मानिसहरूलाई दण्डसजाय दिनेजस्ता कार्यहरू गर्दा अहिले चिडिमार जातिका

मानिसहरूमा ऐक्यबद्धताको कमी हुँदै जान थालेको पाइन्छ । केही वर्ष अगाडिसम्म पनि यस समाजका अगुवाहरूले आफूखुसी लिने सामाजिक निर्णयलाई समाजले पूर्णरूपमा पालना गर्दथ्यो भने अहिले आएर त्यसमा केही अप्ठ्यारो स्थिति देखिदै जान थालेको महसुस स्वयम् चिडिमार जातिका अगुवाहरूले गर्न थालेका छन् । चिडिमार जातिका पाका पुराना तर समाजका अगुवाका रूपमा काम गर्दैआएका मानिसहरू अशिक्षित भएका तर नवयुवाहरू बिस्तारै शिक्षित बन्दै गएका कारण उनीहरूले परम्परागत रूपमा गर्ने निर्णयहरू अवैज्ञानिक हुन्छन् भन्ने मान्यता यस जातिको समाजमा बढ्दै जान थालेका छन् (चिडिमार(जोगि), २० फाल्गुण २०६९) । यस्ता घटनाहरूका आधारमा चिडिमार जातिको समाज पनि बिस्तारै आधुनिकता तर्फ आकर्षित हुँदै जान थालेको आभाष पाइन्छ ।

चिडिमार जातिको समाजमा एकाध सामाजिक नियमलाई चुनौती दिने खालका घटनाहरू भएपनि यस जातिको समाज अझैसम्म पनि परम्परागत शैलीमा नै अगाडि बढीरहेको देखिन्छ । विजातीय विवाह, पारिवारिक झगडा, मर्दापर्दाका सामाजिक नियमहरू उल्लङ्घन हुँदा चिडिमार जातिको आन्तरिक अदालतका रूपमा रहेको पञ्चायतले त्यस्ता अपराधीलाई दण्डदिने गर्दछ । यस जातिको समाज खासगरी प्राकृतिक नियममा आधारित रहेको पाइन्छ । चिडिमार जातिका कतिपय विधवा महिलाहरूलाई परिवार र समाजले अपहेलना गरेमा उनीहरूलाई माइती घरमा लगेर राख्ने, उमेर कम भएमा पुनः विवाह गरिदिने र उमेर छिपिएको भएमा उनीहरूलाई पालनपोषणको व्यवस्था गर्नेजस्ता केही सकारात्मक कार्यहरू पनि गर्ने गरेको पाइन्छ । यस चिडिमार जातिको समाजमा बहुविवाहलाई निकै ठूलो अपराध मानिंदै आएको छ । यस समाजमा बहुविवाह गर्ने मानिसलाई समाजले दण्ड गर्दछ । सामान्यतः एउटा श्रीमती घरमा हुँदाहुँदै अर्को विवाह गर्नुहुँदैन, महिला र पुरूषको जोडि भगवानले नै मिलाइदिने हुनाले एकले अर्कालाई सम्मान गर्नुपर्दछ भन्ने मान्यता रहँदै आएको छ । यस समाजमा पतिपत्नीमा एकले अर्कालाई विश्वासघात गरेमा ठूलो पाप लाग्दछ र भगवानले त्यस्ता विश्वासघातीलाई कहिल्यै पनि माफी गर्दैनन् भन्ने मान्यता रहँदै आएको छ (चिडिमार(गंगा), १० आश्विन २०७०) । यस चिडिमार जातिका मानिसहरूले एकातिर धार्मिक विश्वासका कारण नराम्रो काम गरेमा भगवानले दण्ड दिन्छन् भन्ने डर मान्दछन् भने अर्कातिर सामाजिक अपराधीलाई आफ्नै जातिभित्रको आन्तरिक सामाजिक संस्थाद्वारा दण्डित भइन्छ भन्ने डर मान्ने भएका कारण यस जातिमा अन्य जातिहरूको समाजको तुलनामा सामाजिक अपराधहरू कम हुने गरेको पाइन्छ ।

(ख)  **पञ्चायत सङ्गठन**

चिडिमार जातिको समाजमा विभिन्न खालका सामाजिक अपराधहरूलाई नियन्त्रण गर्नका लागि एउटा सामाजिक सङ्गठन स्थापना गरिएको हुन्छ । त्यो सामाजिक सङ्गठनलाई 'पञ्चायत' भनिन्छ । प्राचीनकालमा भारतमा पनि विभिन्न स्थानीय जातिहरूमा यस्ता पञ्चायतहरू कायम रहेका थिए । त्यस्ता पञ्चायतका नियमहरू पारिवारिक नियम सरहका हुन्थे । त्यस्तो व्यवस्थाले समाजलाई एउटै सामुहिकतामा आवद्ध गरी अनुशासन कायम राख्न पद्दत पुग्ने गर्दथ्यो (दत्त, १९६८ ई., पृ. १६) । यस 'पञ्चायत' नामको सामुदायिक संस्थाले चिडिमार जातिको समाजलाई पनि अनुशासित र मार्यादित बनाइराख्न आवश्यक कार्यहरू गर्दै आएको पाइन्छ । त्यो संस्था चिडिमार जातिको समाजमा अत्यन्त सम्मानित र मर्यादित अवस्थामा रहेको हुन्छ । यही पञ्चायतले चिडिमार जातिका मानिसहरूलाई आफ्नो समाजमा आवद्ध गराउने र उनीहरूलाई सामाजिक दायित्वको बोध गराउने काम पनि गर्दछ । यो संस्थाले चिडिमार जातिको समाजको पहिचानमा विशेष योगदान पुऱ्याउँदै आएको पाइन्छ । पञ्चायतले यस चिडिमार जातिका मानिसहरूलाई अनुशासित, मर्यादित र समाजप्रति कर्तव्यनिष्ठ तुल्याउने काम पनि गरेको हुन्छ । यस जातिको समाजमा कुनै असामान्य घटना घटेमा त्यही संस्थाले दण्ड सजायको व्यवस्था र समाजमा राम्रो काम गर्नेलाई प्रोत्साहनसमेत गर्ने गर्दछ (चिडिमार(गयादिन), २२ फाल्गुण २०६९) । त्यस्तो सामाजिक व्यवस्था कायम गर्न सक्ने हुनाले चिडिमार जातिका मानिसहरूले पञ्चायतलाई राज्य वा सरकार तथा सरकारी न्यायालय समानको महत्व दिने गर्दै आएको पाइन्छ ।

चिडिमार जातिको यस सर्वमान्य संस्था पञ्चायतमा पाँचजना पदाधिकारीहरू रहेका हुन्छन् । ती पदाधिकारीहरू वंशाणुगत वा वंशपरम्पराका आधारमा कायम रहँदै आएका हुन्छन् । पञ्चायतका प्रमुखलाई 'चौधरी' भनिन्छ । त्यसभन्दा बाहेकका अन्य चारवटा पदाधिकारीहरू 'नायव', 'सिपाही', 'कट्टवाल' र 'दिवान'  हुने गर्दछन् । चिडिमार जातिका मानिसहरूले आफ्नो समाजमा भएका कुनैपनि सामाजिक अपराधलाई अदालत, जिल्ला प्रशासन कार्यालय, नगरपालिका तथा गाउँविकास समिति जस्ता सरकारी निकायमा दर्ता गर्ने वा उजुरबाजुर गर्ने गरेको पाइदैन । उनीहरूले त्यस्ता सामाजिक अपराधहरूलाई आफ्नै समाजमा परम्परागत रूपमा कायम रहँदै आएको पञ्चायतमा गएर उजुरी गर्ने र न्यायको माग गर्ने गर्दछन् । त्यस्ता उजुरीहरू पर्दै गएपछि पञ्चायतको सभा बस्दछ र त्यसका पदाधिकारीहरूले मुद्दाको छानविन गरी दोषीहरूलाई दण्ड सजायको व्यवस्था गर्ने गर्दछन् (चौलागाई, २०६३ वि.सं., पृ. १०) । चिडिमार जातिको समाजमा घटेका कुनैपनि घटनालाई नजिकबाट नियाल्न,

अवलोकन गर्न र सत्यतथ्य पत्ता लगाउनमा पञ्चायतका पदाधिकारीहरूले तदारूकताका साथ काम गर्ने हुनाले चिडिमार समाजमा सही अपराधीले मात्र दण्ड पाउने तथा निर्दोष व्यक्ति अपराधी सावित हुनबाट बच्ने गरेको पाइन्छ । पञ्चायतका पदाधिकारीहरूले यथाशिघ्र घटनाको स्थलगत अध्ययन गर्ने हुनाले अपराधी त्यसबाट उम्कने सम्भावना पनि निकै कम रहेको पाइन्छ ।

चिडिमार समाजमा रहेको सामाजिक संस्था पञ्चायतको जस्तोसुकै आपतकालीन अवस्था परेपनि अकस्मात सभा बसाल्न सकिने प्रावधान भने रहेको हुँदैन । त्यसका आफ्नै नियम र विधिहरू हुन्छन् । त्यसलाई पञ्चायतले मिचेर कार्य गर्न पाउँदैन । पञ्चायतको सभा निश्चित दिनमा मात्र बस्ने गर्दछ । खासगरी चिडिमार जातिको गाउँमा मानिस मरेर शोकबाट उत्रने वा शुद्ध शान्ति हुने दिनमा मात्र त्यसको सभा बस्ने गर्दछ । पञ्चायतका पदाधिकारीहरूले आफ्नो संस्थामा कुनै उजुरी परेमा पाँचजना पदाधिकारीहरूको मात्र गोप्य बैठक बसेर त्यस विषयमा छलफल गर्दछन् र त्यसको फैसलाको टुङ्गोमा पुग्दछन् (ऐर, २०६७ वि.सं., पृ. ८८) । तर त्यसलाई सार्वजनिक गर्नको लागि भने सभा नै बोलाउनु अनिवार्य हुन्छ अथवा सभामार्फत् नै कुनै पनि फैसला सार्वजनिक गर्नु पर्ने प्रावधान रहेको पाइन्छ ।

पञ्चायतको सभा मानिस मरेर शुद्धशान्ति गर्ने दिनमा पितृकार्य सकेपछि साँझपख बस्दछ । त्यो सभा शुद्धशान्तिको कार्य सकिएपछि तर खाना खानुभन्दा अगाडि नै बस्नुपर्ने मान्यता छ । सभा बसेपछि एउटा सभा र अर्को सभाका बीचमा पञ्चायतमा जति उजुरीहरू परेका छन्, ती सबै उजुरीहरूका विषयमा छलफल गर्ने गरिन्छ । छलफलमा सभामा उपस्थित सबै मानिसहरूले भाग लिन पाउँदछन् । तर त्यस सभामा चिडिमार जातिका मानिसहरूभन्दा बाहेकका अन्य जातिका मानिसरूलाई प्रवेश निषेध गरिएको हुन्छ । छलफलमा अपराधी र उसको अपराधका विषयमा सबै नागरिकले आफ्नो राय सुनाउनाका साथै दोषीलाई कार्वाहीको माग पनि गर्न सक्दछन् । त्यसमा प्रत्यक्षदर्शीको पनि उपस्थिति हुने हुनाले त्यस्ता व्यक्तिहरूले पञ्चायतका पदाधिकारीहरूलाई आफूले देखेका घटनाहरू सुनाउदछन् । सभामा मृतकका परिवार, छिमेकी, नाताकुटुम्ब आदि सबैको उपस्थिति हुने हुनाले त्यो सभालाई विशेष रूचीका साथ हेर्ने र सहभागी हुने गरिन्छ (चन्द्रभाल(चिडिमार), १३ आश्विन २०७०) । उपस्थित सबैले सभामा कस्तो फैसला आउँछ ? अपराधीलाई कति दण्ड गरिन्छ ? र त्यसबाट उठेको रकमबाट के कस्ता परिकारहरू खान पाइन्छ ? भन्नेजस्ता कुरामा बढी ध्यान केन्द्रीत गर्ने गरेको पाइन्छ ।

पञ्चायतको सभा बस्दा यस सभाको अध्यक्ष वा फैसला सुनाउने प्रमुख व्यक्ति चौधरी बस्ने आसन निकै अग्लो र सबै मानिसहरूले सजिलैसँग देख्न सक्ने स्थानमा निर्माण गरिएको हुन्छ ।

चौधरीको आसन नजिकै छेउमा नायवलाई पनि अर्को आसन बनाएर सहयोगीका रूपमा राखिएको हुन्छ । त्यस सभामा पीडित मानिसहरूलाई जनसमुदायको अगाडिपट्टि बस्न लगाइएको हुन्छ । सभामा गाउँ टोलका सबैजसो गन्यमान्य मानिसहरूको उपस्थिति भइसकेपछि चौधरीले पीडितलाई सबैले सुन्नेगरी आफ्नो समस्या सार्वजनिक रूपमा राख्न लगाउदछन् । पीडितको उजुरी राम्रोसँग सुनिसकेपछि चौधरीले त्यस सभामा पीडकलाई उपस्थित गराउन नायवलाई आदेश दिन्छन् । नायवले सिपाहीको सहयोग लिएर पीडकलाई सभामा उपस्थित गराउदछन् । चिडिमार जातिको यस पञ्चायतको सभामा सामान्यतः अपराधी वा पीडक भनिएका मानिसहरू आफै उपस्थित हुने गर्दछन् तर अपवादका रूपमा कोही कतै उपस्थित नभइहालेमा नायव दोषीलाई लिन भनी उसको घरमा आइपुग्नासाथ आफै सरासर त्यस सभामा जाने गर्दछन् । कहिलेकाही अपराधी मानिस सभामा उपस्थित हुन आनाकानी गरेमा नायवले सिपाहीको सहयोगमा बल प्रयोग गरेर भएपनि सभामा उपस्थित गराउँदछन् । त्यस्ता पीडकलाई सभामा उपस्थित गराउँदा पीडक सामान्य खालको मानिस छ भन्ने लागेमा नायव एक्लै र केही अटेरी, उमेरले वयस्क वा घमण्डी स्वभावको छ भन्ने लागेमा आफ्नो साथमा सिपाहीलाई लिएर गएका हुन्छन् (चिडिमार(इतवारि), २२ फाल्गुण २०६९) । चिडिमार जातिको त्यस पञ्चायतको सभामा पञ्चायतका पदाधिकारीहरूलाई राम्रो सम्मान गर्ने र उनीहरूले दिएका आदेशलाई सकेसम्म सबै मानिसहरूले अनुशासित भएर पालना गर्ने गरेको पाइन्छ ।

पञ्चायतको सभा बस्ने दिनका बारेमा सम्बन्धित सबैजसो मानिसहरू, जो समाजसँग आवद्ध रहेका हुन्छन्, उनीहरूलाई पहिले नै जानकारी गराइएको हुन्छ । त्यसै गरी आफ्ना बिरुद्ध उजुरी परेका दोषीलाई पनि अनौपचारिक रूपमा जानकारी गराइसकिएको हुन्छ । सामान्यतः नायवको काम दोषीलाई सभामा उपस्थित गराउने हुनाले उनले पहिले नै त्यो जानकारी गराइसकेका हुन्छन् । त्यस्तो अनौपचारिक जानकारीका आधारमा समेत दोषी मानिसहरू सभामा उपस्थित भैसकेका हुन्छन् । यदि उपस्थित नभएमा नायव वा सिपाही आफूलाई लिन आएको थाहा पाउनासाथ छिटोछिटो पञ्चायतको सभामा उपस्थित भैहाल्दछन् । चिडिमार जातिको त्यो न्यायिक अदालतका रूपमा रहेको पञ्चायतको सभामा आफूविरुद्ध उजुरी परेका मानिस जति अटेरी गरेर वा ढिला गरेर उपस्थित हुन्छन् उति नै बढी कडा किसिमको दण्डको फैसला सुनाउने सम्भावना हुने हुनाले विनादवाव उनीहरू सभामा उपस्थित हुने गरेको पाइन्छ । आफूविरुद्ध उजुरी परेका मानिसहरूले सभामा उपस्थित हुन ढिलाई गरेमा वा पञ्चायतका पदधिकारीहरूको आदेश पालना गर्न आनाकानी गरेमा त्यस्ता व्यक्तिहरूलाई समाजबाट नै बहिस्कार गर्ने, हुक्का पानी बार्नेसम्मको कडा दण्ड दिन पनि पञ्चायतका पदाधिकारीहरू पछि पर्दैनन् । चिडिमार जातिमा परम्परागत रूपमा रहेको पञ्चायत एउटा सम्मानित

संस्था भएका कारण त्यसका हरेक गतिविधिहरूलाई समाजका प्रत्येक सदस्यले सहर्ष स्वीकार गर्ने गर्दछन् (चिडिमार(चन्दा), प्रश्नोत्तर, १५ फाल्गुण २०६९) । उनीहरूले त्यसका विरुद्धमा कुनै आवाज नउठाउने गरेको पाइन्छ ।

सामान्यतः चिडिमार जातिका मानिसहरूमा आन्तरिक रूपले पतिपत्नीका बीचमा झगडा भई पत्नीलाई घरबाट निकालिदिएमा वा घरमा बस्न नदिएमा, पतिले दोस्रो विवाह गरी घरमा सौता भित्र्याएमा, कुनै महिलाले आफ्नो पतिलाई छोडेर गाउँ छिमेकमा नै अर्को विवाह गरेमा वा पोइला गएमा, आफ्नो गाउँ-टोल छिमेकमा मानिसहरू मरेका बेला मलामी वा मृतकलाई माटो दिन नगएमा अपराधी वा दोषी मानेर उनीहरूका विरुद्ध पञ्चायतमा उजुरी गर्ने परम्परा रहँदै आएको पाइन्छ । त्यस्ता अपराधीका विरुद्ध पञ्चायतको सभामा उजुरी परेको समयमा पञ्चायतले अपराधको प्रकृति हेरी बढीमा एक हजारसम्म दण्ड जरिवाना गर्न सक्दछ । कुनै मानिसले आफ्नी विवाहिता पत्नीलाई घरबाट निकालेर अर्को विवाह गरेमा पहिलो पत्नीलाई घरबाट निकालेवापत एक हजार रूपैयाँ र दोस्रो विवाह गरेबापत पनि एक हजार गरी दुई हजार रूपैयाँसम्म पञ्चायतले जरिवाना गर्न सक्दछ । तर त्यस्तो अवस्थामा पनि अर्को दोषीले पञ्चायतको सभा बसिरहेको समयमा सार्वजनिक रूपमा नै माफी मागेमा वा दण्ड स्वरूपको रकम घटाइदिन अनुरोध गरेमा उसलाई गरेको दण्डको रकम कम गरिदिन पनि सक्दछ (चिडिमार(मखला), १४ चैत्र २०६९) । दण्ड प्रणालीका सन्दर्भमा लिखित कानुन नभएको र मानवीय स्वभावका आधारमा आत्मसमर्पण गर्नेलाई दण्डको परिमाण घटाउने र पञ्चायतलाई नै चुनौति दिन खोज्नेलाई थप दण्ड गर्ने अधिकार यस पञ्चायतका प्रमुख अधिकारी चौधरीलाई विशेषाधिकारका रूपमा दिने गरेको पाइन्छ । चोरी वा अन्य धननासका मुद्दामा भने विगो हेरी दण्ड सजायको व्यवस्था गर्ने प्रचलन पनि रहेको पाइन्छ ।

चिडिमार जातिका कुनै दम्पतिका बीचमा झगडा भई पत्नीलाई घरबाट निकालीदिएमा उसको विवाहमा ल्याएको दाइजो स्वरूपको सबै नगद वा जिन्सी सामान त्यो लोग्ने मानिसले क्षतिपूर्तिका रूपमा उसकी पत्नीलाई बुझाउनु पर्दछ । त्यस्तो उजुरी परेमा विवाहको समयमा माइतीबाट ल्याएका गरगहना, भाँडाकुडा तथा लत्ताकपडाहरू झगडालु पतिले पञ्चायतका सामु बुझाउनु पर्दछ र पञ्चायतले पनि सम्बन्धित पीडित महिलालाई बुझाउने गर्दछ । त्यसै गरी विवाहिता महिलाले आफूखुसी घरमा खिचलो निकालेर झगडा गरी दोस्रो विवाह गरेमा वा पोइला गएमा र त्यस्तो विषयमा पीडित लोग्ने मानिसले पञ्चायतमा उजुरी गरेमा पञ्चायतले त्यस्ता महिलालाई सभामा उपस्थित गराएर एकहजार रूपैयाँसम्म जरिवाना गर्न सक्दछ (चिडिमार

(श्यामबहादुर), १५ चैत्र २०६९) । यस पञ्चायतको दण्डको प्रकृतिलाई हेर्दा महिला र पुरूषलाई समान अपराधमा समान दण्ड गर्ने तथा लिङ्गका आधारमा कुनै भेदभाव नगर्ने गरेको पाइन्छ ।

चिडिमार जातिको पञ्चायतमा पदाधिकारीहरूका कार्यहरू पनि फरकफरक रूपले विभाजन गरिएका हुन्छन् । जसमध्ये कोष सञ्चालन गर्ने जिम्मा कट्टवाललाई दिइएको हुन्छ । कट्टवालले पञ्चायतले दोषी ठहऱ्याएको व्यक्तिबाट तत्कालै रकम अशुल गर्ने र त्यसको खर्च तथा आम्दानीको हिसाव राख्ने गर्दछन् । पञ्चायतको सभा बसेका बेला विगतमा भएको खर्च र आम्दानी तथा पञ्चायतमा रहेको मौजदात रकमका बारेमा कट्टवालले जानकारी दिनु पर्दछ (चिडिमार(एकादशी), १३ आश्विन २०७०) । यसरी दण्ड जारिवानाबाट उठेको रकम सभामा उपस्थित भएका मानिसहरूलाई खानपानमा खर्च गर्ने गरिन्छ । सभामा दोषीमाथि फैसला सुनाएपछि उपस्थित मानिसहरूको इच्छाबमोजिम उनीहरूलाई खानपानको व्यवस्था पनि गर्नु पर्दछ ।

पञ्चायतको सभा समापन हुने समयमा सभाध्यक्षका रूपमा रहेका चौधरीले त्यस सभामा उपस्थित जनसमुदायलाई क-कस्ले के के खान्छौ ? भनी प्रश्न सोध्दछन् ? त्यसमा धेरैजसो बुढापाका लोग्ने मानिसहरूले मदिरा खाने इच्छा व्यक्त गर्दछन् भने त्यही उमेरका महिलाहरूले मिठाइका परिकारहरू खाने इच्छा व्यक्त गर्दछन् । कहिलेकांही खानपानका विषयमा सभामा सामान्य विवाद पनि हुन सक्दछ । तर त्यसलाई स्वाभाविक मानिन्छ र विवाद टुङ्ग्याउने काम तत्कालै गरिन्छ । विवाद निकै चर्को भएमा चौधरीले आँफै त्यसलाई मिलाउने काम गर्दछन् । त्यस सभामा उपस्थित मानिसहरूलाई उनीहरूको इच्छाअनुसारको खानाको व्यवस्था गर्ने कामको जिम्मा देवानलाई दिने गरिन्छ । आवश्यक परेमा देवानले तत्कालै बजारमा गएर उनीहरूका मागअनुसारका सरसामान खरिद गरी ल्याउने काम पनि गर्नुपर्दछ (चिडिमार(हरभजन), १३ आश्विन २०७०) । सभामा उपस्थित मानिसहरूलाई उनीहरूका इच्छाअनुसारका खानेकुरा दिएपछि त्यस दिनको सभा अन्त्य भएको मानिन्छ । चिडिमार जातिमा सभामा दण्डस्वरूप उठेको रकम मीठामीठा खानेकुरा खाएर तत्काल सिध्याउने प्रचलन छ । त्यो रकम सञ्चित गरेर कुनै विकास निर्माणमा वा आफ्नै जातिका असहाय, गरिव, दीनदु:खीको औषधी उपचारमा खर्च गर्न सकिन्छ भन्ने विषयमा उनीहरूको ध्यान पुग्ने गरेको पाइदैन ।

पञ्चायतका पदाधिकारी तथा अगुवाहरू चिडिमार जातिको समाजमा न्यायमूर्तिका रूपमा चिनिन्छन् । यस जातिको महत्वपूर्ण सामाजिक संस्थाका रूपमा रहेको पञ्चायत एउटा व्यवस्थित र मर्यादित अङ्ग नै मानिदै आएको छ । पञ्चायतका पदाधिकारीहरूको कार्य विभाजन पनि पहिलेदेखि नै निश्चित गरिएअनुरूप वा तोकिदै आएअनुरूपको हुन्छ । सभा विसर्जन हुने समयमा देवानले किनेर

ल्याएको खाने, पिउने कुराहरू सबैलाई अन्याय नहुने गरी भागबण्डा लगाउने काम कट्टवालले गर्नु पर्दछ । कट्टवालले खानेकुरा सकेसम्म समान होस् भनी लगाएका भागहरू वितरण गर्ने काम भने देवानले नै गर्नु पर्दछ । कट्टवालले खानेकुरा वा मदिराको भाग लगाउदा चौधरीलगायत पञ्चायतका पदाधिकारीहरूलाई भने सर्वसाधारणलाई भन्दा केही बढी र छुट्टै किसिमको भाँडामा लगाउनु पर्दछ । यस चिडिमार जातिमा खानामा पक्षपातको व्यवहार कसैले पनि गर्नु हुँदैन र जसले त्यस्तो काम गर्दछ त्यो मानिस घोर नरकमा पर्दछ भन्ने मान्यता रहँदै आएको छ (चिडिमार(कोइली), १४ आश्विन २०७०) । चिडिमार जातिको समाजमा पञ्चायतले एउटा असल अदालत र सामाजिक अभिभावकको काम गर्दै आएको छ । यसलाई चिडिमार जातिका मानिसहरूले आफ्नो समाजमा विद्यमान असल न्याय पद्दति मान्दछन् (चिडिमार(जगराम), २७ फाल्गुण २०६९) । यसले चिडिमार जातिको जातीय पहिचानमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पाइन्छ ।

चिडिमार समाजमा कायम रहँदै आएको यस पञ्चायतका पदाधिकारीहरूलाई संस्थाका पदाधिकारी भएवापत कुनै छुट्टै पारिश्रमिक वा अन्य आर्थिक लाभ हुने व्यवस्था गरिएको हुँदैन । उनीहरूले शुद्ध समाज सेवाको भावनाले काम गरिरहेका हुन्छन् । पञ्चायतको सभामा दण्डस्वरूप उठेको रकम खानपानमा खर्च भएर बाँकी रहन गएमा कट्टवालले त्यो रकम चौधरीलाई बुझाउँदछन् । चौधरीले त्यो रकम पञ्चायतको परम्परागत कोषमा जम्मा गरेर राख्दछन् । कहिलेकाँही चौधरीले पञ्चायतको कोष सञ्चालन गर्ने पूरै जिम्मा कट्टवाललाई पनि दिने गर्दछन् । आवश्यक परेका बेला कोषको रकम चौधरीले आफ्नो निजी प्रयोजनमा खर्च गर्न पनि सक्दछन् । तर पञ्चायतका अरू पदाधिकारीलाई त्यस्तो अधिकार दिइएको हुँदैन (चिडिमार(दुरपती), १६ फाल्गुण २०६९) । चिडिमार जातिमा पञ्चायतमा उठेको रकम बैङ्कमा खाता खोलेर राख्ने तथा त्यसबाट उठेको रकम समाजको उन्नति प्रगतिका लागि खर्चगर्ने प्रचलनको विकास हुन सकेको पाइदैन । वर्तमान समायमा चिडिमार समाजमा पञ्चायतमा उठ्ने रकमका विषयमा पनि प्रश्न उठ्न थालेको पाइन्छ ।

चिडिमार जातिमा यस पञ्चायतका पदाधिकारीहरू उत्तराधिकारीका रूपमा बाबु पछि उसैको छोरालाई नियुक्त गर्ने प्रचलन रहँदै आएको पाइन्छ । चौधरीको मृत्यु भएमा, असक्त भएमा वा अन्य कारणबाट पद रिक्त हुन आएमा जेठो छोरालाई उक्त पदमा नियुक्त गरिन्छ भने अन्य पदाधिकारीहरू पनि सोहीअनुरूप नै हुने गर्दछन् । कुनै चौधरीको छोरा नभएमा उसको भाइलाई चौधरी पदमा नियुक्त गरिन्छ । त्यसपछि भने उक्त पद उसैका सन्तान दरसन्तानमा जाने गर्दछ । नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर, जहाँ चिडिमार जातिका मानिसहरूको सबैभन्दा ठूलो बस्ती रहेको छ, त्यहाँ अहिले चौधरीका विषयमा विवाद सिर्जना भएको पाइन्छ । वर्तमान समाजका चौधरीको नेतृत्व

क्षमतामाथि प्रश्न चिन्न खडा गरिएको छ । कतिपय चिडिमार जातिका मानिसहरूले समाजमा पढेलेखेका, निर्णय क्षमता भएका, सक्षम नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने मानिसलाई छनौट गरी पञ्चायतको चौधरी पदमा नियुक्त गर्नुपर्ने माग गरेका कारण यतिबेला पञ्चायत त्यहाँ निस्क्रिय जस्तै बनेको छ (चिडिमार(सुदामा), १४ आश्विन २०७०) । चिडिमार समाजमा नयाँ पुस्ताका मानिसहरू केही शिक्षित र टाठाबाठा हुँदै गएका तर चौधरीलगायतका पञ्चायतका पदाधिकारीहरू पुरानो पुस्ताका भएका कारण पुस्तान्तरले समेत सोचमा भिन्नता ल्याएको पाइन्छ ।

चिडिमार जातिको आन्तरिक अदालत मानिने यस पञ्चायतको सभा समाप्त भएपछि जसको घरमा सभा बसेको छ, त्यस घरका मूली मान्छे सभामा उपस्थित भएर त्यहाँ उपस्थित अन्य सबै मानिसहरूलाई मकै वा धानको लावा बाँड्नका लागि देवानलाई दिने गरिन्छ । देवानलाई दिएको त्यो लावा वाड्नुभन्दा अगाडि देवानले त्यस सभामा कुन कुन दोषीलाई पञ्चायतले के कस्तो दण्ड गर्ने निर्णय गऱ्यो भन्ने कुरा सबैले सुन्नेगरी भन्नु पर्दछ । सभाले कसलाई सामाजिक बहिस्कार गर्ने वा हुक्का पानी बार्नेसम्मको दण्ड दिएको छ, त्यसका बारेमा पनि उच्च स्वरले सुनाउने गर्दछन् । त्यसरी फैसला सुनाएपछि मात्र देवानले लावा बाँड्ने काम गर्दछन् । त्यसरी बाँडिएको लावा खाइसके पछि सबै मानिसहरू त्यस घरमा शुद्धशान्तिका लागि पकाएको खाना खान जान्छन् (सुनम, २०५९ वि.सं., पृ. ४१) । यसरी चिडिमार जातिको पञ्चायतको सभामा लावा बाँड्नुको अर्थ सभा समाप्त भयो भन्ने सङ्केत रहेको पाइन्छ ।

### (ग) सामूहिक भावना र दायित्व

चिडिमार जातिको समाज एकापसमा मिलेर बसेको हुन्छ । घर निर्माण गर्ने पर्याप्त खुल्ला जग्गाको अभाव हुने र त्यसमा पनि भाइअंश लगाउँदै जाने गरेका कारण चिडिमार जातिका घर, बस्तीहरू निकै बाक्ला गुजुमुज्ज बन्दै गइरहेका पाइन्छन् । कतिपय घरहरू एकापसमा एउटै भित्ताले मात्र छुट्याइएका पनि हुन्छन् । केही परिवार त भाइअंश लगाएर छुट्टभिन्न भएपछि पनि ठाउँको अभावका कारण एउटै घरमा बस्ने तथा एउटै चुल्हामा पालैपालो खाना पकाएर खानेसमेत गर्दछन् (चिडिमार(डिठे), प्रश्नोत्तर, २७ फाल्गुण २०६९) । यस्तो अवस्थासम्म पनि चिडिमार जातिका मानिसहरू एकापसमा मिलेरै बस्ने गरेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूका प्रायःजसो दुई, तीनवटा घरका एउटै आँगन हुने गरेको पाइन्छ । केही घरका त पिँडी पनि एउटै हुन्छन् । त्यस्ता घरका मानिसहरूले आँगन पिँडी पालैपालो

लिपपोत गर्ने, बडार्ने तथा मिलेर सफासुग्घर गर्ने गर्दछन् । यिनीहरू टोलछिमेकमा मानिस मर्दापर्दा, विवाह, उत्सब तथा चाडपर्वका बेलासमेत एकापसमा मिलेरै काम गर्ने र रमाइलोसँग चाडपर्व मनाउने गर्दछन् । चिडिमार जातिको बस्ती नजिक चमार, धोवी, नाउ, खटिक, भङ्गी, लोनिया जस्ता अन्य जातजातिका मानिसहरूको बस्ती पनि रहँदै आएको छ । त्यस्ता अन्य दलित र गैरदलित जातजातिका मानिसहरूसँग पनि यी चिडिमार जातिका मानिसहरू मिलेर बस्दै आएका छन् । तिनीहरूसँग चिडिमारहरूले अैचोपैचो गर्ने, सरसामान विनिमय गर्ने, सांस्कृतिक आदानप्रदान गर्ने गरेको पाइन्छ । यस चिडिमार जातिका मानिसहरूको मृत्यु भएका बेला नाउ जातिका मानिस आएर मृतकको नङ, कपाल काटेर माटाको भाँडामा राखिदिने तथा लोनिया जातिका मानिसहरूले लास गाड्नका लागि खाल्टो खनिदिने गर्दछन् (चिडिमार(रामवती), १९ आश्विन २०७०) । यस जातिका बस्तीमा विभिन्न विकास निर्माणलगायतका अन्य पर्व उत्सव जस्ता सामूहिक कामहरू गर्नुपर्दा टोलछिमेकका मानिसहरू मिलेर गर्ने गर्दछन् । यस जातिका मानिसहरू सामूहिक काम गर्न निकै उत्साहित हुने गरेको पाइन्छ । दसैं, तिहार, फागुपूर्णिमा जस्ता चाडवाडका बेला पनि यस चिडिमार जातिका मानिसहरू सबैजना मिलेर गाउँटोल तथा गल्लीहरूमा ध्वजापतङ्गा टाँगेर सामूहिक रूपमा नै रमाइलो गरेर काम सम्पन्न गर्ने गर्दछन् । यस जातिका मानिसहरूले टोल छिमेकका मानिसहरूलाई आपतविपत परेका बेला आफ्ना कामहरू छोडेर भएपनि त्यस्ता मानिसहरूलाई सहयोग गर्ने गरेको पाइन्छ ।

### (घ) चिडिमार जातिमा विद्यमान सामाजिक मूल्य र मान्यताहरू

चिडिमार जातिका मानिसहरू नेपालको तराईबासी हिन्दू धर्मावलम्बी जाति भएका कारण उनीहरूका पनि नेपालका तराई मूलका अन्य बासिन्दाहरूका समान आफ्नै मौलिक र स्वतन्त्र सामाजिक-धार्मिक मूल्य र मान्यताहरू रहेको पाइन्छ । सामान्यतः मूल्य मानिसको आफ्नो इच्छाअनुसार स्वीकारिएको हुन्छ भने मान्यता समाजका सबै मानिसहरूले स्वीकारेका हुन्छन् । मानिसले मूल्य राम्रो, ठीक र आफ्नो चाहना पूरा गर्नका लागि अवलम्बन गर्दछन् । त्यसले मानिसको नैतिकता वृद्धि गर्दछ । त्यस्ता मूल्यहरू मानिसले अभिभावक, साथीभाइ, सहपाठी समूह, सञ्चार र आफ्नै संस्कृतिबाट समेत सिक्ने गर्दछन् । यसले व्यक्तिको व्यक्तित्व विकास गर्नुका साथै सामुदायिक, समाज, वर्ग र देशकै प्रतिनिधित्व गर्नमा मद्दत पुऱ्याउँदछ (अग्रवाल, २००९ ई., पृ. ४२) ।

सोहीअनुरूप चिडिमार जातिमा पनि आफ्नै स्वरूपका मौलिक र सामाजिक परम्पराहरू कायम रहेको पाइन्छ ।

चिडिमार जातिमा विद्यमान संस्कृति र संस्कारहरूमा मूल्य र मान्यताहरू प्रतिविम्वित भएका पाइन्छन् । यस जातिमा रहेका परम्परागत सामाजिक मान्यताहरूमध्ये प्रकृति र मानव जीवनका बीचमा हुने घनिष्ट सम्बन्धको विषय पनि एक हो । यस जातिमा प्रकृति नै मानव मात्रको रक्षक हो भन्ने परम्परागत मान्यताले गहिरो प्रभाव पार्दै आएको पाइन्छ । यस जातिमा जातीय शुद्धता र सामूहिकताले पनि धेरै प्रभाव पारेको पाइन्छ । जङ्गलमा चरा समात्न/मार्न जाँदा, मेलापात र अन्य श्रमजन्य कामहरू गर्न जाँदासमेत सबैजना एकसाथ मिलेर जाने पुरानो परम्परा उनीहरूको स्वभावमा कायम रहँदै आएको छ (चिडिमार(महाबीर), १५ आश्विन २०७०) । यस्तो सामुहिक भावना चिडिमार जातिको सामाजिक मान्यता बन्दै आएको देखिन्छ ।

चिडिमार जातिको समाजमा जुनसुकै चिज पनि आफैले मिहिनेत गरेर प्राप्त गर्नु पर्दछ तथा चोरी, ठगी गरेर वा लुटेर खानु हुँदैन भन्ने परम्परागत मान्यता पनि कायम रहँदै आएको पाइन्छ । झुटो बोल्नु र कसैसँग मागेर खानु पाप हो भन्ने कुराको चिडिमार समाजमा गहिरो प्रभाव परेको पाइन्छ । यस समाजमा कोही दुःखी, गरिव भएमा सबैले मिलेर उसलाई सहयोग गर्नु पर्दछ भन्ने मान्यता रहिआएको छ (चिडिमार(जगदिश), ९ आश्विन २०७०) । चिडिमार जातिका मानिसहरू आफ्नो जातभन्दा बाहेकका अन्य जातका मानिसहरूसँग विवाह गर्न मन पराउँदैनन् । अहिले आएर केही युवाहरूले थारू जातिका महिलाहरूसँग विवाह गरेकोमा यस जातिका बयोवृद्धहरू निकै दुःखी भएको पाइन्छ । उनीहरूले यस्ता कार्यले गर्दा चिडिमार जातिको कुलमा अनिष्ट हुने र वंश बिनास हुँदै गएर अन्तमा चिडिमार जाति नै लोप भएर जान सक्ने धारणा व्यक्त गर्दछन् साथै यस्तो कार्य चिडिमार जातिको मान्यता विपरित भएको धारणा पनि व्यक्त गर्दछन् (चिडिमार(पार्वती), ९ आश्विन २०७०) । उनीहरूले पञ्चायतमा उजुरी गरेर त्यसको फैसलाका आधारमा त्यस्ता युवाहरूलाई सामाजिक बहिस्कार गर्नुपर्ने माग पनि राख्दै आएको पाइन्छ । सामूहिक पहिचान र जातीय शुद्धता कायम राख्न चिडिमार जातिका मानिसहरू सधैं सचेत रहँदै आएका छन् । यस्ता विषयमा आफूहरू नै सचेत हुनुपर्ने चिडिमार जातिका पाका पुराना मानिसहरूको धारणा रहँदै आएको पाइन्छ । यसरी चिडिमार जातिका मानिसहरूले आफ्नो जातको रक्त शुद्धता र जातीय अस्तित्व कायम राख्न सामाजिक मूल्य र मान्यताको जगेर्ना गर्नुपर्ने कुरामा सचेत रहेको देखिन्छ ।

### (ङ) चिडिमारको अन्य समुदायसँगको सम्बन्ध

चिडिमार जातिका मानिसहरू आफ्नो समाज र छरछिमेकमा रहेका अन्य समुदायका मानिसहरूसँग पनि मिलेर बस्दछन् । यस जातिका मानिसहरू आफ्ना छरछिमेकमा रहेका अन्य जातिका मानिसहरूको विहावारीलगायतका विभिन्न भोजभतेरमा सरिक हुने र आफूलाई जिम्मा दिएको काम सफलतापूर्वक सम्पन्न गर्ने गर्दछन् । चिडिमार जातिका विभिन्न संस्कारहरू सम्पन्न गर्दा ब्राह्मण, नाउ, धोवीजस्ता जातिहरूको अनिवार्य सहयोग लिनै पर्ने हुन्छ (चिडिमार(रामलौटन), १७ आश्विन २०७०) । त्यस्ता जातिका मानिसहरूसँग पनि चिडिमार जातिका मानिसहरूले राम्रो सामाजिक सम्बन्ध कायम राख्दैआएको पाइन्छ । चिडिमार जातिका मानिसहरू तराईका दलित समुदायका भएका र सुँगुरको मासु खाने हुनाले अन्य जातिका दलितहरूसँग खानपानमा पनि समान रुपले सरिक हुने र गैरदलित जातिका मानिसहरूसँग खानपानका कामहरूभन्दा बाहेकका अन्य सामाजिक कामहरूमा हेलमेल कायम राख्ने गरेको पाइन्छ । गैर दलित समुदायका मानिसहरू चिडिमार जातिका भोजभतेरमा सकेसम्म आउँदैनन् र आउनै परे उनीहरूको लागि व्यवस्था गरिएको छुट्टै भान्सामा खाने गर्दछन् । नेपालको तराई क्षेत्रमा रहेका दलित समुदायहरूमध्ये अन्य जातिका मानिसहरूसँगको व्यवहारको तुलनामा चिडिमार जातिका मानिसहरूसँग हुने छुवाछूतको व्यवहार निकै खुकुलो हुने गरेको पाइन्छ । पहाडी मूलका मानिसहरूले भने चिडिमार जातिका मानिसहरूलाई छुवाछूतको व्यवहार गर्ने गरेको पाइँदैन । उनीहरूलाई चिडिमारहरू दतिल हुन् भन्ने जानकारी समेत नभएको हुने गरेको पाइन्छ । यसरी चिडिमारहरूले अन्य जातजातिका मानिसहरूसँग सौहार्दपूर्ण सम्बन्ध कायम राख्दै आएको पाइन्छ ।

### ५.२.८ नाता कुटुम्ब

नेपालको तराई क्षेत्रका अन्य हिन्दू जातिको समाजमा जस्तै चिडिमार जातिको समाजमा पनि आफ्नै खालको नातेदारी व्यवस्था कायम रहेको पाइन्छ । नाता मानिसको एउटा सामाजिक सम्बन्ध हो, जो जन्म विवाह तथा पालनपोषणका आधारमा समेत कायम हुने गरेको पाइन्छ । केही हिन्दू समाजमा मित लगाएर पनि नातेदारी कायम गर्ने गरेको पाइन्छ तर चिडिमार जातिको समाजमा भने त्यसरी मित लगाएर नातेदारी कायम गर्ने परम्परा रहेको पाइँदैन यस्तो नाता कुटुम्बले वंशज र

जैविक सम्बन्ध मात्र कायम नराखी आफ्नो निश्चित क्षेत्रभित्र भएको दायित्व र अधिकार पनि निर्धारण गरेको देखिन्छ । विशेषतः मानिस जन्मदैदेखि नातामा बाँधिन्छ र उसको विवाह पछि अर्को नातामा बाँधिन पुग्दछ । चिडिमार जातिमा प्रमुख रूपमा रक्तसम्बन्ध वा जन्मको आधारमा हुने सम्बन्ध र वैवाहिक सम्बन्धका आधारमा हुने नाता कुटुम्बी प्रमुख रूपमा कायम रहेको पाइन्छ । अन्य हिन्दू समाजमा जस्तै चिडिमार जातिको समाजमा पनि जन्मजात सम्बन्धलाई सबैभन्दा निकटको र वैवाहिक सम्बन्धबाट कायम भएको नाता कुटुम्बलाई सहायक स्तरको मानिने गरिदै आएको छ । जन्मजातका आधारमा हुने नाता कुटुम्बलाई प्राकृतिक र वैवाहिक आधारमा कायम हुने नाता कुटुम्बलाई कृतिम मान्ने प्रचलन चिडिमार जातिको समाजमा पनि कायम रहँदै आएको पाइन्छ ।

नाता कुटुम्ब पनि खासगरी प्राथमिक स्तरमा बाबुआमा, दाजुभाई, दिदीबहिनी आदि पर्दछन् भने सहायक स्तरमा पतिपत्नी, सासुससुरासँगै मामा, भान्जा, भान्जी, फूपाजु, भिनाजु, साला, साली आदि पर्दछन् । नातेदारी सम्बन्धमा मामा र भान्जाको चिडिमार जातिको समाजमा खुवै महत्व हुने गर्दछ । यसले गर्दा चिडिमार समाजमा वैवाहिक सम्बन्धको पनि विशेष महत्व रहने गरेको पाइन्छ । शिशुको जन्म हुँदा, विहावारी तथा मृत्यु संस्कार सम्पन्न गर्ने क्रममा समेत चिडिमार जातिमा माइती, मावलीको उपस्थितिलाई अनिवार्य जस्तै मानिन्छ । यस्ता सामाजिक सांस्कृतिक बाध्यताहरूले गर्दासमेत चिडिमार जातिको समाजमा नाता कुटुम्बसँगको सम्बन्ध निकै राम्रो रहने गरेको पाइन्छ । चिडिमार जातिमा बुहारीले जेठाजुलाई छुन र कपाल देखाउनसमेत नहुने परम्परा कायम रहँदै आएको छ । प्रायःजसो ससुराका अगाडि पनि बुहारीले सारीको सप्कोले भएपनि कपाल ढाकेर उपस्थित हुने यस जातिको नाता कुटुम्बमा आधारित मर्यादा कायम रहेको पाइन्छ । यस जातिमा बुहारीले जेठाजु वा ससुराको अगाडि टाउकामा कुनै बस्त्र नराखी खाली बसेमा त्यसलाई संस्कारहीन वा उत्ताउली मान्ने प्रचलन छ (चिडिमार(जगराम), २७ फाल्गुण २०६९) । यस जातिमा मामा र भान्जाका अतिरिक्त भिनाजु र सालासालीका बीचमा बैवाहिक सम्बन्धबाट स्थापित नाताकुटुम्ब भएर पनि ज्यादै निकटको सम्बन्ध रहने गरेको पाइन्छ ।

### ५.२.९ दलित समुदायका रूपमा चिडिमार समाज

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने अन्य दलित समुदायका मानिसहरू समानको परम्परा, रितिरिवाज भएका आधारमा चिडिमार जातिलाई पनि तराई दलित समुदायअन्तर्गत राख्ने गरिंदै आएको पाइन्छ । वर्ण व्यवस्थाका आधारमा शूद्र वर्णमा पर्ने चिडिमार जातिमा सुँगुरको मासु खाने

प्रचलन रहँदै आएको पाइन्छ । पहाडी दलित समुदायहरूमध्ये कामी, दमाई, सार्की, बादी र गाइनेहरूले पनि सुँगुरको मासु खाने गर्दछन् । नेपालमा हिन्दू धर्म मान्ने गैरदलित समुदायका मानिसहरूले सुँगुरको मासु खाने गरेको पाइदैन । खासगरी हिन्दूधर्म मान्नेहरूमा शूद्रहरूले मात्र सुँगुरको मासु खाने हुँदा चिडिमार जातिका मानिसहरू पनि त्यही वर्णमा पर्दछन् भनेर छुट्ट्याउने एउटा आधार भएको पाइन्छ । त्यसका अतिरिक्त चिडिमार जातिका मानिसहरूले तराईका अन्य दतिल समुदाय समानका व्यवहार र खानपान गर्ने हुनाले पनि यिनीहरूलाई राष्ट्रिय दलित आयोगले तराईका दलित समुदायको सूचीमा सुचिकृत गरेको छ (तिमिल्सिना, २०७१ वि.सं., पृ. ४१) । नेपालको तराई क्षेत्रको समाज र त्यहाँ बसोबास गर्दै आएका जातजातिहरूका बारेमा निकै कम मात्र अध्ययन अनुसन्धान भएका कारण नेपाल सरकारका अधिकृत दस्तावेजहरू भने चिडिमार जातिका विषयमा मौन रहँदै आएका छन् । तथापि गैरसरकारी स्तरमा भएका शोध अनुसन्धानहरूमा चिडिमार जातिलाई दलित समुदायमा नै गणना गरिदै आएको पाइन्छ ।

नेपालमा परम्परागतरूपमा सयौं वर्षदेखि वर्ण व्यवस्थाअनुसार शूद्र वर्णका मानिसहरूमाथि निरन्तर रूपमा छुवाछूत र भेदभावको व्यवहार गरिदै आएको छ (पासवान र सुवाल, २०६९ वि.सं., पृ. १२९) । त्यसमा पनि तराईको जनजीवन पहाडी जनजीवनको तुलनामा अझै बढी रुढीबादी र पिछडिएको अवस्थामा रहेको पाइन्छ । नेपालको तराई क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका चिडिमार जातिका मानिसहरू पनि अन्य दलित समुदाय समान विभेद र छुवाछूतको पीडा सहन बाध्य छन् । विभेदकै कारण सामाजिक रूपमा यिनीहरू निकै पिछडिएको अवस्थामा रहेका छन् । त्यसले गर्दा उनीहरूले अन्य वर्गका मानिसहरूले समान स्थानीय स्रोत र साधनको उपभोग गर्नबाट बन्चित भएका छन् । एक किसिमले चिडिमार जातिका मानिसहरू सामाजिक रूपले बहिस्कृत जस्तै अवस्थामा रहेको पाइन्छ ।

छुवाछूतजन्य विभेद र बहिस्करणले गर्दा चिडिमार जातिका मानिसहरूले व्यक्तिगत र सामुदायिक तहमा समेत क्षमता वृद्धि गर्न र विकासको अवसर प्राप्त गर्नसमेत पाएका छैनन् । नेपालको तराई क्षेत्र र सिमावर्ती भारतीय क्षेत्रमा समेत हिन्दू धर्मअन्तर्गतको वर्ण व्यवस्था प्रभावशाली र क्रियाशील रहँदै आएका कारण पुस्तौंपुस्तादेखि चिडिमारलगायतका दलित समुदायका मानिसहरू मानसिक रूपमा समेत कमजोर हुन पुगेको पाइन्छ । नेपालको तराई क्षेत्रमा शताब्दीयौंदेखि कायम रहँदै आएको विभेद र बहिस्करणलाई स्वीकार्दै आएका अन्य समुदायमा भारतबाट १९ सौं शताब्दीतिर बसाइँ सरेर आएका चिडिमार जातिका मानिसहरू पनि समाहित हुन आइपुगेपछि उनीहरूले पनि अन्य दलित समुदायका मानिसहरूले जस्तै विभेद र छुवाछूतको परिस्थितिको सामना गर्नु परेको र

अहिलेसम्म पनि त्यस्तो सामाजिक विभेद सहन चिडिमार जातिका मानिसहरू बाध्य हुँदै आएको पाइन्छ । यसरी सामाजिक विभेद र बहिस्करणलाई स्वीकार्दै आएका चिडिमारहरूले आफूलाई हीन, अछूत र निम्न स्तरको ठान्ने परम्परा विकसित गर्दै आएका छन् । उनीहरूले जातीय छुवाछूत, विभेद र बहिस्करणलाई पूर्वजन्मको फल, भाग्य र नियती नै ठान्ने गरेका छन् (चिडिमार(लल्लु), २० आश्विन २०७०) । यद्यपि यस्तो स्वीकारोक्तिमा भने क्रमिक रूपमा परिवर्तन आइरहेको पाइन्छ । केही चिडिमारहरूले आफूहरू दलित नै नभएको र समाजले नबुझेर अनाहकमा आफूहरूलाई दलित भनेर हेलाँ गर्ने गरेको धारणासमेत व्यक्त गर्ने गरेको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा प्राय:जसो व्यवसाय वा पेसाका आधारमा जात कायम गर्ने र जातकै आधारमा विभेदको व्यवहार गर्ने परम्परा कायम रहँदै आएको पाइन्छ । यसको प्रभाव नेपालका सम्पूर्ण दलित वा शूद्र समुदायमा पर्न गएका कारण चिडिमार जातिका मानिसहरू पनि यसबाट अलग रहन सकेको देखिदैन ।

कानुनी रूपमा नेपालमा जातीय विभेदको अन्त्य गरिएको भएपनि असमान सामाजिक संरचनाका कारण दलित समुदायको जीवनस्तर माथि उकासिन सकेको पाइँदैन । नेपालमा पहाडी दलित समुदायको तुलनामा तराई दलितको सामाजिक स्थिति निकै कमजोर रहेको छ । तराईकै केही माथिल्लो जातिका मानिसहरूले चिडिमार जातिका मानिसहरूलाई सामाजिक र घरायसी कामकाजबाट बन्चित गर्दै आएको पाइन्छ । उनीहरूलाई कठिन, घिनलाग्दा र फोहरी मानिएका कामहरू गर्न बाध्य पार्ने परम्परा अझै पनि कायम रहँदै आएको छ (चिडिमार(रमिया) २० आश्विन २०७०) । व्यवस्थित बासको अभावमा बाँचिरहेका चिडिमार जातिका मानिसहरूलाई ज्ञान र अवसरबाट समेत बन्चित गरिदै आएको छ । त्यसै कारणले समाजमा उनीहरू अपमानित र तिरस्कृत मात्र होइन अत्यन्त दरिद्र अवस्थामा बस्नसमेत बाध्य भएको देखिन्छ ।

परम्परागत सामाजिक विभेदले चिडिमार समुदायलाई सङ्गठित हुने साहस प्राप्त नभएकाले उनीहरू पनि तराईका अन्य दलित समुदाय समान छुवाछूतको विरोधमा उत्रन सकिरहेका छैनन् । केही समयदेखि नेपाली समाजमा छुवाछूत, भेदभाव, कुरीति र कुसंस्कारका बिरुद्ध सङ्घर्ष हुँदै आएको भए पनि चिडिमार जातिका मानिसहरूलाई त्यसका बारेमा कुनै चासो र प्रभावसमेत परेको पाइदैन । उनीहरूले अझै पनि पुरानै वर्ण व्यवस्थाको नियम र सामाजिक परम्परालाई यथावत रूपमा मान्दै आएका छन् । त्यस्तो हुँदाहुँदै पनि तराईका सबै दलितहरू दिनहुँजसो सामाजिक रूपमा विभेदको शिकार भने हुँदै आएका छन् (पासवान र सुवाल, २०६९ वि.सं., पृ. १२९) । यस्तो विभेद समान रुपमा चिडिमार जातिका मानिसहरूले पनि भोग्न वाध्य छन् ।

केही समय अगाडिसम्म पनि दिनभर जङ्गलमा चराचुरुङ्गी मार्न/समात्न जाने हुनाले चिडिमार जातिका मानिसहरू सामाजिक रूपले अन्य जातिका मानिसहरूसँग कमै मात्र सम्पर्कमा रहन्थे । बजारमा चराचुरुङ्गी बिक्रीवितरण गर्न जाँदा उनीहरूले छुवाछूत र भेदभावको महसुस नै गर्दैनथे । तर केही समय यतादेखि उनीहरूको पेसा परिवर्तन हुँदै आएको हुनाले चिडिमार जातिका मानिसहरू समाजमा बढी हेलमेल हुन बाध्य भएका छन् । उनीहरू अहिले दिनहुँजसो छरछिमेकमा काम खोज्न जाने गर्दछन् । कामका सिलसिलामा उनीहरूले विभिन्न खालका विभेद र छुवाछूतजन्य पीडा भोग्न बाध्य छन् । चिया, नास्तालागायतका खानपानमा र काममा समेत उनीहरूमाथि विभेद गरिन्छ । घरायसी कामकाजका अतिरिक्त सामाजिक कामहरू गर्दा उनीहरूलाई अरूले छोडेका, कठिन, र फोहरी मानिएका सरसफाइलगायतका कामहरू गर्न बाध्य पारिन्छ । राम्रा, सजिला र सफा कामहरू गैरदलितका मानिसहरूले पाउँदछन् तर चिडिमार जातिका मानिसहरू दलित भएका कारण कठिन र न्यून पारिश्रमिक पाइने कामहरू गर्न वाध्य छन् (चिडिमार(फूलचन), २० आश्विन २०७०) । वास्तवमा चिडिमार जातिका मानिसहरूमा प्राविधिक ज्ञानको अभाव र शिक्षामा समेत पछाडि रहेका कारण उनीहरूले यथोचित पारिश्रमिक प्राप्त हुने कामहरू गर्न सक्दैनन् र पाउदैनन् पनि । त्यसैका कारण पनि उनीहरू सामाजिक रूपमा पछाडि पर्दै आएका छन् ।

नेपालमा समयसमयमा कानुन निर्माण गरेर वा संविधानमा लेखेर भएपनि छुवाछूत र विभेद हटाउने प्रयासहरू हुँदै आएको पाइन्छ । नेपाल सरकारको वैधानिक कानुन, २००४ को धारा २ ले मौलिक हकअन्तर्गत धार्मिक र कानुनी स्वतन्त्रताको उल्लेख गरेको थियो । अन्तरिम शासन विधान, २००७ मा राज्यले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा त्यस्ता कुनै कुराको आधारमा नागरिकलाई विभेद नगरिने भन्ने व्यवस्था गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ४ र नेपालको संविधान, २०१९ को दफा १० को हकअन्तर्गतले सबै नागरिकलाई कानुनको समान सङ्रक्षणको हक प्रत्याभूत गरेका थिए । मुलुकी ऐन २०२० ले जातीय विभेद तथा छुवाछूतजन्य कसुरलाई कानुनी रूपमा नै दण्डनीय बनाएको थियो (बराइली, २०५४ वि.सं., पृ. ४) । यस्तो हुँदाहुँदै पनि नेपाली समाजमा जातीय विभेद र छुवाछूतप्रथा अझै पनि कायम रहँदै आएको पाइन्छ । यस्तो सामाजिक विभेदजन्य व्यवहार चिडिमार जातिका मानिसहरूले पनि समान रुपले भोग्दै आएका छन् । तथापि कतिपय पहाडी मुलका मानिसहरूलाई भने चिडिमारहरू दलित वा गैह्रदलित के हुन् भन्ने जानकारी नै नभएका कारण उनीहरूले त्यस्तो भेदको व्यवहार गर्ने गरेको पाइदैन ।

वि.सं.२०४६ सालमा भएको जनआन्दोलनले नेपालमा गुमेको प्रजातन्त्रलाई पुनः स्थापना गर्न सफल भयो । त्यसपछि वि.सं.२०४७ सालमा अर्को संविधान बन्यो । त्यस संविधानमा पनि नेपालमा धर्म, वर्ण, लिङ्ग, जातजाति वा आस्थाका आधारमा कुनै पनि नागरिकलाई विभेद नगरिने कुरा उल्लेख गरियो । वि.सं.२०६२/६३ सालमा पनि नेपाली जनताले आफ्नो हक र अधिकारका लागि आन्दोलन गर्न बाध्य भए । त्यसपछि नेपालमा अन्तरिम संविधान २०६३ निर्माण गरियो । त्यसमा पनि जनताको मौलिक हकअन्तर्गत नेपाली नागरिकलाई कुनै पनि छुवाछूत तथा भेदभाव नगरिने भन्ने कुरा उल्लेख गरियो । वि.सं.२०६८ साल जेठ १० गते पनि संसदबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर तथा सजाय) ऐन २०६८' पनि पारित भइसकेको छ (बराइली, २०५४ वि.सं., पृ. ४) । तथापि यी संविधान र कानुनमा उल्लेखित कुराहरू कार्यान्यनका सवालमा कमजोर रहेका कारण नेपालमा दलितको अवस्था यथावत रहँदै आएको पाइन्छ ।

नेपालमा यसरी कानुनी र संवैधानिक रूपमा प्रसस्त सकारात्मक पहल हुँदाहुँदै पनि समाजमा दलितमाथिको विभेद, छुवाछूत र दृष्टिकोणमा यथोचित परिवर्तन हुन सकेको पाइँदैन । दलित समुदायका समस्यालाई विशेष रूपमा अध्ययन गर्दा चिडिमार समुदायमाथिको विभेद र छुवाछूतलाई सम्बेदनशील रूपमा लिनु पर्ने देखिन्छ । अझै पनि चिडिमार जातिका मानिसहरू निजी स्थानमा मात्र नभएर सार्वजनिक स्थलमा पनि दैनिक रूपमा छुवाछूत र विभेदजन्य व्यवहार सहन बाध्य छन् । टोल छिमेकमै पनि चिडिमार जातिका मानिसहरूले चिया पसल, किराना पसल, दूध बिक्रीकेन्द्र, मासु पसल जस्ता ठाउँहरूमा विभेद र छुवाछूतजन्य व्यवहारको सामना गर्नु परिरहेको छ (चिडिमार(सियाराम), २० आश्विन २०७०) । खासगरी खाद्यपदार्थको प्रयोग र सेवाग्राही क्षेत्रमा चिडिमार जातिका मानिसहरूलाई सामाजिक रूपमा नै छुवाछूत र विभेदको व्यवहार बढी गरिदै आएको पाइन्छ ।

### ५.२.१० सामाजिक क्षेत्रमा आएका परिवर्तनहरू

आफ्नै समुदायमा मात्र रमाउने, बाहिरी दुनियासँग कम मात्र सम्पर्क र घुलमिल हुने, खासगरी महिलाहरू घरभित्रै बसिरहने, अवधीभन्दा बाहेकका अन्य भाषाहरू कम बोल्ने र बुझ्ने तथा जानेपनि बोल्न हिचकिचाउने चिडिमार जातिका मानिसहरूको परम्परागत स्वाभाव रहँदै आएको थियो (चिडिमार(कोइली), १४ आश्विन २०७०) । वि.सं.२०४६ साल पछि देशमा राष्ट्रिय राजनीतिमा आएको खुलापनका कारण स्थानीय क्षेत्रमा पनि मानिसहरूको चहलपहल, आवतजावत, घुलमिल, शोध अनुसन्धान, विकास निर्माण, जनसहभागिता एन.जि.ओ., आई.एन.जी.ओ.हरूको सङ्लग्नता, सञ्चारका

माध्यमहरूको पहुँचमा भएको सरलीकरण, खासगरी एफ.एम. रेडियोहरूको प्रसारणमा भएको विकास जस्ता कारणहरूले गर्दा स्वाभाविक रूपमा जनचेतनाको स्तरमा बृद्धि र त्यसको देखासिकि गर्ने प्रचलनको विकास हुँदै गएको थियो । यसको प्रभाव चिडिमार जातिको समाजमा पनि परेको पाइन्छ ।

सरकारी र गैरसरकारी संस्थाहरूले समयसमयमा चिडिमार बस्ती र त्यसको आसपासका क्षेत्रहरूमा गर्दै आएका सभा, गोष्ठी र जनचेतनामूलक कार्यक्रमहरूमा यस जातिका मानिसहरू चाहेर वा नचाहेर पनि सहभागी बन्दै आएका छन् (चिडिमार(वनवारि), २० फाल्गुण २०७०) । सुरुसुरुमा केही दवाव र करकापका आधारमा सहभागी हुने चिडिमार जातिका मानिसहरू पछि क्रमशः स्वस्फूर्त रूपमा त्यस्ता कार्यक्रमहरूमा सहभागी हुँदै गएका थिए । त्यस्ता कार्यक्रमहरूले चिडिमार समाजमा बिस्तारै परिवर्तन ल्याइदिएको र बाहिरी दुनियासँग पनि सम्पर्क बढाइदिएको थियो । त्यसपछि मात्र चिडिमार जातिका मानिसहरूले आफ्नो समाजको पहिचानको महत्व थाहा पाउदै गएका थिए । त्यसले गर्दा चिडिमार जातिका मानिसहरूले आफूले आफैलाई चिन्न सक्ने हुँदै गएका थिए । परिणाम स्वरूप उनीहरूको स्वभावमा पनि परिवर्तन आउँदै गएको पाइन्छ ।

साना-ठूला तालिमहरू र सभा गोष्ठीहरूमा भाग लिदै गएपछि चिडिमार जातिका मानिसहरूमा क्रमशः सीपको विकास हुँदै गएको पाइन्छ । उनीहरूले नयाँनयाँ बस्तुहरूको उपभोग गर्ने, अनुभव संगाल्ने गर्दैजाँदा र जीवनलाई सहजीकरणको माध्यमबाट अगाडि बढाउँदै जाँदा केही आनन्दको अनुभूति गर्न थालेका थिए (चिडिमार(राधा), २४ फाल्गुण २०७०) । त्यस पछिका दिनहरूमा सामाजिक संस्कारहरू, वेशभूषा, चाडपर्व मनाउने तरिकामा पनि बिस्तारै परिवर्तन आउँदै गएको थियो । यसरी बिस्तारै जीवन परिवर्तनको संघारमा पुगेपछि चिडिमार जातिका मानिसहरूको खर्चमा पनि वृद्धि हुँदै गएको पाइन्छ । त्यसका लागि उनीहरूले बिस्तारै आफ्नो परम्परागत चरा समात्ने/मार्ने र बजारमा लगेर बिक्रीवितरण गर्ने व्यवसायको सट्टा सहर बजारमा पसेर श्रमजन्य कामहरू खोज्न थालेका थिए । त्यसले गर्दा उनीहरूको दैनिक आम्दानीमा केही भिन्नता देखिन थालेको थियो । त्यस्ता कामहरू परिवारका धेरै सदस्यले मिलेर गर्न सक्ने हुनाले आम्दानी स्वतः बढ्दै गएको थियो । त्यसरी आम्दानी बढ्दै गएपछि उनीहरूका लवाईखवाईमा पनि परिवर्तनहरू देखा पर्दै गएका थिए । सामाजिक कुरिती र अन्धविश्वासबाट पनि उनीहरू बिस्तारै माथि उठ्दै जान थालेको पाइन्छ ।

चिडिमार समाजमा भएका परिवर्तनहरू सबै क्षेत्रमा समान रूपले भने भएको पाइदैन । यस जातिका केही पढालेखा, विद्यालय गइरहेका युवायुवती तथा बालबालिकाहरू, प्रौढ शिक्षामा सहभागी महिलाहरू, सहरी क्षेत्रमा बस्ने मानिसहरू, सामाजिक संघसस्थामा आवद्ध रहेकाहरूमा छिट्टै यस्ता परिवर्तनहरूले प्रभाव पारे पनि अन्य महिला तथा वृद्धवृद्धाहरूमा त्यसको प्रभाव निकै कम परेको

पाइन्छ । यस चिडिमार जातिका धेरै मानिसहरूले आफ्नो पुर्ख्यौली पेसा छाड्दा अनिस्ट हुने धारणासमेत व्यक्त गरेका थिए (चिडिमार(नक्कु) २४ फाल्गुण २०७०) । त्यस्तो हुँदाहुँदै पनि झरीबादल नभनी जङ्गलजङ्गल चहारेर चराचुरुङ्गी समात्ने/मार्ने कामको सट्टा अन्य कामहरूबाट पनि आम्दानी गर्न सकिने भएपछि अन्ततः चिडिमार जातिका मानिसहरू आफ्नो पुर्ख्यौली पेसा छोड्न र अन्य सामाजिक परिवर्तनहरूलाई आत्मसात गर्दै अगाडि बढ्न बाध्य बन्दै गएको देखिन्छ । चिडिमार जातिमा आएका सामाजिक परिवर्तनलाई भिन्नभिन्न बुँदाहरूमा राखेर अध्ययन गर्दा अझै स्पष्ट हुने देखिन्छ ।

**(क) अन्य समुदायसँगको हेलमेलमा वृद्धि**

विगत १५-२० वर्ष अगाडिसम्म पनि चिडिमार जातिका मानिसहरू बढी अन्तरमूखी र अन्य समाजका मानिसहरूसँग कुनै हेलमेल र व्यवहार नगर्ने स्वभावका थिए (चिडिमार(मैराम), २४ फाल्गुण २०७०) । त्यतिबेला उनीहरू एक सुरसँग आफ्नो काम मात्र गरिरहने, आफ्नै पेसा र जीविकामा मात्र विश्वास गरिरहने स्वभावका थिए । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरू अन्य जातिका मानिसहरूभन्दा भिन्न र घुमन्ते स्वभाका थिए (चौधरी, २०६५ वि.सं., पृ. १२६) । स्थाई रुपले बस्न थालेपछि चिडिमारहरूले कुनै सामाजिक कामहरू गर्दा, चाडवाड मनाउदा, भोजभेर गर्दा, टोल छिमेकका मानिसहरू जम्मा भएर मासु काट्दा, आफ्ना परम्परागत संस्कारहरू सम्पन्न गर्दा चिडिमारभन्दा बाहेकका मानिसलाई सहभागी गराउँदैनथे । तर अहिलेको समयमा चिडिमार जतिका मानिसहरूको यो स्वभावमा धेरै परिवर्तन आइसकेको पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिका मानिसहरूले सामुहिक कामहरू गर्दा आफ्ना टोलछिमेकमा बसोबास गर्ने धोवी, चमार, खटिक, भङ्गी, कुचिकार, वाल्मिकी, यादव, मुसलमान, लोनिया (लासको खाल्टो खन्ने पेसा अँगाल्ने समुदाय), पहाडी जस्ता थर र जातजातिका मानिसहरूसँग मिलेर सामाजिक कामहरू गर्ने, भोजभतेर खाने, एकापसमा सहभागी भएर छलफलहरू गर्ने, समूह बनाउने, आर्थिक कारोवार गर्ने, सँगै मिलेर किनमेल गर्न जानेआउँने, आवश्यक परेका बेला सहयोग लिनेदिने जस्ता कामहरू गर्ने गरेको पाइन्छ । यी चिडिमार जातिका मानिसहरूले अन्य समुदायका मानिसहरूलाई पनि मर्दा पर्दा सहयोग गर्ने, उनीहरूकोमा पनि गएर काम गरिदिने गर्दछन् (चिडिमार(रधवा), १८ आश्विन २०७०) । त्यस्ता कार्यहरूले गर्दा चिडिमार समुदायका मानिसहरूको अन्य समुदायका मानिसहरूसँग हेलमेल बढ्नुका साथै सँगै मिलेर टोलको विकास गर्ने, आर्थिक

कोषहरू निर्माण गर्ने, विकास निर्माणका कार्यहरू गर्ने, अर्मपर्म गर्नेजस्ता सामाजिक सहभागितामा पनि वृद्धि हुँदै गएको छ (चिडिमार(बाबुलाल), २५ फाल्गुण २०७०) । यसरी अन्य समुदायका मानिसहरूको सम्पर्कका कारण चिडिमार जातिका मानिसहरूको बौद्धिक स्तर वृद्धि हुनाका साथै विभिन्न परिस्थितिसँग जुध्न सक्ने क्षमता पनि विकास हुँदै गएको पाइन्छ । यस्ता कार्यहरूले गर्दा चिडिमार जातिका मानिसहरूको जनजीवनमा सकारात्मक प्रभाव पर्न गएको देखिन्छ ।

### (ख) महिलाप्रतिको दृष्टिकोण र व्यवहारमा आएको परिवर्तन

चिडिमार समाजमा धेरै पहिलेदेखि नै पुरूषहरू जङ्गलमा चराचुरुङ्गीको शिकार गर्न जाने र महिलाहरू आफ्नै घरमा मात्र बसिरहने वा घरायसी कामकाज मात्र गरिरहने हुनाले यस जातिका महिलाहरूले धेरै पहिलेदेखि नै घरबाहिरको काम गर्न हुँदैन वा आय आर्जनका कामहरू पुरूषले मात्र गर्नु पर्दछ भन्ने मान्यता राख्दै आएको पाइन्छ । यस समाजमा पुरूष भनेको घर बाहिरको काम गर्ने र महिला भनेको घर भित्रको काम गर्ने वर्ग हो भन्ने परम्परागत मान्यता रहँदै आएको थियो (चिडिमार (कलावती), २४ फाल्गुण २०७०) । तर यस जातिमा आएको पेसाको परिवर्तनसँगै यस्ता परम्परागत मान्यतामा पनि परिवर्तनहरू देखा पर्दै गइरहेका छन् । अहिले चिडिमार जातिका केही महिलाहरूले पनि आय आर्जनका श्रमजन्य कामहरू तथा ज्याला मजदुरीसमेत गर्ने गर्दछन् । केही महिलाहरूले विद्यालय वा अन्य जिनी संस्थाहरूमा कार्यालय सहयोगी जस्ता पदहरूमा रहेर पनि कामहरू गर्ने गर्दछन् । वर्तमान समयमा चिडिमार समाजमा महिला सकृयता निकै बढ्दै गइरहेको पाइन्छ । उनीहरूले प्रौढ शिक्षा अध्ययन गर्ने, विकास निर्माणका कामहरूमा सहभागी हुँने, विभिन्न संघसंस्थाहरूले आर्थिक, शैक्षिक विकासका लागि चिडिमार बस्तीहरूमा निर्माण गरिदिएका समूहहरूमा सक्रिय सहभागिता जनाउने, खेतबारीमा काम गर्ने, पशुपालन गर्नेजस्ता कामहरू पनि गर्न थालेको पाइन्छ ।

सहरी क्षेत्रमा बसोबास गर्नेहरूभन्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूमा पुरूषहरू ज्याला मजदुरी गर्न घर बाहिर जाने र महिलाहरूले घर वरिपरिका कार्यमा सक्रियता बढाउँदै गएको पाइन्छ । यसले गर्दा चिडिमार जातिका मानिसहरूमा आय आर्जनको क्षेत्र फराकिलो हुनगई सहज तरिकाले जीवकोपार्जन गर्ने तर्फ उन्मूख हुँदै गएको देखिन्छ । चिडिमार समाजमा आएको पेसागत विचलन पछिका केही वर्षसम्म उनीहरूले धेरै कठिन जीवन जीउँन बाध्य भएका थिए किनकी पेसा परिवर्तन पछि उनीहरूको आम्दानी बढे पनि खर्च त्यसको तुलनामा दोब्बर

वृद्धि भएको थियो । त्यस्तो अवस्थामा महिलाहरूले काम नगर्दा पुरूषहरूलाई घरखर्च चलाउन निकै कठिन परेको थियो (चिडिमार(लखन), १८ आश्विन २०७०) । तर अहिलेको बदलिदो परिस्थितिमा ग्रामीण तथा सहरी क्षेत्रका चिडिमार जातिका महिलाहरूमा काम गर्ने संस्कारमा धेरै परिवर्तन आइसकेको पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिका महिलाहरू आवश्यकतानुसार घरमूली भएर पनि काम गर्न थालेको पाइन्छ । कतिपय विधवा महिलाहरूले समेत घर बाहिर गएर आयआर्जनका कामहरू गरेर आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढाउँदै गरेको पनि पाइन्छ । चिडिमार महिलाहरू घरायसी कामकाज, सरसल्लाह लेनदेन तथा निर्णय प्रक्रिया, अधिकार र कर्तव्य जस्ता क्षेत्रमा धेरै सचेत बन्दै गइरहेका छन् (चिडिमार(ननकु), २६ फाल्गुण २०७०) । यसले गर्दा समग्र चिडिमार जातिको समाज नै दिनानुदिन सचेत र जागरूक बन्दै गइरहेको पाइन्छ । कुनै पनि समाज सचेत बन्नका लागि महिलाको ठूलो हात हुने कुरा चिडिमार जातिका मानिसहरूले पनि वर्तमान समयमा बुझ्दै गइरहेका छन् । केही ठाउँमा त चिडिमार जातिका महिलाहरूले समूह बनाएर पुरूषहरूलाई रक्सी नखान अभिप्रेरित गर्ने र रक्सी खाएर महिला हिम्सा गरेमा समूहमा उजुरी गर्ने तथा समूहले नै त्यस्ता पुरूषलाई दण्डसमेत गर्नेजस्ता कामहरू पनि गर्न थालेको पाइन्छ । चिडिमार जातिका महिलहरूका यस्ता कार्यले गर्दा समग्र चिडिमार जातिको समाजलाई नै सचेत तुल्याएको मात्र छैन बिस्तारै सभ्य पनि बनाउदै लैजाने दिसामा उन्मूख हुँदै गएको पाइन्छ ।

## (ग) सरकारी निकायहरूको उपयोग र सामाजिक निर्णय प्रक्रियामा आएको परिवर्तन

चिडिमार जातिको समाजमा धेरै पहिलेदेखि नै सामाजिक न्याय प्रदान गर्ने परम्परागत निर्णय प्रक्रिया कायम रहँदै आएको पाइन्छ । त्यस्तो सामाजिक न्याय प्रदान गर्ने संस्थालाई ‘पञ्चायत’ भनिन्छ । पञ्चायतले चिडिमार समाजमा भएका झै-झगडा, विहावारी, सामाजिक अपराध, कुटपिट, गालीव्यइज्यति जस्ता अपराध गर्ने वा त्यस्ता दोषिलाई दण्ड सजायको व्यवस्था गरी सामाजिक अमन चैन कायम राख्दै आएको थियो । तर अहिले आएर ५-६ वर्ष यता चिडिमार समुदायमा कायम रहँदै आएको पञ्चायतको सभा बस्न सकिरहेको छैन (चिडिमार(गन्नु), २४ फाल्गुण २०७०) । त्यसो हुनुको कारण चिडिमार जातिभित्रैका केही मानिसहरूले पञ्चायतले गरेको फैसलालाई उल्लङ्घन गर्नु हो । यो संस्था परापूर्वकालदेखि नै नैतिकताका आधारमा चल्नै आएको र अहिले आएर मानिसहरू बिस्तारै नैतिकहिन बन्दै गएका कारण पञ्चायतले कामगर्न नसकेको चिडिमार जातिका बयोवृद्धहरूको धारणा

रहेको छ (चिडिमार(मिलन), २५ फाल्गुण २०७०) । त्यस्ता केही प्रमाणहरूले चिडिमार समाज बिस्तारै आफ्ना परम्परागत मूल्य र मान्यता तोड्न पनि अग्रसर बन्दै गएको सङ्केत पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिको सामाजिक निर्णय प्रक्रियामा व्यापक फेरवदल आएको पाइन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूले सानातिना अपराध तथा झै-झगडा गरेमा गाउँ टोलका गन्यमान्य चिडिमार र गैरचिडिमार जातिका भद्र भलाद्मीहरूसँग उजुरी गर्ने गर्दछन् । त्यस्तो उजुरी परेपछि ती मानिसहरूको कचहरी बसेर समस्या समाधानगर्दा दोषीलाई आर्थिक दण्ड वा अन्य दण्ड दिने र माफी मागेको भरमा अपरधीलाई माफी दिएर छाडिदिने क्रम बढ्दै गएको पाइन्छ भने सहरी क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूमा कुनै घटना घटेमा वडा प्रहरी कार्यालयमा गएर उजुर गर्ने र प्रहरीबाटै कार्वाही गराउने प्रचलन पनि बढ्दै गएको छ (चिडिमार(गोवरी), २० फाल्गुण २०७०) । बाँके जिल्लामा चिडिमार जातिको दोस्रो ठूलो बस्तीको नजिक शमशेरगन्ज गा.वि.स.मा एउटा सामुदायिक मध्यस्थकर्ताहरूको समिति पनि गठन गरिएको पाइन्छ । अहिले त्यस क्षेत्रका चिडिमारहरूले पञ्चायतमा उजुरी गर्नुको सट्टा घर झगडा भई अंशवण्डा गर्नुपर्दा, जग्गाको साँधसिमाना मिची झगडा हुँदा, गाई, पशुले खेतीबाली खाएर अर्मल तिर्नु पर्दा वा श्रीमान्श्रीमतीका बीचमा घरायसी झगडाहरू आदि हुँदा त्यही संस्थामा गएर उजुरी गर्ने गर्दै आएका छन् । त्यसरी उजुरी परेपछि उक्त मध्यस्थकर्ता संस्थामा आवद्ध मानिसहरू घटना भएको स्थलमा गई घटनाको प्रकृति हेरेपछि मात्र फैसला गर्ने गरेको पाइन्छ ।

चिडिमार जातिको समुदायमा परम्परागत रूपमा रहेको पञ्चायतले आफ्ना जातीय समस्याहरू समाधान गर्दथ्यो र समस्याहरूलाई आफ्नै जातिभित्र गोप्य राख्दथ्यो । यो चिडिमार जातिको एउटा विशिष्ट पहिचान पनि बन्दै आएकोमा वर्तमान समयमा यो व्यवस्था निष्कृय अवस्थामा रहन पुगेको छ (चिडिमार(छङ्गा), २३ फाल्गुण २०७०) । पञ्चायतले चिडिमार समुदायका मानिसहरूलाई अनुशासित र मर्यादित अवस्थामा राख्न मद्दत पुऱ्याउँदै आएका कारण यस जातिका मानिसहरू आफूलाई केही अन्याय भएमा तुरून्त पञ्चायतमा उजुर गर्न जाने गरेकोमा अहिले आएर आफू अन्यायमा परेका बेला सरकारी निकायमा गएर पनि उजुरी गर्न थालेका छन् ।

न्याय प्रणालीमा आएको यस्तो भिन्नताले चिडिमार जातिका मानिसहरूलाई फाइदा वा बेफाइदा के भएको छ भन्ने सम्बन्धमा गरिएको अध्ययनमा चिडिमार जातिका धेरैजसो वयोवृद्धहरूले पञ्चायतको फैसला नै राम्रो भएको धारणा व्यक्त गर्ने गर्दछन् (चिडिमार(द्वारका), प्रश्नोत्तर, १ चैत्र २०६९) । यस जातिका महिलाहरूले पनि आफ्ना समस्याका बारेमा सरकारी निकायमा उजुरी गर्दा प्रहरी आउने र त्यस्ता अपराधीलाई दण्ड गर्ने हुनाले यो समाजमा रक्सीखाएर गर्ने अपराधको सङ्ख्या

घट्दै गएको धारणा व्यक्त गर्दछन् (चिडिमार(भगवती), २३ फाल्गुण २०७०) । चिडिमार जातिका युवा वर्गका मानिसहरूले पनि सरकारी निकायमा भएको फैसला नै ठीक रहेको धारणा व्यक्त गनेए गरेको पाइन्छ ।

वास्तवमा यस चिडिमार समुदायका मानिसहरूमा पञ्चायतको सभा बसाउने परम्पराले समाजलाई आपसमा एकतावद्ध बनाई राखेको थियो । त्यसले चिडिमार जातिका मानिसहरूका बीचमा सहकार्य र आपसी भाइचारा बढाएको थियो । मानिसको मृत्यु भएर आशौचबाट उम्कने दिनमा चिडिमार जातिका चिनजानका सबै भाइभतिजाहरूको उपस्थितिलाई अनिवार्य मानिदै आएको थियो । तर अहिले पञ्चायतको सभा नबस्ने हुनाले मानिसहरू त्यहाँ उपस्थित नहुँदा पनि कसैले कार्वाही नगर्ने हुनाले यस जातिको परम्परागत संस्कारमा पनि परिवर्तन आउन थालेको छ । यसले चिडिमार जातिको मृत्यु संस्कारलाई पनि प्रभाव पार्दै लगेको पाइन्छ । त्यतिबेला बेलासपुरबाट बसाइँ सरेर अन्य ठाउँमा गएर बसेका चिडिमार जातिका मानिसहरू पनि आफन्तको मृत्यु हुँदा अनिवार्य रूपले उपश्थित हुन्थे । तर अहिले भने उनीहरूले उपस्थितिलाई अनिवार्य मान्दैनन् (चिडिमार(जमबहादुर), २६ फाल्गुण २०७०) । यसरी चिडिमार जातिका मानिसहरूको वाह्य सम्पर्क वृद्धि हुँदै जाँदा आफ्नै जातिभित्रको आन्तरिक सम्बन्धमा भने कमी आउन थालेको पाइन्छ ।

चिडिमार समुदायमा प्रचलित पञ्चायतको सभालाई यस जातिको मृत्यु संस्कारसँग जोड्दै आएकोमा अहिले आएर पञ्चायतको सभा नबोलाउँदासमेत त्यसको केही प्रकृया भने कायम रहँदै आएको पाइन्छ । यस समुदायमा मृत्यु संस्कार सम्पन्न गर्ने दिन साँझ अझै पनि पञ्चायतको सभा बस्ने समय भयो भनेर जानकारी गराउने, पञ्चायतका प्रमुख चौधरीको आसन तयार गर्नेजस्ता कार्यहरू गरिदै आएको पाइन्छ । यस चिडिमार समाजमा पञ्चायतका पदाधिकारीहरू पनि पुरानै यथावत कायम रहँदै आएका छन् । गाउँटोलमा कुनै समस्या आइपरेमा अझै पनि पञ्चायतका प्रमुख चौधरीलाई बोलाएर राय सुझाव लिने प्रचलन बाँके जिल्लाको बेलासपुर क्षेत्रमा बसोबास गर्ने चिडिमार समुदायमा कायमै रहेको पाइन्छ । त्यहाँका चौधरीले गाउँको मुखिया जस्तै भएर गाउँलेहरूलाई सहयोग पनि गर्दै आएका छन् । अहिले चिडिमार समुदायमा पञ्चायतको बैठकले निरन्तरता नपाउँदा यस जातिका मानिसहरू मुखियाबिहिन जस्तै बन्न पुगेका छन् (चिडिमार (रामबहादुर) २६ फाल्गुण २०७०) । वर्तमान समयमा चिडिमार जातिमा रहेको परम्परागत एकता र आदानप्रदानमा पनि केही कमी आउँदै गएको पाइन्छ ।

## (घ) व्यवहारमा आएको परिवर्तन र चेतनाको विकास

आजभन्दा ८-१० वर्ष अगाडिसम्म पनि चिडिमार जातिका मानिसहरूको अन्य जातिका मानिसहरूसँग सम्पर्क कम हुँनेहुँदा उनीहरू कमै मात्र सामाजिक स्वभावका थिए (चिडिमार(मनोहर), १६ भाद्र २०६८) । त्यति बेला उनीहरू चरा मार्नेभन्दा बाहेकको समयमा अत्याधिक जाँडरक्सी खाएर समय बिताउँदथे । त्यतिवेला चिडिमार जातिका गाउँटोलमा दिनहुँ झै-झगडा भइरहन्थ्यो । त्यस्ता झगडा मिलाउन पञ्चायतलाई भ्याइनभ्याइ हुन्थ्यो (चिडिमार(भीखु),२३ फाल्गुण २०७०) । त्यही कारणले गर्दा चिडिमार जातिका धेरै मानिसहरूका घरमा विचल्ली पनि हुने गर्दथ्यो । लोग्ने मानिसहरू प्रायःजसो दिनभर जाँडरक्सी खाएर सुत्ने र महिलाहरू पनि घर बाहिर कामगर्न नजाने परम्परा भएका कारण यस जातिका मानिसहरूको आर्थिक अवस्था कमजोर हुनगई सधैंजसो खानेलाउने समस्या कायम रहेको थियो (चिडिमार(मुरादा), १४ आश्विन २०७०) । त्यतिबेला चिडिमार जातिका मानिसहरू अन्य समुदायका मानिसहरूसँग बोलचाल गर्न, उनीहरूसँग सामाजिक व्यवहार गर्न हिचकिचाउँने गर्दथे । तर अहिले यस जातिका मानिसहरूको व्यवहारमा धेरै परिवर्तन आएको पाइन्छ । करिव १२-१३ वर्षभन्दा माथिका प्रायःजसो चिडिमार जातिका लोग्ने मानिसहरू दिउँसो केही न केही श्रमजन्य कामहरू गर्न जाने गर्दछन् । ग्रामीण क्षेत्रका प्रायःजसो महिलाहरूले भए आफ्नो र नभए अर्काको भएपनि खेतबारीमा काम गर्न जाने गर्दछन् । सहरी क्षेत्रका महिलाहरू भने अझै पनि कमैले मात्र बाहिरी कामहरू गर्ने गरेको पाइन्छ । त्यसले गर्दा चिडिमार जातिका लोग्ने मानिसहरूलाई अहिले रक्सी खाएर फजुलमा समय वर्वाद गरेर बस्ने फुर्सद नै हुँदैन (चिडिमार(रामकिशोर), २३ फाल्गुण २०७०) । अर्कातिर चिडिमार समुदायका पुरूषहरू अहिले सरकारी कानुन र महिलाहरूका संघसंघठनबाट समेत त्यस्ता अनियमित कामहरू गर्न डराउने र सचेत हुने गरेको पाइन्छ ।

चिडिमार समाजमा त्यस्ता व्यवहारिक परिवर्तनहरू आउनाका धेरै कारणहरूमध्ये मुख्य कारण उनीहरूको पेसा र आर्थिक क्षेत्रमा आएको परिवर्तन हो (चिडिमार(ज्ञाना), २० फाल्गुण २०७०) । चरा मार्ने व्यवसाय कायम रहँदा उनीहरूलाई धेरै समय फुर्सद हुने र आम्दानी पनि तत्काल हेर्दा धेरै देखिए पनि जीविका चलाउन भने निकै धौधौ हुने गर्दथ्यो । तर अहिले यस जातिको पेसामा आएको परिवर्तनका कारण श्रमजन्य कामहरू गर्दा बिहानदेखि बेलुकासम्म नै खटिइरहनु पर्ने हुनाले फुर्सद निकै कम हुने गरेको पाइन्छ ।

वर्तमान समयमा यस जातिका परिवारका सदस्यहरूकै बीचमा पनि कम मात्र भेटघाट हुने गर्दछ । प्रत्येक दिनको साँझ उनीहरू पैसा कमाएर घरमा आवश्यक पर्ने सरसामानहरू दालचामल

आदि किनेर लिएर आउँदछन् र महिलाहरूले पनि दिनभर कामगर्दा थाकेको भनी पुरूष वर्गलाई राम्रो व्यवहार गर्ने, यथासक्य मिठो-मसिनो खानेकुरा बनाएर खान दिने गर्दा उनीहरूका बीचमा मेलमिलापको वातावरण बढ्दै गएको छ (चिडिमार(सरद), २२ भाद्र २०६८ र २७ फाल्गुण २०७०) । अहिले चिडिमार जातिका मानिसहरू बजारमा काम गर्न जाँदा अन्य जातजातिका मानिसहरूसँग भेटघाट हुने, उनीहरूले गरेका व्यवहारको अनुसरण गर्ने, नेपाली भाषा राम्रोसँग सिक्ने र बोल्ने, नयाँनयाँ कुराहरू सिक्न जिज्ञासु हुने गरेका कारण उनीहरूले आफ्ना घर तथा टोलबस्ती सरसफाई राख्ने, लिपपोत गर्ने, घरभित्रका सरसामानहरू सजाएर, मिलाएर राख्ने, घरमा आएका पाहुनालाई शिष्ट तरिकाले स्वागत सत्कार गर्नेजस्ता आधुनिक मानिएका व्यवहारहरू पनि गर्ने गरेको पाइन्छ ।

विभिन्न समयमा चिडिमार बस्तीमा सरकारी र गैरसरकारी संघसंस्थाहरूले सञ्चालन गरेका जनचेतनामूलक कार्यक्रमहरूले चिडिमार जातिका मानिसहरूमा चेतनाको विकास हुन गई उनीहरूका व्यवहारमा प्रसस्त परिवर्तनहरू आएका छन् । प्रौढ शिक्षा अध्ययन गरेका चिडिमार जातिका महिलाहरूले शिक्षाको महत्व बुझेर आफ्ना बालबालिकाहरूलाई अनिवार्य रूपले विद्यालय पठाउन थालेका छन् । उनीहरू आफैंले पनि सीपमूलक तालिमहरू लिएर आयआर्जनका कामहरू गर्न थालेका छन् (चिडिमार(पूजा), २२ फाल्गुण २०७०) । यस चिडिमार बस्तीका गाउँटोलमा देखापर्ने समस्याहरूको समाधानका लागि उनीहरूले समुदायमा छलफल गरी समाधान निकाल्न सहयोग पुऱ्याउँदछन् । चेतनाको स्तरमा पनि वृद्धि हुँदै गएका कारण श्रीमान् र श्रीमतीका बीचमा हुँने झै-झगडामा पनि कमी आएको छ (चिडिमार(जग्गा), २० फाल्गुण २०७०) । केही समय अगाडिसम्म पनि अन्य समुदायका कुनै नयाँ मानिसहरू घरमा आएको समयमा टाउकोमा घुँघुड ओडेर घरभित्रै बसिरहने चिडिमार जातिका महिलाहरू अहिले घरबाहिर निस्कने, विना हिचकिचावट सोधपुछ गर्ने गर्दछन् । आफूलाई समस्या आइपर्दा उनीहरू पुलिस प्रशासन, आफ्नै जातिमा सञ्चालित पञ्चायत, गाउँमा रहेका सामुदायिक मध्यस्थता केन्द्रजस्ता न्यायिक निकायहरूमा गएर आफ्ना कुराहरू राख्न सक्ने हुँदै गएका छन् । अहिलेको समयमा चिडिमार जातिका महिलाहरूको घरभित्र र बाहिरका भूमिकाहरूमा पनि वृद्धि हुँदै आएको पाइन्छ ।

धेरै लामो समयदेखि घरेलु हिम्सा सहन बाध्य भएका चिडिमार जातिका महिलाहरूमा अहिले एकाएक चेतनाको विकास हुँदै गएपछि यस जातिका लोग्ने मानिसहरूमा पनि उनीहरूलाई गर्ने व्यवहारमा परिवर्तन आएको पाइन्छ । अहिले कुनै महत्वपूर्ण कामहरू गर्नुपर्दा चिडिमार जातिका लोग्ने मानिसहरूले महिलाहरूसँग सरसल्लाह गरेर मात्र निर्णय लिने गर्दछन् । उनीहरूका व्यवहारमा पनि क्रमिक रूपमा परिवर्तन आएपछि यस जातिप्रति गरिने छुवाछूतको व्यवहारमा पनि कमी आएको छ

(चिडिमार(सुरेश), २० फाल्गुण २०७०) । अहिले चिडिमार जातिका मानिसहरूले अन्य तराईका दलित समुदायका खटिक, चमार जस्ता जातिका मानिसहरूसँग गर्ने छुवाछूतको व्यवहारमा पनि कमी गर्न थालेका छन् । यसभन्दा अगाडि चिडिमार जातिका मानिसहरूले अन्य तराई दलित समुदायका मानिसहरूलाई छुवाछूतको व्यवहार गर्दै आएका थिए ।

वर्तमान समयमा राज्यका सेवा सुविधाको उपयोग गर्ने, गाउँ विकास समिति तथा नगरपालिकाहरूमा गएर सेवा सुविधा लिने तथा आफ्ना समस्या राख्ने, राजनीतिका बारेमा बुझ्ने प्रयास गर्ने, भोट हाल्ने विषयमा पनि चासो राख्ने, नागरिकताको प्रमाणपत्र लिने, सरकारको दायित्व र आफ्नो कर्तव्यका विषयमा जिज्ञासा राख्नेजस्ता कार्यहरू गर्ने हुँदा चिडिमार जातिका मानिसहरूका व्यवहारमा पनि निकै परिवर्तन आएको छ (चिडिमार(राजेन्द्र), २५ फाल्गुण २०७०) । यस्ता परिवर्तनले चिडिमार जातिका मानिसलाई जिज्ञासु बनाउँदै लगेको देखिन्छ । तथापि यो एउटा परिवर्तनको सङ्केत मात्र भएको बुझिन्छ ।

## ५.३ चिडिमार जातिको शैक्षिक अवस्था

शिक्षा मानिसका लागि अति आवश्यक बस्तु हो । एक अर्थमा शिक्षा भन्नु नै इलम वा सीप सिक्नु हो । जसले शिक्षा आर्जन गर्दछ त्यसले आफूले चाहेको विषयमा ज्ञान प्राप्त गर्दछ । जसले शिक्षा आर्जन गरेर आफूमा सीपको विकास गर्दछ त्यसैले रोजगारी पाउँदछ । रोजगार प्राप्त मानिसमा के खाउँ र के लाउँको समस्या कहिल्यै पनि रहँदैन (रिमाल, २०६७ वि.सं., पृ. ८२) । शिक्षाले नै मानिसलाई सभ्य र सुसंस्कृत तुल्याउँदछ ।

नेपालमा पिछडिएका, अल्पसङ्ख्यक अवस्थामा रहेका, सिमान्तकृत, राउटे, चेपाङ्ग, कुसुण्डा जस्ता अति पिछडिएका जातजातिहरू, जसले आफ्ना बालबलिकाहरूलाई विद्यालय पठाउनै नचाहने भएका कारण नेपालको साक्षरताको प्रतिशत न्यून रहँदै आएको पाइन्छ । त्यस्ता पिछडिएका दलित समुदायमा पर्ने जातजातिहरूमध्ये चिडिमार पनि एक हो । बाँके जिल्लाजस्तो सुगम ठाउँमा बसोबास गर्ने भए पनि चिडिमार जातिमा शिक्षाको प्रभाव तथा शैक्षिक चेतनाको स्तर अत्यन्त कमजोर अवस्थामा रहँदै आएको छ (सिग्देल, २०६८ वि.सं., पृ. १०५) । हरेक वर्ग जातजाति र समुदायका मानिसहरूको चेतनाको स्तर वृद्धिको मूल आधार शिक्षा भएको र जुन समुदायका मानिसहरूमा शिक्षाको विकास हुन सकेको छैन, उनीहरू समाजमा स्वतः पछाडि परेको पाइन्छ ।

शैक्षिक चेतनाको विकासले गति लिइसकेकोले शिक्षित मानिसहरूको बसोबास भएको स्थलको नजिक तथा मध्य र सुदूर-पश्चिमकै व्यापारिक केन्द्र मानिदै आएको नेपालगन्ज उप-महानगरपालिकाभित्रकै यातायातको हिसावले समेत निकै सुगम मानिएको वार्ड नं. १६ को बेलासपुर क्षेत्रमा प्रमुख बसोबास स्थल बनाएका यस चिडिमार जातिका मानिसहरूका विभिन्न क्रियाकलापहरूमा समेत जसरी अन्य जातजातिका मानिसहरूको प्रभाव पर्न सकेको पाइदैन त्यसै गरी शैक्षिक क्षेत्रमा पनि यथोचित सुधार हुन सकिरहेको देखिंदैन (स्थलगत अध्ययन, १० देखि ३० फाल्गुण २०७०) । त्यस अर्थमा शैक्षिक विकासका क्षेत्रमा चिडिमार जातिका मानिसहरू निकै पछाडि परिरहेको आवस्था देखिन्छ । परम्परागत व्यवसायको अभावका कारण आम्दानिका स्रोतहरू पनि न्यून भएका तथा त्यसलाई परिचालन र व्यवस्थापन गर्ने सीप र ज्ञानको अभावका कारण यस जातिको शैक्षिक स्तर पनि माथि उठ्न सकेको पाइदैन । बालबालिकाहरूलाई स्कुल पठाउनु पर्दछ, शिक्षा प्राप्त गर्नु उनीहरूको नैसर्गिक अधिकार हो, शिक्षाले मानिसको चौतर्फि विकासको ढोका खोल्दछ भन्ने कुरा चिडिमार जातिका मानिसहरूलाई जानकारी नै छैन (खड्का, २७ फाल्गुण २०७०) । यसतर्फ उनीहरूको ध्यान र चासो बढ्न सकिरहेको पाइदैन ।

शैक्षिक चेतनाको अभावका कारण चिडिमार जातिका मानिसहरूमा बालविवाह गर्ने परम्परा यथावत रहेको पाइन्छ । यस जातिमा प्रायःजसो छोरीको विवाह १२-१३ वर्षको उमेरमा नै गरिदिने प्रचलन रहेको छ (चिडिमार(गोमती), २० फाल्गुण २०७०) । उनीहरूले स्वस्फूर्त रूपमा आफ्ना बालबालिकाहरूलाई विद्यालयमा नपठाउने र विभिन्न खालका प्रभाव र दवावहरूका आधारमा पठाए पनि कुनै सानो कारणबाट स्कुल छुटाइदिने प्रचलन रहको पाइन्छ । यस जातिमा छोरीको विवाह गरिदिएमा, सामान्य दुःखविमार भएमा, घरमा स-साना भाइबहिनीहरूको हेरचाह गनुपर्ने भएमा, स्कुल पोसाक खरिद गर्नुपर्ने वा शुल्क तिर्नुपर्ने अवस्था भएमा, कापी, कलम, झोला किन्न नसक्ने अवस्था भएमा बालबालिकालाई स्कुल पठाउन नै छोडिदिने प्रचलन छ (चिडिमार(बुधइ), १६ भाद्र २०६८) । शैक्षिक चेतनाको अभावका कारण राज्यप्रति उनीहरूको अधिकार र कर्तव्यहरू के कस्ता रहेका हुन्छन् भन्ने कुराको जानकारी नै रहेको पाइदैन । राज्यबाट एउटा नागरिकको हैसियतले पाउने सुविधाहरू चिडिमार जातिका मानिसहरूले उपभोग गर्न जानेको पाइदैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु राज्यका हरेक नागरिकको जन्मसिद्ध अधिकार हो भन्ने कुरा चिडिमार जातिका मानिसहरूले अहिलेसम्म पनि बुझ्न सकिरहेका छैनन् ।

बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर, शमशेरगन्ज गा.वि.स.को वार्ड नं. ७ हवल्दारपुर, वार्ड नं. ६ को चौधरीया गाउँ तथा वार्ड नं. ५ को प्रेमपुर र शंकरपुर जस्ता

चिडिमार जातिका बस्तीहरूमा गरिएको स्थलगत अध्ययनका क्रममा एक जना पनि स्नातक तह पास गरेका चिडिमार जातिका मानिसहरू भेटिएनन् । स्नातक तहमा अध्ययनरत भने २ जना रहेको पाइएको छ । यसरी शैक्षिक क्षेत्रमा कमजोर अवस्था रहेको चिडिमार बस्तीमा केही गैरसरकारी संस्थाहरू प्लान नेपाल र सेतो गुराँसले विगत ८-१० वर्षदेखि बेलासपुरमा स्थापित बहेलिया बालविकास केन्द्र र बाटिका बाल विकास केन्द्रलाई विभिन्न किसिमको नगद र जिन्सि सहयोग गर्दै आएकोमा वि.सं.२०६५ सालको कार्तिक महिनादेखि ती दुईवटै पूर्वप्रथमिक विद्यालयहरू जिल्ला शिक्षा कार्यालय बाँकेले जिम्मा लिएको छ (भण्डारी, २७ फाल्गुण २०७०) । तथापि प्लान नेपालले अझैपनि बेलाबखत ती शैक्षिक संस्थाका अतिरिक्त चिडिमार बस्तीका नजिकमा रहेका अन्य विद्यालयहरूलाई समेत चिडिमार जातिका बालबालिकाहरूलाई पढाइमा प्रोत्साहन गर्ने उद्देश्यले आर्थिक र अन्य सहयोग गर्दै आएको पाइन्छ । वर्तमान समयमा बहेलिया बालविकास केन्द्रमा जम्मा २३ जना र बाटिका बाल विकास केन्द्रमा २२ जना बालबालिकाहरू अध्ययन गरिरहेका छन् । त्यसमा पनि बहेलिया बाल विकास केन्द्रमा रहेका २३ जना बालबालिकाहरूमध्ये १२ जना र बाटिका बाल विकास केन्द्रमा रहेका २२ जना बालबालिकाहरूमध्ये ९ जना मात्र चिडिमार जातिका रहेका छन् (श्री वागेश्वरी नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, २७ फाल्गुण २०७०) । ती विद्यालयहरूमा भर्ना गरिएका बालबालिकाहरू दुईवर्षजति त्यहाँ अध्ययन गरेपछि त्यसको नजिकै रहेको श्री बागेश्वरी नेपाल राष्ट्रिय प्रा. वि.मा भर्ना हुने गरेको पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिमा बालबालिकाहरूलाई विद्यालयमा पढाउनु पर्दछ भन्ने भावना बढ्दै गएको पाइन्छ । यस जातिका मानिसहरूको सबैभन्दा बढी सङ्ख्या रहेको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरमा नै पूर्वप्राथमिक विद्यालयहरू बाटिका बालविकास केन्द्र र बहेलिया बालविकास केन्द्रहरू खोलेर सञ्चालन गर्दै आएका छन् । त्यस ठाउँमा श्री बागेश्वरी नेपाल राष्ट्रिय प्राथमिक विद्यालय नामको एक प्राथमिक विद्यालय पनि रहेको छ । त्यस विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाहरूले नै नयाँ शैक्षिकशत्र सुरु हुने समयमा चिडिमार जातिको बस्तीमा घरदैलो कार्यक्रम गरी धेरैभन्दा धेरै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने अभियान चलाउँदै आएका छन् (शर्मा(प्रतिमा) २७ फाल्गुण २०७०) । यसले गर्दा पनि चिडिमार जातिका बालबालिकाहरू विद्यालयमा भर्ना हुन जानेको सङ्ख्या बढ्दै रहेको पाइन्छ

केही वर्षको अन्तरालमा चिडिमार समाजमा बालबालिकाहरूलाई विद्यालय पठाउनु पर्दछ भन्ने भावनाको विकास हुँदै गएको पाइन्छ । वि.सं.२०६७ साल र वि.सं.२०७१ सालमा बाँके जिल्लाको

बेलासपुरमा रहेको श्री वागेश्वरी राष्ट्रिय प्राथमिक विद्यालयमा गरिएको चिडिमार जातिका स्कुल जाने बालबालिकाको पाँच वर्षको तुलनात्मक अवस्था यस्तो रहेको पाइएको छ :

**तालिका नं. ५ : पाँच वर्षको अन्तरालमा विद्यालय जाने चिडिमार बालबालिकाको सङ्ख्यामा यसरी वृद्धि भएको पाइयो ।**

| क्र.सं. | कक्षा | मिति | कुलविद्यार्थी सङ्ख्या | चिडिमारको सङ्ख्या | ीमति | विद्यार्थी सङ्ख्या | चिडिमारको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १. | तीन | वि.सं.२०६७ | ३४ | १४ | वि.सं.२०७१ | ३९ | २६ |
| २. | चार | वि.सं.२०६७ | २७ | १० | वि.सं.२०७१ | ३१ | २२ |
| ३. | पाँच | वि.सं.२०६७ | २२ | ८ | वि.सं.२०७१ | २४ | १७ |
| ४. | - | - | जम्मा ८३ | जम्मा ३२ | - | जम्मा ९४ | जम्मा ६५ |

स्रोत : वागेश्वरी राष्ट्रिय प्रथमिक विद्यालयका कागजातबाट उतार गरिएको

उपयुक्त तालिकाले वि.सं.२०६७ सालमा चिडिमार जातिका विद्यार्थीको सङ्ख्या कक्ष ३, ४ र ५ मा गरी कुल ३२ रहेकोमा त्यसको पाँच वर्षको अन्तरालमा त्यो सङ्ख्या बढेर ६५ पुगेका आधारमा यस जातिमा शिक्षाप्रतिको आकर्षण बढ्दै गएको प्रमाणित हुन्छ ।

सरकारी र गैरसरकारी निकायहरूले समेत देशभरका बालबालिकाहरूमा निरक्षरता उन्मूलन गर्ने उद्देश्यले अभियान नै सञ्चालन गरे तापनि चिडिमार जातिमा यसको खासै प्रभाव पर्न सकेको पाइदैन । चिडिमार जातिका पढ्ने उमेरका बालबालिकाहरूमध्ये प्रारम्भमा ८० प्रतिशतजति विद्यालयमा भर्ना हुने गरेको भए पनि कक्षा ८ सम्म पुग्दा भर्ना भएकामध्ये ८० प्रतिशतले विद्यालय छोडिसक्ने र कक्षा १० सम्म पुग्दा ९० प्रतिशतले नै विद्यालय छोडिसकेका हुन्छन् (शर्मा(प्रमिला), २७ फाल्गुण २०७०) । त्यस्तो बीचैमा पढाई छोड्ने, कमैले मात्र एस.एल.सी. पास गर्ने र गरे पनि उच्च शिक्षा अध्ययनमा ध्यान नदिने जस्ता कारणहरूले गर्दा यस जातिमा शिक्षाको अवस्था निकै कमजोर रहेको पाइन्छ । शैक्षिक क्षेत्रमा पछाडि परेकै कारण चिडिमार जातिका मानिसहरू स्वास्थ्य, सरसफाई, पिउने पानीप्रतिको सचेतता, संञ्चार, कानुन, न्यायप्रणालि, प्रशासन, राज्यप्रतिको दायित्व र अधिकार जस्ता विषयबस्तुहरूका बारेमा स्वतः पछाडि पर्ने, कम विज्ञ हुने गरेको पाइन्छ । पढ्नु पर्दछ, साक्षर हुनु हाम्रो अधिकार हो, शिक्षाले मानिसलाई सरल तरिकाले जीवन जीउँन सिकाउँदछ भन्ने कुरा चिडिमार जातिका मानिसहरूलाई जानकारी नै भएको पाइदैन । यसरी शिक्षाको महत्व बुझ्न नसक्दा पनि चिडिमार जातिका मानिसहरू विभिन्न क्षेत्रमा स्वतः पछाडि पर्ने अवस्था रहेको पाइएको छ ।

वर्तमान समयमा शैक्षिक क्षेत्रमा पिछडिएका चिडिमार जातिका बस्तीहरूमा अनौपचारिक शिक्षा, स्कुल जान नपाएका किशोरकिशोरीका लागि शिक्षा, प्रौढ शिक्षा, अतिरिक्त निर्धन बचत कार्यक्रम, अधिकार सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् (पौडेल, २७ फाल्गुण २०७०) । त्यस्ता कार्यक्रमहरू सरकारी र गैरसरकारी क्षेत्रबाट सञ्चालन हुँदै आइरहेका पाइन्छन् । तर विभिन्न व्यक्ति, सरकारी र गैरसरकारी संघसंस्थाहरूको प्रयास रहँदारहँदै पनि चिडिमार जातिका मानिसहरूमा अपेक्षाकृत रूपमा शिक्षाको प्रभाव पर्न सकिरहेको पाइदैन । यसको प्रमुख कारण भनेको चिडिमार जातिका मानिसहरूको शिक्षाप्रति रूची बढ्न नसक्नु  रहेको पाइन्छ ।

वर्तमान समयमा पनि चिडिमार जातिका मानिसहरू शैक्षिक क्षेत्रमा पछाडि पर्नाका प्रमुख कारणहरू शिक्षा आर्जनप्रति वेवास्था, लापरवाही र हेलचेक्रयाई गर्नु, भाषागत समस्या रहनु, सानै उमेरमा विवाह गरिदिने परम्परा कायमै रहनु, आर्थिक अवस्था कमजोर हुनु आदि हुन् (चिडिमार (महाबल), १६ आश्विन २०७०) । यस्तो हुँदाहुँदै पनि चिडिमार जातिमा छोरालाई स्कुल पठाउने र छोरीलाई नपठाउने जस्तो भेदभावपूर्ण व्यवहार भने कायम रहेको पाइदैन । बालबालिकालाई स्कुल पठाउने गरिएको परिवारमा छोरा वा छोरी दुवैलाई पठाउँने र नपठाउँने गरिएको परिवारमा छोरा वा छोरी दुवैलाई नपठाउँने गरिएको पाइन्छ ।

### ५.३ १ **शैक्षिक क्षेत्रमा आएको परिवर्तन**

शिक्षा मानिसका लागि अनिवार्य आवश्य बस्तु हो । शिक्षा र चेतनाकै कारण मानिस अन्य प्राणीभन्दा भिन्न भएको र संस्कृतिकै कारण मानिसको पहिचान सम्भव भएको हो भन्ने जानकारी नभएका चिडिमार जातिका मानिसहरूमा वर्तमान समयमा बिस्तारै शिक्षाको क्षेत्रमा आकर्षण बढ्दै जान थालेको पाइन्छ । शिक्षाको प्रभाव ग्रामीण क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूमा भन्दा सहरी क्षेत्रमा बसोबास गर्नेहरूमा बढी परेको पाइन्छ । अशिक्षा र गरिवीले जगडिएको चिडिमार समाजमा शैक्षिक चेतना ल्याउने उद्देश्यले प्लान नेपाल, सेतो गुराँस जस्ता गैरसरकारी संघसंस्थाहरूले प्रत्येक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउदै आएका कारण वर्तमान समयमा चिडिमार जातिका मानिसहरूले शिक्षाको महत्व र आवश्यकता बारे चासो राख्ने गरेको पाइन्छ । बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरमा चिडिमार जातिका बालबलिकाहरूलाई लक्षित गरी सञ्चालन भइरहेका बहेलिया बालविकास केन्द्र र बाटिका बालविकास केन्द्रले त्यहाँका चिडिमार जातिका मानिसहरूलाई नै शिक्षाको महत्व बारे जानकारी दिने गरेका कारण पनि उनीहरूमा

त्यसप्रति जिज्ञासा बढ्दै गएको छ (शर्मा(प्रतिमा), २७ फाल्गुण २०७०) । ती शैक्षिक केन्द्रहरूभन्दा बाहेक चिडिमार बस्तीको नजिकमा रहेका अन्य विद्यालयहरूका कारण पनि यस जातिमा शिक्षाको प्रभाव पर्ने गरेको पाइन्छ । बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरमा रहेको श्री बागेश्वरी नेपाल राष्ट्रिय प्रा.वि.मा रहेका कुल ३३५ विद्यार्थीहरूमध्ये ८० प्रतिशतभन्दा बढी चिडिमार जातिका बालबालिकाहरू रहेका छन् (शर्मा(पुष्पा), २७ फाल्गुण २०७०) । यस्ता स्रोतहरूले चिडिमार जातिका मानिसहरूको शैक्षिक क्षेत्रमा पनि  परिवर्तनहरूका सङ्केतहरू देखिएका छन् ।

बाह्य कामकाजमा कमै मात्र भाग लिने चिडिमार जातिका महिलाहरू अहिले विभिन्न सरकारी र गैरसरकारी संघसस्थाहरूले सञ्चालन गर्दै आएका प्रौढ शिक्षाका कक्षाहरूमा सहभागी हुने गरेको पाइन्छ । यसले उनीहरूको जनचेतनाको स्तरमा पनि परिवर्तन ल्याइदिएको छ । वर्तमान समयमा चिडिमार जातिका महिलाहरू अपरिचित मानिसहरूसँग पनि विना हिचकिचाहट बोल्न सक्ने भएका छन् । यस समाजमा अहिले छोरी र छोरा दुवैलाई विना भेदभाव विद्यालाय पठाउने प्रचलन बढ्दै गएको छ । केही समय यता अझ चिडिमार समाजमा छोरा १२-१३ वर्षको उमेर पुगेपछि बजारमा काम खोज्न जाने र विद्यालय जान छोडिदिने क्रम बढे पनि छोरीहरू भने नौ-दश कक्षासम्म पढ्न जाने गरेकाले चिडिमार समाजमा छात्रको तुलनामा विद्यालय जाने छात्राहरूको सङ्ख्या बढी रहेको पाइएको छ । विगत लामो समयदेखि चिडिमार समाजमा बालविवाह निरन्तर रूपमा कायम रहँदै आएको पाइएकोमा अहिले आएर शिक्षाकै प्रभाव स्वरूप बालविवहमा पनि केही कमी आएको पाइन्छ । त्यसमा स्वयम् विद्यालयमा अध्ययन गरिरहेका चिडिमार जातिका बालिकाहरूले आफ्ना अभिभावकहरूलाई सम्झाउने गरेको पाइन्छ ।

## ५.४ निष्कर्ष

सभ्यताको आदिमकालदेखि नै मानिसले सिकारलाई जीवन निर्वाहको एउटा आधार बनाउँदै आएका थिए । नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गतको बाँके जिल्लामा बस्दै आएका चिडिमार जातिका मानिसहरूले त्यही प्राचीन चरा मार्ने पेसा अँगाल्दै आएका थिए । चिडिमार जातिका मानिसहरू भारतबाट विस्तारित हुँदै पश्चिम नेपालको बाँके जिल्लासम्म फैलिएका थिए । राणाकालमा ती चरा शिकारीहरूले सरकारी कर्मचारीमार्फत राणा प्रधानमन्त्री जङ्गबहादुरदेखि अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेरसम्मका मानिसहरूलाई चराको शिकार पुऱ्याउँदै आएको पाइएको छ ।

तराई दलितका रुपमा रहेका चिडिमार जातिका मानिसहरू एकल र वृहत गरी दुवै प्रकारका परिवारमा बस्ने गरे पनि वर्तमानमा उनीहरू एकल परिवारतर्फ आकर्षित हुँदै गएको पाइएको छ । यस समाजमा महिलाको अवस्था पुरुषको समान देखिए पनि त्यो समाज पुरुषप्रधान भएका कारण महिलाहरू सामाजिक रुपले पछाडि परेका छन् । यो समाज सामाजिक, शैक्षिक, स्वास्थ्य आदिका आधारमा पनि निकै पिछाडिएको छ । गरिविका कारण चिडिमार जातिका बालबालिकाहरूको शैक्षिक स्तर माथि उठ्न सकेको छैन । यस समाजमा बालविवाह जस्ता कुरीतिहरू कायमै छन् । यस जातिका मानिसहरूको कमजोर पहुँचका कारण सरकारी सेवासुविधाबाट बन्चित रहँदै आएको पाइएको छ । यतिसम्म कि अहिलेको २१ औं शताब्दीमा पनि उनीहरू न्याय माग्न पञ्चायतमा जाने गर्दछन् ।

चिडिमार जातिका मानिसहरूको स्वभाव सामुहिक भावना स्वरुपको रहेको हुन्छ । यस समाजमा आफ्नै किसिमका मूल्य र मान्यताहरू कायम रहेका हुन्छन् । यस जातिका मानिसहरूको समाजका अन्य मानिसहरूसँग पनि राम्रो सम्बन्ध कायम रहेको हुन्छ । यी चिडिमारहरू नेपालको तराईका दलित समुदायका मानिसहरू भएका कारण उनीहरू विभिन्न किसिमका सामाजिक विभेदबाट पीडित छन् । छुवाछूतलगायतका विभेदका कारण यस जातिका मानिसहरू समाजमा निकै पछाडि परेको पाइएको छ । यस्तो हुँदाहुँदै पनि वर्तमान समयमा शिक्षा र जनचेतनाको विकास हुँदै जाँदा चिडिमार जातिका मानिसहरू सामाजिक, शैक्षिक क्षेत्रमा परिवर्तित हुँदै आएका छन् । यस जातिमा आधुनिकीकरणको प्रभाव पनि पर्दै आएको छ । यसले गर्दा अन्य समुदायका मानिसहरूसँग चिडिमार जातिका मानिसहरूको सहकार्य बढ्दै गएको देखिन्छ । यो समाजमा महिलाप्रति गरिने व्यवहारमा निकै सुधार आएपनि सामाजिक, शैक्षिक अवस्थामा पछाडि रहेका कारण उनीहरू अझै पनि सिमान्तकृत अवस्थामा नै रहँन बाध्यछन् ।